# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषय परिचय

२०५४ सालदेखि औपचारिक रुपमा प्रकाशित हुँदै आएको 'हिमाली गुराँस' पत्रिकाले लगभग डेढ दशक लामो समयावधि पार गरिसकेको छ । काठमाडौं जिल्ला प्रशासन कार्यालय १४१/०५४/०५५मा दर्ता भई प्रकाशनको आरम्भ गरेको हिमाली गुराँस' पत्रिका हालसम्म निरन्तर रुपमा प्रकाशित हुँदै आएको छ । २०५४ साल भदौ महिनादेखि खिमानन्द पोखरेलको सम्पादनमा साहित्यिक र साहित्येतर दुबै सामग्रीलाई समावेश गर्दै आएको 'हिमाली गुराँस' पत्रिका हालसम्म पनि खिमानन्द पोखरेल कै सम्पादनमा प्रकाशित भइरहेको छ । मासिक पत्रिकाको रुपमा प्रकाशित यस पत्रिकाले हालसम्म विभिन्न आरोह अवरोह  पार गर्दै अगाडि बढेको छ । साहित्यिक पत्रिकाका रुपमा प्रकाशित यस 'हिमाली गुराँस' पत्रिकाकामा कथा, कविता,गीत, गजल, निवन्ध, नाटक, समालोचना, संस्मरण तथा अन्य साहित्येतर रचनाहरु पनि प्रकाशित हुँर्दै आएका छन् । साहित्यका क्षेत्रमा समर्पित 'हिमाली गुराँस' पत्रिकाकाले चर्चित तथा नवोदित प्रतिभाहरुलाई स्थान दिदै आएको छ । साहित्यको विकासमा निरन्तर अगाडि बढेको यस पत्रिकाको बारेका अहिलेसम्म पनि कहीँ कतैबाट विशेष रुपमा चर्चा भएको पाइँदैन । त्यसैले हाल सम्म प्रकाशित अङ्कहरुको अध्ययन गरी यसले नेपाली भाषा र साहित्यका क्षेत्रमा पुर्‍याएको योगदानको बारेमा चर्चा गर्नु आवश्यक देखिन्छ । त्यसैले यसमा समाविष्ट विभिन्न विधाहरुको चर्चा गरी यसले साहित्यका क्षेत्रमा पुर्‍याएको योगदानको निर्धारण गर्ने यस शोधकार्यको विषय रहेको छ ।

## १.२ समस्या कथन

डेढ दशक लामो समयदेखि नेपाली भाषा र साहित्यको विकासमा योगदान पुर्‍याउदै आएको 'हिमाली गुराँस' पत्रिका हालसम्ममा ३८ अङ्कसम्म प्रकाशित भई सकेको छ । नेपाली भाषा र साहित्यको विकासका लागि निजी क्षेत्रबाट महत्वपूर्ण सहयोग पुर्‍याउँदै आएको यस 'हिमाली गुराँस' पत्रिकाले  साहित्यका सम्पूर्ण विधाहरुलाई समेट्दै

आएको छ । नेपाली साहित्यको क्षेत्रमा स्थापित हुँदै आएका स्रष्टादेखि नवीन प्रतिभाहरुलाई पनि यस पत्रिकाले विशेष स्थान दिन सफल भएको देखिन्छ । यसरी नवोदित प्रतिभालाई स्थान दिँदै पाठक सामु पुग्न सफल 'हिमाली गुराँस' पत्रिकाका बारेमा सामान्य चर्चा बाहेक गहन रुपमा अध्ययन भएको पाइँदैन । अतः 'हिमाली गुराँस' पत्रिकाको बारेमा निम्न समस्याहरु रहने छन् ।

क) 'हिमाली गुराँस' पत्रिकाकामा प्रकाशित साहित्यिक रचनाहरुको विधागत वर्गीकरण के कसरी गर्न सकिन्छ ?

ख) 'हिमाली गुराँस' पत्रिकामा प्रकाशित मुख्य मुख्य रचनाहरुको विश्लेषण तथा मुल्याङ्कन के कसरी गर्न सकिन्छ ?

ग) नेपाली साहित्यमा 'हिमाली गुराँस' पत्रिकाको योगदान के कस्तो. रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

आफ्नो स्थापना कालदेखि मासिक रुपमा प्रकाशित हुँदै आएको 'हिमाली गुराँस' पत्रिका २५औं अङ्कदेखि द्विमासिक रुपमा प्रकाशित हुदै आएको देखिन्छ । हालसम्म निरन्तर रुपमा प्रकाशित हुँदै आएको यस 'हिमाली गुराँस' पत्रिकाको योगदानको बारेमा कुनै व्याख्या विश्लेषण नभएकोले यस पत्रिकाको बारेमा शोध कार्य गर्नु आवश्यक देखिन्छ । त्यसैले 'हिमाली गुराँस'को योगदानको बारेमा शोध गर्ने क्रममा यस शोधकार्यका उद्देश्यहरु निम्न रहेका छन् ।

क) 'हिमाली गुराँस' पत्रिकाकामा प्रकाशित साहित्यिक रचनाहरुको विधागत रुपमा वर्गीकरण गर्नु ,

ख) 'हिमाली गुराँस' पत्रिकामा प्रकाशित मुख्य मुख्य रचनाको विश्लेषण तथा मुल्याङ्कन गर्नु र

ग) नेपाली साहित्यमा 'हिमाली गुराँस' पत्रिकाको योगदानको निरुपण गर्नु

## १.४ पूर्व कार्यको समीक्षा

नेपाली साहित्यका विविध विधालाई समेट्न सफल 'हिमाली गुराँस' पत्रिकाले साहित्यको क्षेत्रमा  नवीन तथा स्थापित स्रष्टालाई स्थान दिँदै आएको छ । साहित्यका सेवामा समर्पित यस पत्रिकाका बारेमा विस्तृत अध्ययन भएको पाइदैन । तापनि केही साहित्यिक व्यक्तित्व तथा साहित्यप्रेमी पाठकहरुले भने यस पत्रिकाको बारेमा केही लेख तथा प्रतिक्रियाहरु दिएका छन् । तिनै लेख तथा प्रतिक्रियालाई आधार मानेर पूर्वकार्यको समीक्षा गर्नुपर्ने देखिन्छ । यी विषयहरुलाई आधार मान्दा  'हिमाली गुराँस' पत्रिकाको बारेमा गरिएका चर्चाहरु निम्न देखिन्छन् ।

टीकाराम पन्थी (वर्ष ११ पूर्णाङ्क २२, २०६५)ले  'हिमाली गुराँस नहोउ निरास' भन्ने शीर्षकमा यस पत्रिकाका बारेमा सामान्य जानकारी दिएका छन् ।  'हिमाली गुराँस' पत्रिकालाई उत्कृष्ट साहित्यिक लेख रचनाहरु निरन्तर प्रकाशित गर्न सल्लाह सुझाव दिएका छन् ।

शीतल अधिकारी (वर्ष १३ पूर्णाङ्क २७,२०६६-६७) ले 'हिमाली गुराँस' पढेपछि आफ्नो मनमा लागेका कुराहरु प्रतिक्रिया स्वरुप यसरी दिएका छन् - 'हिमाली गुराँस'ले स्रष्टाहरुलाई सम्मान गरी स्रष्टाबाट सिर्जिएका सामग्रीहरु छापिदिएको छ ।

रुद्र प्रसाद श्रेष्ठ (वर्ष २ पूर्णाङ्क ५, २०५६) ले हिमाली भन्ने शव्द राखी पत्रिका निकाल्नु नै आफ्ने देशलाई माया गरेजस्तो लाग्यो त्यही भएर पनि मलाई यो पत्रिका अत्यन्तै मन पर्छ भनेर लेखेका छन् ।

इन्द्र प्रसाद पोखरेल (वर्ष २ पूर्णाङ्क ४, २०५६) ले खोजमूलक विषयवस्तुले भरिएको आस्था र कोशेलीको तारिफ गर्दै सफलताको कामना गर्दछु भन्दै 'हिमाली गुराँस'को प्रशंसा गरेका छन् ।

जीवन कर्मयोगी (वर्ष १२ पूर्णाङ्क २६, २०६६) ले पत्रिकालाई स्तरीय बनाउँदै लैजानु भएको देख्न पाएँ खुशी लाग्यो । अबका दिनमा पनि पाठकको इच्छा बमोजिम काम गर्नुहोस । यस भित्र अरु स्तरीय लेखक, कवि, कथाकार, गजलकारका सामग्रीहरुलाई समावेश गर्नपट्टि ध्यान अवश्य जानेछ भन्दै सल्लाह सुझाव सहित आफ्ना जिज्ञासाहरु व्यक्त गरेका छन् ।

खिमानन्द पोखरेल (वर्ष २ पूर्णाङ्क ४, २०५६)ले 'हिमाली गुराँस' मासिक पत्रिका हिमाल जस्तै अटल छ साथै स्वच्छ निर्मल र हराभरा पनि छ । यसपत्रिकाले कहिले पनि आफ्नो स्तर खस्काएर बाँच्न चाहँदैन । यसले साहित्यप्रेमीहरुका लागि केही हदसम्म आफ्नो भावनालाई एकछिन भएपनि ध्यान केन्द्रित बनाउन सक्छ भनेका छन् ।

यसरी माथि उल्लेख गरिएका विचारलई हेर्दा 'हिमाली गुराँस' पत्रिकाको साहित्यिक गतिविधिको बारेमा सामान्य चर्चा मात्र भएको पाइन्छ । यस पत्रिकाले साहित्यका क्षेत्रमा गरेको योगदानका बारेमा चर्चा भएको पाइदैन ।

## १.५ अध्ययनको औचित्य

कुनै पनि साहित्यिक पत्रिकाका बारेमा खोज अन्वेषण विश्लेषण तथा मूल्याङ्कन गरिनु नितान्त आवश्यक कुरा हो । 'हिमाली गुराँस' पत्रिकाले पनि नेपाली साहित्यलाई विकसित तुल्याउन उल्लेखनीय भूमिका निर्वाह गरेको पाइन्छ । यति हुँदा हुँदै पनि 'हिमाली गुराँस' पत्रिकाले साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा अध्ययन गर्ने तर्फ कमै ध्यान केन्द्रित भएको पाइन्छ । यही अध्ययनको अभावलाई पूरा गर्ने लक्ष्यतर्फ लक्षित प्रस्तुत शोधकार्यको औचित्य स्वतः पुष्टि हुन्छ । साथै यस पत्रिकाका बारेमा जान्न चाहने पाठक वर्गका लागि यो शोधकार्य उपयोगी र महत्वपूर्ण रहेको छ ।

## १.६ अध्ययनको सीमा

प्रकाशनको थालनीदेखि हालसम्म डेढ दशक पार गरिसकेको यस 'हिमाली गुराँस' पत्रिकामा हालसम्म जम्मा ३८ अङ्कहरु प्रकाशित भएका छन् । लगातार ३८ औं अङ्कसम्म

जाँदा अहिलेसम्म प्रकाशित भएका अङ्कहरु मध्य अङ्क २ र ९ संकलनमा आउन नसकेकोले ती अङ्कहरु छुट्न गएका छन् । 'हिमाली गुराँस' पत्रिकामा साहित्यिक तथा साहित्येतर दुवै लेख रचनाहरु प्रकाशित भएका छन् । ती सवै लेख रचनाहरुको विश्लेषण तथा मूल्याङ्कन गर्नु कठिन देखिन्छ । त्यसैले साहित्येतर रचनाहरुलाई छोडेर साहित्यिक विधातर्फका प्रतिनिधि रचनाहरुको छनोट गरी तिनको मात्र विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

### १.७.१ सामग्री संकलन

प्रस्तुत शोधपत्र 'हिमाली गुराँस' पत्रिकाले नेपाली साहित्यमा दिएको योगदानको अध्ययन भएकोले प्राथमिक सामग्रीको रुपमा सम्वद्ध पत्रिकालाई नै लिइएको छ । यसका लागि पुस्तकालयीय विधि अन्तर्गत सामग्री संकलन गरिएको छ । साथै 'हिमाली गुराँस'का सम्पादक खिमानन्द पोखरेलसँग प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्ताका माध्यमबाट पनि सामग्री संकलन गरिएको छ ।

### १.७.२ विश्लेषणको सैद्धान्तिक आधार

'हिमाली गुराँस' पत्रिकामा गद्य विधा अन्तर्गत कथा, निवन्ध, समालोचना, नाटक, संस्मरणहरु प्रकाशित छन भने पद्य विधा अन्तर्गत कविता, गजल, गीत, मुक्तक, हाइकुहरु प्रकाशित गरिएका छन । यी विभिन्न विधाहरुलाई प्रचलित विधाका सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गरिएको छ । यसमा वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक अध्ययन विधि अपनाइएको छ ।

## १.८ शोधपत्रको ढाँचा

प्रस्तुत शोधपत्रको संरचनालाई संगठित तथा व्यवस्थित रुपमा प्रस्तुत गर्नको लागि निम्न लिखित ५ परिच्छेदमा वर्गीकरण गरिएको छ ।

परिच्छेद-१ शोधपत्रको परिचय

परिच्छेद-२ प्रकाशित रचनाको विवरण र वर्गीकरण

परिच्छेद-३ 'हिमाली गुराँस' मा प्रकाशित पद्य रचनाहरुको विश्लेषण

परिच्छेद-४ 'हिमाली गुराँस' मा प्रकाशित गद्य रचनाहरुको विश्लेषण

परिच्छेद-५ उपसंहार तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# 'हिमाली गुराँस' पत्रिकामा प्रकाशित रचनाहरुको कालक्रमिक विवरण र वर्गीकरण

## २.१ 'हिमाली गुराँस' पत्रिकामा प्रकाशित रचनाहरुको कालक्रमिक विवरण

वि.सं. २०५४ देखि प्रकाशनमा आएको 'हिमाली गुराँस' मा नेपाली साहित्यका विविध विधाहरुलाई स्थान दिइएको छ । यस पत्रिकामा प्रकाशित लेख तथा रचनाहरु के कस्ता छन भन्ने स्पष्ट पार्नु यस परिच्छेदको उद्देश्य रहेको छ ।

### क) 'हिमाली गुराँस' वर्ष १ पूर्णाङ्क १

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| निर्माण | कथा | भगीरथी श्रेष्ठ |
| नागरिकता | कथा | संगीता स्वेच्छा |
| युद्धजिजीविष | कथा | अखिल थापा |
| मन दुखेको छ | कथा | गोर्वद्धन पूजा |
| दोषी को | कथा | वेद कुमारी न्यौपाने |
| सन्देश | कथा | अन्जु विष्ट |
| परिर्वतन | कथा | सोमनाथ सुवेदी |
| सरीता | कथा | पूनम अधिकारी |
| दुई मिनेट | कथा | धर्मेन्द्र भट्टराई |
| स्वप्न दोष | कथा | बाल मुकुन्द कार्की |
| यात्रक्रम जो कहिल्यै टुङ्गिदैन | निवन्ध | सानुराजा अन्जान |
| भाग्यमानी रहेछन गणेशमान सिंह | संस्मरण | गगनदीप पर्व |
| मुटु चस्किदिन्छ | समीक्षा | खिमानन्द पाखरेल |
| पाखण्ड पर्वभित्र भौंतारिएका गोविन्द | समीक्षा | महेश आँशु प्रेरणा |

| | | |
|---|---|---|
| देह व्यापारको समस्या एक चुनौती | लेख | वसन्त घिमिरे |
| अपरिचित आफन्तलाई एउटा पत्र | लेख | विनोद बानिया |
| गन्थन, कुराकानी | अन्तर्वार्ता | किसोर पहाडी |
| कुराकानी | अन्तर्वार्ता | - |
| जंगल यात्राको संस्कृति र एक्लोपन | नियात्रा | श्री ओम श्रेष्ठ 'रोदन' |

## ख) 'हिमाली गुराँस' वर्ष १ पूर्णाङ्क ३

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| अन्तर्द्वन्द | कथा | विश्वम्भर चञ्चले |
| अनुत्तरित | कथा | नवराज रिजाल |
| को ठूलो | कथा | सुदीप पोखरेल |
| खोजी | कविता | कविता गजुरेल |
| आँखाहरुमा हेर | कविता | गणेश घिमिरे |
| नदीहरु | कविता | चेतनाथ धमला |
| खुसी धैर्यता | कविता | ओमलाल अकेला |
| जिन्दगी रंगशाला | कविता | नवराज लम्साल |
| रङ्गविहिन क्यानभास | कविता | गगनदिप सर्व |
| छोरीको अनुरोध | कविता | कल्पना गोपाली |
| प्रश्नहरु, आकृतिका स्रष्टासंग | कविता | गोपी सापकोटा |
| शीर्षक बिनाको कविता | कविता | रमिला पन्त |
| अन्धो | कविता | गणेश पन्त |
| गीत | गीत | नेत्र एटम |
| कस्तो आयो जमाना | गीत | नेत्र एटम |
| तिमी आऊ | गीत | भूमिराज विष्ट |
| हामी नेपाली वीर | गीत | प्रविन पोखल |
| दुई मुक्तक | मुक्तक | उज्ज्वल जी.सी. |

| | | |
|---|---|---|
| सायद | मुक्तक | उज्ज्वल जी.सी. |
| जिन्दगी | मुक्तक | राजेश श्रेष्ठ |
| यो देशले रङ्ग फेरेछ | मुक्तक | प्रवीन वाग्ले |

## ग) 'हिमाली गुराँस' वर्ष २ पूर्णाङ्क ४

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| कर्मको फल | कथा | खिमानन्द आचार्य |
| नियती | कथा | ध्रुव शाही |
| हिड यो महाभिनिष्क्रमण | कविता | अञ्जली बज्राचार्य |
| विश्वासको दीप | कविता | हेमराज पौडेल |
| जिन्दगी यो रुप | कविता | चन्द्रमान माली |
| छातीमा भ्रमणका पहाड बोकिरहेछ | कविता | प्रमोद स्नेही |
| अमर शहीद | कविता | सुनिल श्रेष्ठ |
| मेरो देश नेपाल | कविता | रमिला श्रेष्ठ |
| मेरो देश | कविता | सुजिता माली |
| मेरो इच्छा | कविता | श्रीराम के.सी |
| मेरो सानो किताव | कविता | सन्तोष विष्ट |
| मेरो सानो गाउँ | कविता | सन्तोष तुलाधर |
| नेपाल आमाको लागि | कविता | धर्मभक्त थापा |
| समय शक्तिशाली छ | कविता | विक्रम तुलाधर |
| हाम्रो नेपाल थियो | कविता | केशव चन्द |
| डर लाग्छ | कविता | कमल न्यौपाने |
| अभिलाषा | कविता | प्रमोद टन्डन |
| गीत | गीत | श्रीपुरुष ढकाल |
| गीत | गीत | मोहन गाउँले |
| गीत | गीत | कल्पना दास |

| | | |
|---|---|---|
| दशैंको जुत्ता | निबन्ध | दिपक त्रिपाठी |
| रहर पलाएपछि | संस्मरण | अच्युत खनाल |
| रुपचन्द्र विष्टः मेरो व्यक्तिगत विचार | संस्मरण | विनोद वानिया |

## घ) 'हिमाली गुराँस' वर्ष २ पूर्णाङ्क ५

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| जरुरी कुरा | कथा | अरुण बहादुर खत्री |
| यात्री | कथा | नवराज रिजाल |
| चित्र धमिलिदै जान्छ | कथा | राजेश श्रेष्ठ |
| पुतली | कथा | खिमानन्द आचार्य |
| जीवन/रिक्तता | कविता | अजनवी तण्डुकार |
| अनुभव | कविता | चन्द्रमान माली |
| मान्छेको मृत्युपछि | कविता | ओमलाल अकेला |
| म प्रजातन्त्र बोल्छु | कविता | सुदीप पोखरेल |
| गीत | गीत | पुष्कर राज बूढाथोकी |
| गीत | गीत | मधुसुधन घिमिरे |
| गीत | गीत | कल्पनादास समय बज्राचार्य |
| गीत | गीत | यसमिया चौधरी |
| गजल | गजल | गणेश खड्का |
| गजल | गजल | राजेश्वर रेग्मी |
| गजल | गजल | उज्ज्व जी.सी. |
| गजल | गजल | दीपक समीर आचार्य |
| सबाई | अन्य | दिव्यदेव उपाध्याय |
| चुट्किला | अन्य | लक्ष्मी भण्डारी |

## ङ) 'हिमाली गुराँस' वर्ष ३ पूर्णाङ्क ६

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| रहर | कथा | भगवान चन्द ज्ञवाली |
| रुनुको नाममा | कविता | राजकुमार कुम्भज |
| जीवन | कविता | प्रमिला के.सी. |
| जिन्दगीमा गर या नगर | कविता | सन्तोष विष्ट |
| चुपचाप प्रतिक्षा गरेका क्षणहरु | कविता | शाफी मल्ल |
| आखिर किन यस्तो हुन्छ मलाई ? | कविता | गणेश खड्का |
| रित्तो संसार | कविता | रमेश खनाल |
| गजल | गजल | कृति अधिकारी |
| गजल | गजल | कृसु क्षेत्री |
| गजल | गजल | रुक्मिणी राणा |
| गजल | गजल | अमर त्यागी |
| गजल | गजल | सानु राज श्रेष्ठ |
| गीत | गीत | श्रीपुरुष ढकाल |
| गीत | गीत | कमल न्यौपाने |
| पागल साथी | नाटक | खिमानन्द आचार्य |
| मुक्तक | मुक्तक | उज्ज्वल जी.सी. |
| उत्तमकृष्ण मजगैयाँको "अपराजीता" खण्डकाव्य समीक्षात्मक टिप्पणी | समीक्षा | खिमानन्द पोखरेल |

## च) 'हिमाली गुराँस' वर्ष ३ पूर्णाङ्क ७

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| अदृष्य पर्खाल | कथा | वेद कुमारी न्यौपाने |
| समवेदना | कथा | रासा |
| जंगेलाई समाप्त | कथा | अनिल श्रेष्ठ |

| | | |
|---|---|---|
| सिको गर मानिस | कविता | विकास महर्जन |
| छोरीको व्यथा | कविता | सुजिना माली |
| गरीब | कविता | मन्दिरा तिमिल्सिना |
| बालक हामी | कविता | नितु भारती |
| यक्ष प्रश्न | कविता | सुदिपभद्र खनाल |
| आकाश विभाजित छ | कविता | गणेश राई |
| माया | कविता | रमेश तिवारी |
| गीत | गीत | श्रीपुरुष ढकाल |
| गीत | गीत | गोवद्धन पूजा |
| गीत | गीत | ओमलाल अकेला |
| गीत | गीत | गणेश खड्का |
| गजल | गजल | कृसु |
| गजल | गजल | पाण्डवराज कार्की |
| गजल | गजल | वनमान्छे |
| गजल | गजल | चंकी श्रेष्ठ |

## छ) 'हिमाली गुराँस' वर्ष ३ पूर्णाङ्क ८

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| मेरी आमा उनी | कविता | अरुणा प्रधान |
| अनि ऊ संग के छ र ? | कविता | दीपा खकुरेल |
| गजल | गजल | गण्डकी पुत्र |
| गजल | गजल | वुद्धिसागर चपागाई |
| भावनाको धुनमा | नाटक | खिमानन्द पोखरेल |

### ज) 'हिमाली गुराँस' वर्ष ४ पूर्णाङ्क १०

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| विवशतामा रुमलिएको जिन्दगी | कथा | प्रमिला के.सी. |
| हिमाल | कविता | विनयराज श्रेष्ठ |
| शुभकामना | कविता | भिम नारायण श्रेष्ठ |
| छोरी | कविता | सरीता नकर्मी |
| परिश्रम | कविता | अनिल श्रेष्ठ |
| कहाली | कविता | गणेश खड्का |
| आजको देश र विश्व | कविता | विनोद बानिया |
| गीत | गीत | राधाकृष्ण काफ्ले |
| गजल | गजल | अनिल क्षेत्री |

### झ) 'हिमाली गुराँस' वर्ष ४ पूर्णाङ्क ११

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| किन ? | कविता | प्रल्हाद पोखरेल |
| देशले अब रुनु परेन र ??? | कविता | विनोद बानिया |
| विछोडको पीडा | कविता | ओमलाल अकेला |

### ञ) 'हिमाली गुराँस' वर्ष पूर्णाङ्क १२ (नाटक विशेषाङ्क)

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| वरालिएको छोरो | नाटक | खिमानन्द पोखरेल |
| घाउ | नाटक | खिमानन्द पोखरेल |
| वियोग संयोग | नाटक | खिमानन्द पोखरेल |
| अधिकार | नाटक | खिमानन्द पोखरेल |

## ट) 'हिमाली गुराँस' वर्ष ५ पूर्णाङ्क १३ (नाटक विशेषाङ्क)

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| नोकर | नाटक | खिमानन्द पोखरेल |
| भावनाको धुनमा | नाटक | खिमानन्द पोखरेल |
| विश्वासघात | नाटक | खिमानन्द पोखरेल |
| समस्या यसरी निम्तिन्छ | नाटक | खिमानन्द पोखरेल |

## ठ) 'हिमाली गुराँस' वर्ष ७ पूर्णाङ्क १४

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| बाटो | कथा | नवराज रिजाल |
| बुधेको जीवन | कथा | विवेक वाइवा |
| प्रेमीकाको प्रेम | कविता | रामजीत प्रसाद चौहान |
| देशको परिस्थिति | कविता | जानुका थापा |
| अस्वीकृत | कविता | वासुदेव अधिकारी |
| बसाई उपन्यास नियाल्दा | समालोचना | गोविन्द प्रसाद चापागाइ |
| बारुद समय | एकाङ्की | कृष्ण शाह यात्री |

## ड) 'हिमाली गुराँस' वर्ष ८ पूर्णाङ्क १५

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| चराको स्वतन्त्रता | कथा | विश्वराज अधिकारी |
| अठोट | कथा | हरि खनाल |
| काम पाउने आशमा | कथा | विवेक वाइवा |
| लाहुरे हुँदा | कविता | इश्वरराज ढुङ्गेल |
| शान्तिको कामना | कविता | शम्भु प्रसाद भण्डारी |
| पापी हुँ पापी हुँ म | कविता | ध्रुव अधिकारी |
| दृश्यावली | कविता | रासा |

| | | |
|---|---|---|
| गीत | गीत | रमेशजङ्ग सिजापति |
| गीत | गीत | नेत्र बुढाथोकी |
| गजल | गजल | ज्ञानुवाकर पौडेल |
| गजल | गजल | इशाहाक हुसेन |
| स्वर्गमा पनि झगडा | व्यङ्ग्य | मुकुन्द आचार्य |
| मन सानो वेलाको | निवन्ध | शितलशेखर कार्की |

## ढ) 'हिमाली गुराँस' वर्ष ८ पूर्णाङ्क १६

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| बौनी बुढीया | कथा | विश्वराज अधिकारी |
| यस्तो हुन्छ किन ? | कविता | सुशिला संजेल |
| अनुरोधमाथि अवरोध | कविता | रमेश रसिक पौडेल |
| तरङ्ग तरङ्गिणी | कविता | अच्यूत खनाल |
| गजल | गजल | रोया निरौला |
| गजल | गजल | वसन्त प्रकाश उपाध्याय |
| गजल | गजल | सूर्य प्रसाद चौलागाई 'वैरागी' |
| नारी प्रेम र परिवेश | निवन्ध | निमेश शर्मा |
| धन | निवन्ध | शिरोमणि आचार्य |
| गीत | गीत | कविता राई 'गाउँले' |
| नेपालगञ्ज | व्यङ्ग्य | मोदनाथ साया |

## ण) 'हिमाली गुराँस' वर्ष ८ पूर्णाङ्क १७

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| आमाको आत्मा | कथा | बैकुण्ठ ढकाल |
| देउताको वरदान | कथा | भक्त खपाङ्गी |
| शहीद परिवार | कथा | ऋषिश्वर दुवाडी |

| | | |
|---|---|---|
| सुनकोशी रुँदैछिन | कविता | विदुर खड्का |
| मिरमिर | कविता | राजन पौड्ेल |
| किसान | कविता | मनिषा सुवेदी |
| किन नबोल्ने ? | कविता | विजयसिंह थापा |
| सानी चरी | कविता | सन्तोष बस्नेत |
| जिउँदो लास | कविता | रमेश असफल |
| बिचरा मुसाहरु | कविता | श्रीराम श्रेष्ठ |
| आह्वान | कविता | राजीव कार्की |
| गजल | गजल | केदार कर्णेल |
| मिथकहरुको जाम | व्यङ्ग्य | उज्ज्वल पहाडी |
| जनताका कवि भूपिशेरचन | लेख | मोहन दुवाडी |
| मोदनाथ प्रश्रीतसंगको अतीत र वर्तमान | संस्मरण | लक्ष्मी देवी अर्याल |
| अग्निको कथामाथि एक दृष्टि | समीक्षा | आँशु अनुषा |

## त) 'हिमाली गुराँस' वर्ष ९ पूर्णाङ्क १९

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| दुईसुत्रकथा(देशभक्त, व्यापार) | कथा | अमर त्यागी |
| साहुमारा | कथा | मित्रलाल पोखरेल |
| प्रायश्चित | कथा | मेदिन कुमार केवल |
| उमाको आशा | कथा | हेमसागर पोखरेल |
| पीडा | कथा | श्री आभा शर्मा |
| बाघ बन्दैछ फ्याउरो | कविता | प्रल्हाद पोखरेल |
| बरबादी | कविता | सुशील राजोपाध्यय |
| मित्रलाई पितृशोक | कविता | गोर्खे साइलो |
| मजुवा खोला | कविता | अज्ञात युवक |
| पाखे | कविता | लुमडी आचार्य |

| | | |
|---|---|---|
| गजल | गजल | राम प्रसाद शाह |
| गजल | गजल | गोविन्द ढकाल |
| गजल | गजल | उर्जा श्रेष्ठ |
| गजल | गजल | सुविसुधा आचार्य |
| सुनेको कथा पढेपछि | समीक्षा | ज्यो.पं. जीवनाथ आफ्मा |
| संगीतकार राजुसिंहसंग केही क्षण | भेटवार्ता | खिमानन्द पोखरेल |
| पूर्वी तथा पश्चिमी कोशपरम्परा र कोशात्मक उपलब्धि | लेख | डा. रामचन्द्र लम्साल |

## थ) 'हिमाली गुराँस' वर्ष १० पूर्णाङ्क २०

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| नखुलेको रहर | कथा | हरि खनाल |
| चाँदे खोला | कथा | यशु श्रेष्ठ |
| जीवन रेखा | कथा | नवराज रिजाल |
| मान्छेका माफीहरु | कविता | रामशरण खड्का |
| मृत्यु समारोह | कविता | शर्मिला पोखरेल |
| मधुरो दियो | कविता | सचन विश्वकर्मा |
| गजल | गजल | गोविन्द ढकाल |
| गजल | गजल | शान्तराम थापा मगर |
| गजल | गजल | विश्व सिग्देल |
| गजल | गजल | सुशिल राजोपाध्याय |
| गजल | गजल | नेत्र प्रसाद घिमिरे |
| मुर्दावाद जिन्दावाद | निवन्ध | चेतन राई |
| तिलान्जली | निवन्ध | मित्र पोखरेल |
| मुक्तक | मुक्तक | हेमसागर पोखरेल |
| हाइकु | हाइकु | |

| | | |
|---|---|---|
| 'अँध्यारो नदी' | समालोचना | कृष्ण प्रसाद घिमिरे |
| विखण्डित प्रवाह मा प्रभावित हुँदा | समीक्षा | मित्र पोखरेल |

## द) 'हिमाली गुराँस' वर्ष ११ पूर्णाङ्क २१

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| आर्केष्टाको एकोहोरो धुन | कविता | प्रमोद स्नेही |
| हामी भुइँफुट्टाहहरु | कविता | खिमानन्द आचार्य |
| बालसाहित्यसाधक जय प्रसाद लम्साल र केही अमर मानिसहरु | समालोचना | प्रा.डा. रामचन्द्र लम्साल |
| हाइकु र हाइजिनको हुलिया | समालोचना | डा. बम बहादुर थापा जिताली |
| बोक्सी बुढीको रहस्य बुझ्दा | समीक्षा | शान्ता कर्णेल |
| मेरो सुन्दर संसार | संस्मरण | जीवनाथ धमला |
| लोकसाहित्यको स्वरुप विवेचना | लेख | डिल्लीराम मिश्र |
| संस्कृत र युरोपेली भाषाका शब्दहरुको तुलनाबाट निस्कने केही निष्कर्ष | लेख | मोदनाथ प्रश्रित |
| नालाबाट नगरकोट हुँदै साँखुतिर | नियात्रा | राम प्रसाद पन्त |

## ध) 'हिमाली गुराँस' वर्ष ११ पूर्णाङ्क २२

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| पैसाको भारी | कथा | डा. रविन्द्र समीर |
| तिम्रो देश जस्तै | कविता | कृष्ण प्रसाद |
| म विश्वामित्र बन्नु हुँदैन | कविता | डा. घनश्याम खतिवडा |
| गीत | गीत | चन्द्रमान माली |
| र | गीत | राधा कार्की |
| भोक कविता आन्दोलन | लेख | कृष्ण धाराबासी |
| केही हाइकु | लेख | टहल दहाल 'नविकरण' |

| | | |
|---|---|---|
| आमामा उद्वेलितभावनाका छालहरु | लेख | प्रा.डा.रामचन्द्र लम्साल |
| साहित्यिक गतिविधिमा अधि बढ्दै नेपालगञ्ज | लेख | डा. तुलसी भट्टराई |
| हिमाली गुराँस नहोउ निरास | लेख | डा. टीकाराम पन्थी |
| शोक शब्दाञ्जली केलाउदा | समीक्षा | खिमानन्द पोखरेल |

## न) 'हिमाली गुराँस' वर्ष १२ पूर्णङ्क २३

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| सन्तान | कथा | तुलसी हरि कोइराला |
| ठूलोमान्छे | कथा | अरुण बहादुर खत्री 'नदी' |
| गणतन्त्रको संस्कृति | कथा | कुसुम ज्ञवाली |
| भाग्य | कथा | मधुसुधन प्रसाद घिमिरे |
| मान्छे | कथा | अगिव बनेपाली |
| घाउ | कथा | शान्ता अजनवी |
| आदि बिद्रोही | कविता | शशी लुमुम्बु |
| फुलको संसार | कविता | दिव्य गिरी |
| पहिरो मान्छे | कविता | ठाकुर वेल्वासे |
| जून र यौवन | कविता | छविरमण सिलवाल |
| हिँडौं बढौं | कविता | किशोर कुमार गौतम |
| एक्लो पहाड | कविता | नारायण श्रेष्ठ |
| गजल | गजल | दामोद पुडासैनी 'किशोर' |
| गजल | गजल | सरस्वती शर्मा 'जिज्ञासु' |
| गजल | गजल | शान्ताराम थापामगर |
| गीत | गीत | रामेश्वर राउत 'मातृदास' |
| सिमाना र पर्खाल | निवन्ध | रामशरण खड्का |
| दामोदर पुडासैनी र यात्राका प्रेमिल | समालेचना | मोहन वास्तोला |

| | | |
|---|---|---|
| तरङ्गहरु | | |
| आहा कस्तो मजा | व्यङ्ग्य | छाया दत्त न्यौपाने |
| काठमाडौं देखि बनेपासम्म | संस्मरण | विन्दा रेग्मी |
| सरकारी पत्रिकाले त झन नयाँ नयाँ साहित्यकार जन्माउनु पर्छ | अन्तर्वार्ता | भागवत आचार्य |

## प) 'हिमाली गुराँस' वर्ष १२ पूर्णाङ्क २४

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| प्रेम | कथा | आर.आर. चौलागाई |
| शान्ति छाएको गाउँ | कथा | कुसुम ज्ञवाली |
| हेला | कथा | अरुण वहादुर खत्री |
| अनेक रङ जीवनका | कथा | मणि लाहनी |
| आभास | कथा | रजनी ढकाल |
| दैनिकी | कविता | भिष्म उप्रेती |
| क्षितिज माथिको घाम | कविता | ज्योति थापा |
| मलाई मन परेको एउटा कविता | कविता | विनोद बानिया |
| खोइ कुन्नी तिमी मन पर्छ्यौ | कविता | देवी प्रसाद बराल |
| बरामकी आमालाई पत्र | कविता | वैरागी जेठा |
| जारी युद्ध | कविता | रमेश गिरी |
| गजल | गजल | शान्ताराम थापामगर |
| गजल | गजल | मित्र पोखरेल |
| गजल | गजल | गीता पुडासैनी |
| गीत | गीत | विद्या प्रसाद घिमिरे |
| बालसाहित्यपरक समालोचना: संक्षिप्त अध्ययन | लेख | दिपक न्यौपाने |
| 'एउटा गन्तव्यको खोजीमा'बारे केही | समीक्षा | खिमानन्द पोखरेल |

| | | |
|---|---|---|
| दृष्टिकोण | | |
| महायान सुत्रहरुको आध्यात्मिक एवं सांस्कृतिक पर्यावलोकन | लेख | घनश्याम खतिवडा |

## फ) 'हिमाली गुराँस' वर्ष १२ पूर्णाङ्क २५

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| अर्को अवतार | कथा | कुसुम ज्ञवाली |
| होसियार | कथा | डा. रविन्द्र समीर |
| उल्काराम | कथा | राम प्रसाद शर्मा |
| विवाह | कथा | अरुण बहादुर खत्री |
| विहेको मोड | कथा | रविन्द्र तामाङ |
| फूलमाथि खन्याएको आगो | कविता | दामोखर पुडासैनी |
| ऐनाको घर र ढुङ्गाको कथा | कविता | प्रमोद स्नेही |
| संविधान र लोकतन्त्र | कविता | प्रल्हाद पोखरेल |
| गजल | गजल | डा.बम बहादुर जिताली |
| गजल | गजल | रासा |
| गजल | गजल | सिमाङ |
| गजल | गजल | वैरागी जेठा |
| गजल | गजल | काशीराम विरस |
| गीत | गीत | प्रमिला मल्ल |
| सुचना प्रवाहमा रेडीयो नेपाल हिजो आज र भोली | लेख | विनिता चौधरी |
| चित्रकलाको उत्कृष्ट नमूना चित्र | लेख | डा.घनश्याम खतिवडा |
| लोभलाग्दा रहरहरु | संस्मरण | जीवनाथ धमला |
| थाइल्याण्ड र नेपाली | संस्मरण | विनोद वानिया |
| रत्नदेव शर्मा र उनको हिमशिखा कविता | समालोचना | सुनीता पोखरेल |

| | | |
|---|---|---|
| सङ्ग्रहको विश्लेषण | | |
| भैरवको 'जय भुँडी' निवन्ध सङ्ग्रहमा हास्यव्यङ्ग्य साहित्यको गौरवमय स्थापत्य | समालोचना | रामचन्द्र लम्साल |
| समानान्तर आकाशको समीक्षा | समालोचना | केशवराज पोखरेल |
| सूर्जे पनि अस्ताउन मात्रै | समीक्षा | सविना सिन्धु |
| रमेशजङ्ग सिजापतिको 'मकुण्डो उत्रिएपछि' | समीक्षा | खिमानन्द पोखरेल |

## ब) 'हिमाली गुराँस' वर्ष १२ पूर्णाङ्क २६

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| आस्था अनास्था | कथा | सुदर्शन श्रेष्ठ |
| तृप्ति | कथा | गंङ्गा पौड्ल |
| अन्धविश्वास | कथा | कुसुम ज्ञवाली |
| मुस्कानको माया | कथा | सुजाता चम्लागाई |
| हामी | कविता | भक्ति घिमिरे |
| गुराँस फुलेको वसन्त | कविता | राम वर्तौला |
| घामसँग | कविता | कृष्ण प्रसाई |
| चोका कविता | कविता | चेतनाथ धमला |
| यो निराश होईन | कविता | मुकुन्द प्रयास |
| वाग बजार एक पोट्रेट | कविता | जयन्त शर्मा |
| घर भित्र बसुँ कि घर बाहिर बसुँ | कविता | गीता लामिछाने |
| गजल | गजल | रश्मि असफल |
| गजल | गजल | जुनु राई |
| गजल | गजल | सन्तोषी अधिकारी |
| गजल | गजल | रेनुका भट्ट |
| गीत (पुकार गर्दै कोटी कोटी) | गीत | रामेश्वर राउत |

| | | |
|---|---|---|
| गोरखनाथ बाजे सकुशल रहेछन् | संस्मरण | डा. खगेन्द्र प्रसाद लुइटेल |
| दिपाङ तालको अवलोकन यात्रा | संस्मरण | देवी प्रसाद वराल |
| सिङ्गापुर र विकास निर्माण | संस्मरण | विनोद वानियाँ |
| विगतका पानाहरु | संस्मरण | टीका थापा |
| परेलीका बारभित्र | समीक्षा | अरुण बहादुर खत्री 'नदी' |
| चुपचाप चुपचापमा देखापरे वागियान शर्मा | समीक्षा | खिमानन्द पोखरेल |
| अवधि भाषाको मानकीकरण | लेख | विश्वनाथ पाठक |
| मानवीय व्यवहारले मानिसलाई उच्च बनाउँछ | अन्तर्वार्ता | हरि प्रसाद पाण्डेय |

## भ) 'हिमाली गुराँस' वर्ष १३ पूर्णाङ्क २७

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| दृश्य | कथा | श्री ओम रोदन |
| समावेशी सिन्दुर | कथा | शिरोमणी अर्याल |
| अवशान | कथा | रमेश गिरी |
| एउटा पात तिम्रो लागि | कथा | विनोद वानियाँ |
| बत्ति मोरो असत्ति | कविता | मधुसुदन प्रसाद घिमिरे |
| नयाँ वर्ष ०६७ को शुभकामना | कविता | शिला पन्त |
| पीडा | कविता | सीता भण्डारी |
| प्रेमास्था | कविता | विमला तुम्खेवा |
| मेरो गाँउ | कविता | विन्दा रेग्मी |
| आफ्नो पुरुषत्वमा शंका लाग्दैछ | कविता | मधुसुदन आचार्य |
| पुरस्कृत कवि | कविता | श्री कृष्ण खड्का |
| मेरी ज्योती पुञ्ज | कविता | भक्त कार्की |
| जिन्दगी | कविता | उत्तम थापा |

| | | |
|---|---|---|
| तै पनि ऊ हाँसेकै छ | कविता | देवी प्रसाद वराल |
| वाग्मती भरिएको काठमाडौं | कविता | सुदिप पोखरेल |
| जिन्दगीको परीक्षा | कविता | अक्कल लामा शिशिर |
| गजल | गजल | मित्र पोखरेल |
| गजल | गजल | निर्मोही शङ्कर पाठक |
| गजल | गजल | सन्तोषी अधिकारी |
| गीत | गीत | राम प्रसाद पन्त |
| गीत | गीत | प्रमिला मल्ल |
| गीत | गीत | वसन्तराज अज्ञात |
| गीत | गीत | चन्द्रमान माली |
| गीत | गीत | सरिता पाण्डे |
| वरका पात र बटुकाको दुध | संस्मरण | जीवनाथ धमला |
| कोलकता घुम्दा | संस्मरण | मदन राई 'लामिखुले' |
| विश्व दर्शन काव्यकृतिको विधागत स्वरुप | समालोचना | रत्नावली शर्मा |
| साँझ ढलेपछि देखापरेकी गीता पन्त | समीक्षा | खिमानन्द पोखरेल |

## म) 'हिमाली गुराँस' वर्ष १३ पूर्णाङ्क २८

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| पारपाचुके | कथा | ललिता दोषी |
| मामा भान्जा | कथा | सिताराम उप्रेती |
| कुटनीति | कथा | तारा सुवेदी |
| त्यो बिचरो गाउँमा | कविता | मोहन दुवाल |
| अब अलिकति मात्र बाँकी छ | कविता | बसन्त श्रेष्ठ |
| ए प्रेमको मर्म नबुझ्नेहरु हो | कविता | देवी प्रसाद बराल |
| तिम्रो नजरमा म | कविता | स्मीता मगर |
| मेरो गाउँ | कविता | वैरागी जेठा |

| | | |
|---|---|---|
| पीडा भित्र समय | कविता | राधा पोखरेल |
| टुकीको जोहो | कविता | लुमुडी आचार्य |
| रहर | कविता | भूमिराज मरुभूमि |
| विरानो शहर | कविता | प्रकास थाम्सुहाङ |
| गजल | गजल | अर्जुन बराइली |
| गजल | गजल | सुवास अम्बोटेली |
| मुक्तक | मुक्तक | भिमाकुमारी भुजेल |
| मुक्तक | मुक्तक | गोपाल कुमार मैनाली |
| संविधानसभा, पश्चिम नेपाल र निरिह जनता | संस्मरण | नारायण श्रेष्ठ |
| कवितारामको 'स्वाभावगीता' नाटकको अध्ययन | सामालोचना | गोपाल प्रसाद खतिवडा |
| इन्द्र प्रसाद श्रेष्ठको कवितासंग्रहहरु एक टिप्पणी | सामालोचना | खिमानन्द पोखरेल |
| दामोदर पुडासैनी किशोरका यात्राका प्रेमिल तरङ्गहरु | समीक्षा | रमेश प्रसाद घिमिरे |
| याशिलालाई मेरो आज | समीक्षा | सविना सिन्धु |

## य) 'हिमाली गुराँस' वर्ष १४ पूर्णाङ्क २९

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| चार लघुकथा | कथा | नवराज रिजाल |
| किशोरावस्था | कथा | मणि राई |
| भालेको जुधाई पोथीको मिचाई | कथा | डा. बम वहादुर जिताली |
| विछोड | कथा | वखत वहादुर थापा |
| रिमा | कथा | कविता पौडेल |
| नीतिका कुरा | कविता | ठाकुर शर्मा |
| बरा | कविता | प्रल्हाद पोखरेल |

| | | |
|---|---|---|
| विडम्बना | कविता | भीम क्षेत्री |
| कागहरुका कागनाम | कविता | बीरभद्र कार्की ठोली |
| बिम्ब प्रतिबिम्वहरु | कविता | टीका थापा |
| जीवन लहर | कविता | तेजमा रसाइली |
| मायामितु न्यौपाने | गजल | सुमित्रा पौडेल रिमाल |
| गीता पुडासैनी | गजल | राकुन आँशु |
| गोवर्द्धन पूजा | मुक्तक | गोपाल मैनाली |
| विश्व दर्शनमा ध्वनीतत्व | समालोचना | रत्नावली शर्मा |
| नक्कलीको अक्कलमा व्यस्त नवराज | समीक्षा | खिमानन्द पोखरेल |
| लोकसाहित्य र शिष्ट साहित्यको तुलनात्मक अध्ययन | समीक्षा | डा.खगेन्द्र प्रसाद लुईटेल |

## र) 'हिमाली गुराँस' वर्ष १४, पूर्णाङ्क ३०

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| बन्दको त्यो दिन | कथा | सुविसुधा आचार्य |
| अनिश्चित गन्तव्य | कथा | चन्द्र कुमार |
| झरी जस्ती भए परी | कविता | कला निधि दहाल |
| आस्था चुडिएपछि मान्छेका प्रति | कविता | ठाकुर वेल्वासे |
| व्युँझाइदेउ मेरा कविताहरु | कविता | धन वहादुर ओली |
| बाजुरा कथा | कविता | वैरागी जेठा |
| गजल | गजल | आर.के. वैरागी |
| गीत | गीत | छायादत्त न्यौपाने |
| उत्तर आधुनिकताको तात्पर्य | समालोचना | विष्णु प्रभात |
| पूर्वीय वाङ्मयमा साहित्यको स्वरुप | समीक्षा | रामहरि दाहाल |
| आफ्नै कुरा | संस्मरण | डा. मोहन तिमल्सिना |
| घनत्ववादको सैद्धान्तिक स्वरुप | संस्मरण | डा. खगेन्द्र प्रसाद लुईटेल |

| | | |
|---|---|---|
| मेरा वाल्य उत्सुकताहरु | संस्मरण | जीवनाथ धमला |
| २०६६ सालको दशै नगरकोटमा | संस्मरण | देवी प्रसाद वराल |
| काइँलाको घरमा कविता यात्रा | नियात्रा | डा. देवी क्षेत्री दुलाल |
| त्रिभुवन विश्वविद्यालय एक झलक | संस्मरण | देवेन्द्र देवकोटा |

## ल) 'हिमाली गुराँस' वर्ष १४, पूर्णाङ्क ३१

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| स्वाङ | कथा | किशोर पहाडी |
| तिमी र म मात्र तिमी र म | कथा | शर्मिला खड्का दहाल |
| आक्रोश | कथा | मेदिनी कुमार केवल |
| बाटुलीको भट्टी पसल | कथा | रमेश गिरी |
| अधुरो प्रेम | कथा | श्याम स्मृत |
| आमाको इच्छा | कथा | अरुण कुमार खत्री |
| म र मेरो देश | कविता | डा. बम वहादुर जिताली |
| म टेलिभिजन हेर्दिन आमा | कविता | दिव्य गिरी |
| मेरो बास | कविता | मधुसुदन प्रसाद घिमिरे |
| हतियार | कविता | चंकी श्रेष्ठ |
| चाहना | कविता | निशा शर्मा |
| नेपालको परिचय | कविता | हंसराज कोइराला |
| तिमी सामु | कविता | शीतविन्दु |
| गजल | गजल | बुँद राना |
| गजल | गजल | मिलन समीर |
| गजल | गजल | प्रविण ज्ञवाली |
| गजल | गजल | प्रकाश कुईकेल |
| गीत | गीत | भीम खरेल |
| गीत | गीत | राज कुमार श्रेष्ठ |

| | | |
|---|---|---|
| मुक्तक | मुक्तक | कुन्दन कुमार पन्त |
| वर्मा म्यानमार एक दृष्टिमा | संस्मरण | डा.तुलसी भट्टराई |
| धर्म र धर्मात्मा | संस्मरण | शिरोमणि अर्याल |
| हत्केलामा ज्यान च्याप्दै | संस्मरण | दामोदर पुडासैनी किशोर |
| कवि प्रल्हाद पोखेलको काव्य गोसाइँकुण्ड | समालोचना | ध्रुव पन्थी |
| थोरङ्लामा संरक्षण कविता | समीक्षा | नवराज रिजाल |
| स्याबास गोपी आए | समीक्षा | शान्त अजनवी |

## व) 'हिमाली गुराँस' वर्ष १५ पूर्णाङ्क ३२

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| निर्मला | कथा | मोदनाथ प्रश्रित |
| एउटी असहाय बूढी | कथा | कविता पौडेल |
| जवानी | कथा | केशव आचार्य |
| दोसल्ला | कथा | लक्ष्मण चापागाई |
| भलादमी श्रीमती | कथा | मित्र पाठक 'राजु' |
| संवोधन गरिरहेछ लिगलिगकोट | कविता | नरनाथ लुइटेल |
| टुट्दैछन सपनाहरु | कविता | तेजमान वसाईली |
| कवि नै हास्यको पात्र बन्छ | कविता | भाग्यशाली अधिकारी |
| केही छोटा कविता | कविता | ललित दाषी |
| श्रीखण्ड, ऊ र म | कविता | वैरागी जेठा |
| थाहा छैन | कविता | भरत भारद्वाज |
| घाम | कविता | राधा पोखरेल |
| गजल | गजल | रासा |
| गजल | गजल | रामहरि दाहाल |
| गजल | गजल | रमा विडारी |
| गजल | गजल | श्रेष्ठ परिक्रमा |

| | | |
|---|---|---|
| गजल | गजल | लेखराम सापकोटा |
| गजल | गजल | भरत रोदन साउथ |
| गजल | गजल | सिम्रन छायाँ |
| गीत | गीत | उमेश बुढाथोकी |
| गीत | गीत | कृष्ण कार्की |
| गीत | गीत | सर्जना शिरीष |
| मुक्तक | मुक्तक | लाख बहादुर दाहाल |
| हाइकु | हाइकु | रुपिन्द्र प्रभाती |
| धनगढी आतङ्क | संस्मरण | डा.खगेन्द्र प्रसाद लुइटेल |
| दुर्घटना | लेख | सुविसुधा आचार्य |
| थुइक्क यस्ता पनि साहित्यकार | लेख | चरिचुच्चे च |

## श) 'हिमाली गुराँस' वर्ष १५, अङ्क ३३

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| नाम रहस्य उद्घाटन | कथा | तेजश्वर बाबु ग्वंग: |
| गृह प्रवेश | कथा | सुनिल सापकोटा |
| रक्तरञ्जित वटुवा र जानकी नगर | कथा | कीर्तिकेय घिमिरे |
| फाट्न थालेका ती मनहरु | कथा | भारती गौतम |
| खोजी डेराको | कविता | छविरमण सिलवाल |
| केही मुक्तक | कविता | कृष्ण बाउसे |
| घामको प्रतिबिम्ब | कविता | श्याम रेग्मी |
| खाली खाली पानाहरु | कविता | बसन्त राज अज्ञात |
| पहराको गीत | कविता | सुविसुधा आचार्य |
| गजल | गजल | उषा घिमिरे |
| गजल | गजल | बाल कृष्ण गौतम |
| गजल | गजल | ज्ञानहरी कर्णेल |

| | | |
|---|---|---|
| गजल | गजल | अन्यौल यात्री |
| कवि कुरुपको कविता | लेख | युवराज नयाँघरे |
| समाज विकासमा साहित्यको भूमिका | निवन्ध | मोदनाथ प्रश्रित |
| कविता हरेक स्रष्टाको आफ्नो निजी निवेदन र आत्मप्रकाशन हो | समालोचना | डा. गोविन्दराज भट्टराई |
| अर्पणा उपन्यासमा नारी अन्तर्द्वन्द | समीक्षा | विष्णु न्यौपान |

## ष) 'हिमाली गुराँस' वर्ष १५ पूर्णाङ्क ३४

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| कथा एउटा फर्माइसको | कथा | हरि अधिकारी |
| आराधना | कथा | मोदिनी केवल |
| नारीवादी साहित्य | कथा | जय बहादुर घिमिरे |
| अवस्था | कथा | इशा शाह |
| मन भित्रका क्षेणहरु | कविता | भुवन ढुङ्गाना |
| नारी | कविता | प्रल्हाद न्यौपाने |
| निराकार आकाश | कविता | रामेश्वर रावत मातृदास |
| मन दर्पण | कविता | सानु शर्मा |
| गजल | गजल | दामोदर पुडासैनी किशोर |
| गजल | गजल | इशान तिमिल्सिना |
| गजल | गजल | विक्रम शिशिर |
| काठमाडौ | मुक्तक | किशोर न्यौपाने यदु |
| चिसो दिन र सौन्दर्यशाली दुइ आँखा | संस्मरण | मणि लोहनी |
| गुहाटीमा नेपाली एम.ए. प्रारम्भ गर्दाको तितामिठा अनुभूतिहरु | संस्मरण | डा. खगेन्द्र प्रसाद लुइटेल |
| सौन्दर्यको सयपत्री र लाजको लालुपाते | संस्मरण | निर्मोही व्यास |
| २८२१ वर्ष अघि बुद्धको जन्म भएको हो | लेख | दिनेश राज पन्त |

| | | |
|---|---|---|
| सन्दर्भ साहित्यको: सम्झना विक्रम टेम्पोको | नियात्रा | राम प्रसाद पन्त |

## स) 'हिमाली गुराँस' वर्ष १५ पूर्णाङ्क ३५

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| उनको ओठमा नफापेको मुस्कान | कथा | कार्तिकेय घिमिरे |
| पुरस्कार | कथा | राममणि घिमिरे |
| बूढो मान्छे | कथा | अनिता गिरी |
| परिचय | कथा | नारायण तिवारी |
| स्मृतिमा | कथा | डि.आर. थापा |
| पूजा कोठा | कथा | सोनु गुरुङ |
| प्रहार | कविता | लाख बहादुर गुरुङ |
| गति भन्ने कि दुर्गति ? | कविता | बुंद राना |
| छोरो | कविता | तेजमान बराइली |
| आरु बखडाका फूलहरु | कविता | सिर्जना गोले तामाङ |
| अविराम युद्ध | कविता | चन्द्र रानोहँछा |
| अँध्यारो विरुद्ध | कविता | विनोद कुमार सुनार |
| सोच्नु पर्छ | मुक्तक | लाख बहादुर दाहाल |
| गजल | गजल | रामहरी दाहाल |
| बरपिपल | गीत | विनेश राई उदास |
| नेपाली भाषी भुटानीहरुको एउटा हार्दिक निवेदिन सुनौं | संस्मरण | डा. गोविन्द राज भट्टराई |
| वेदनाका क्यानभासमा पोतिएका रङ्गहरु | संस्मरण | शर्मिला खड्का 'दाहाल' |
| जाम्ववान र हनुमान | लेख | धनराज गिरी |
| डायस्पोरिक लेखनको पर्यावलोकन | लेख | महेश सुवेदी |
| हेल्सेको रेडियो | नियात्रा | युवराज नयाघरे |
| फ्रन्ट पेजमा डुबुल्की मार्दा | समीक्षा | अरुण खत्री |

## ह)'हिमाली गुराँस' वर्ष १५ पूर्णाङ्क ३६

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| कन्टेनरमा रातो डायरी | कथा | अनमोल मणि |
| मेरो ग्रेट बाबा | कथा | श्याम स्मृत |
| अक्षरहरुको विवाह | कथा | गंगाराम पन्त |
| शिखरिणी | कविता | नवराज लम्साल |
| ज्यान जागिर असुरक्षित | कविता | जय बहादुर घिमिरे |
| प्रश्न | कविता | राधा कार्की |
| नयाँ वर्षलाई | कविता | बुनु लामिछाने |
| गजल | गजल | धनराज गिरी |
| गजल | गजल | सन्तोष अधिकारी |
| गजल | गजल | गीता अनुरागी |
| अरनिकोलाई सम्भँदै | संस्मरण | ज्ञानेन्द्र विवश |
| म, आकाश र ताराहरु | संस्मरण | लक्ष्मी (लारा) |
| मेरो नाम र नयाँ नेपालको सपना | व्यङ्ग्य | डिल्लीराज अर्याल |
| किनारीकृतहरु | निवन्ध | टङ्क उप्रेती |
| लक्ष्मी उप्रेतीको 'अतिरिक्त आयाम' भित्र जीवन खोज्दा | समीक्षा | दधिराम सुवेदी |
| कवि आँकालाको'सन्तानहरु'मा पाठकीय समालोचना | समीक्षा | केदार संकेत |
| रोजीको हवाइजहाजमा नवराज रिजाल | समीक्षा | यशु श्रेष्ठ |

## क्ष)'हिमाली गुराँस' वर्ष १५ पूर्णाङ्क ३७

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| विरुपित | कथा | किशोर पहाडी |
| रातका पतिहरु | कथा | ललिता दोषी |

| | | |
|---|---|---|
| अन्योल | कविता | दीपा राई |
| गजल | गजल | निर कुमार श्रेष्ठ |
| गजल | गजल | विक्रम शिशिर |
| गीत | गीत | खेमराज गुरुङ |
| तीन मुक्तक | मुक्तक | किशोर न्यौपाने |
| टीकाको परिधिमा अनन्त यात्रा | संस्मरण | दामोदर पुडासैनी किशोर |
| कवि कुरुपको कविता | निवन्ध | युवराज नयाँघरे |
| निहुँ अन्तरक्रियाकाः भ्रमण चितवनको | नियात्रा | राम प्रसाद पन्त |
| सम्झनाको क्षितिजबाट ढाका चियाउँदा | नियात्रा | जयदेव गौतम |
| जीवनका अनुभूतिहरुः संक्षिप्त चर्चा र मूल्य निरुपण | समीक्षा | उपेन्द्र पागल |
| विश्वेश्वर प्रसाद कोइराला र उनको सिपाही कथा | समीक्षा | विष्णु न्यौपाने |

## त्र) 'हिमाली गुराँस' वर्ष १६ पूर्णाङ्क ३८

| शीर्षक | विधा | लेखक |
|---|---|---|
| प्रेतको बयान | कथा | राममणि पोखेल |
| वृद्ध भत्ता | कथा | जयराज भट्टराई |
| बास या त्रास | कविता | वेन्जु शर्मा |
| दिव्य वाणी | कविता | निर्मोही व्यास |
| कति राम्रो धनकुटा | कविता | कृष्ण प्रसाद वस्ती |
| स्वार्थी मित्रहरुलाई | कविता | बुनु लामिछाने |
| जमात | कविता | मोहन कुमार श्रेष्ठ |
| वरपर | कविता | मोहन सिटौला |
| गीत | गीत | चन्द्र रानोहँछा |
| गीत | गीत | प्रविता गुरुङ |

| | | |
|---|---|---|
| जसको उचाइको मापन त्यो निष्ठा र स्वाभिमानको इतिहासले गरोस | लेख | डा. गोविन्दराज भट्टराई |
| तीज गीतमा अश्लिलता | लेख | दिन पन्थी |
| आँगनसँगको आरम्भ | संस्मरण | जीवनाथ धमला |
| ढुङ्गा पो भइएछ | निवन्ध | श्री बाबु कार्की 'उदास' |
| काभ्रेकै उच्च स्थानमा साहित्य जमघट | निवन्ध | छविरमण सिलवाल |
| मगरका इतिहास लेखिरहेछु | समीक्षा | वैरागी जेठा |
| अमेरिका भ्रमणका केही सम्झनाहरु नियाल्दा | समीक्षा | पोष चापागाई |
| उत्तम कँडेलभित्र उत्तम कँडेल खोज्दा | समीक्षा | नवराज रिजाल |
| यात्राका प्रेमिल तरङ्गहरुका तरङ्गमा तरङ्गिदा | समीक्षा | शर्मिला खड्का (दाहाल) |
| जीवन काँडा कि फूल पढेर अलौकिक विशेष गौरवताको महशुस | समीक्षा | हस्त गौतम मृदुल |
| डा. टीकाराम पन्थी विशेषाङ्क एक स्तुत्य कार्य | समीक्षा | ध्रुवराज पन्थी |

## २.२ 'हिमाली गुराँस'मा प्रकाशित रचनाहरुको वर्गीकरण

'हिमाली गुराँस'मा प्रकाशित रचनाहरु विशेषगरी सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएको पाइन्छ । प्रकाशन वर्ष देखि नै साहित्यिक विधाहरु समेट्दै आएको 'हिमाली गुराँस'मा विभिन्न साहित्यिक रचनाहरु प्रकाशित हुदै आएका छन् । प्रकाशनको प्रारम्भिक अङ्कमा नै कथा, निवन्ध र संस्मरण जस्ता रचनाहरु प्रकाशित भएका छन् । त्यसपछिका अङ्कहरुमा गद्य तथा पद्य दुवै विधालाई समेट्दै आएको छ । 'हिमाली गुराँस'मा प्रकाशित विधाहरुलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

| क्र.स. | विधा | संख्या |
|---|---|---|
| १ | कथा | १०८ |
| २ | कविता | १७६ |
| ३ | लेख | १९ |
| ४ | संस्मरण | ३३ |
| ५ | समालोचना | ४५ |
| ६ | अन्तर्वार्ता | ५ |
| ७ | गजल | ७७ |
| ८ | गीत | ४२ |
| ९ | मुक्तक | १४ |
| १० | व्यङ्ग्य | ६ |
| ११ | हाइकु | २ |
| १२ | नियात्रा | ७ |
| १३ | नाटक | १० |
| १४ | एकाङ्की | १ |
| १५ | निवन्ध | १२ |
| १६ | चुट्किला | १ |
| १७ | सवाइ | १ |

यसरी ‘हिमाली गुराँस’मा प्रकाशित रचनाहरुलाई हेर्दा संख्यात्मक रुपमा गद्य रचना भन्दा पद्य रचनाहरु बढी प्रकाशित भएका देखिन्छन् भने त्यसपछि क्रमश कथा, समालोचना, संस्मरण, लेख, नाटकहरु प्रकाशित भएका छन् ।

## २.३ निष्कर्ष

‘हिमाली गुराँस’ का अङ्कहरुमा प्रकाशित विधाहरुको अध्ययन गर्ने क्रममा सजिलो पार्ने हेतुले कालक्रमिक रुपमा रचनाहरुको विवरण प्रस्तुत गरिएको छ । रचनाको शीर्षक, विधा र लेखकको नाम उल्लेख गरी छुट्टाछुट्टै शीर्षकका रुपमा तालिकामा प्रस्तुत गरिएको छ । साथै ‘हिमाली गुराँस’ मा प्रकाशित विधाहरुको संख्या के कति छ भन्ने कुरालाई वर्गीकरण खण्डमा देखाइएको छ । जसले गर्दा यो शोध पत्रमा उल्लेखित ‘हिमाली गुराँस’ का प्रत्येक अङ्कहरुका रचनाहरु पत्ता लगाउन र अध्ययन गर्न निकै सजिलो हुनेछ भन्ने विश्वास गरिएको छ ।

# तेस्रो परिच्छेद

# 'हिमाली गुराँस' मा प्रकाशित पद्य रचनाहरुको विश्लेषण

## ३.१. विषय परिचय

वि. स. २०५४ देखि अनवरत रुपमा प्रकाशित हुँदै आएको 'हिमाली गुराँस' एउटा साहित्यिक पत्रिका हो । मासिक रुपमा प्रकाशित 'हिमाली गुराँस' पत्रिकाले नेपाली साहित्यको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । नियमित रुपमा प्रकाशित यस पत्रिकामा नेपाली साहित्यका गद्य तथा पद्य विधासंग सम्वन्धित रचनाहरु प्रकाशित हुँदै आएका छन् । नेपाली साहित्यमा स्थापित तथा नवीन सर्जकहरुलाई स्थान दिंदै आएको यस पत्रिकामा विशेष गरी सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएका रचनाहरु प्रकाशित भएका देखिन्छन् । प्रकाशनको आरम्भमा कथा, निवन्ध, संस्मरण जस्ता रचनाहरु प्रकाशित गरेको यस पत्रिकाले समयको गतिसंगै साहित्यका अन्य विधाहरुलाई पनि समावेश गर्दै अगाडि बढेको देखिन्छ

'हिमाली गुराँस' मा हालसम्म प्रकाशित भएका ३८ अङ्कहरुलाई हेर्दा पद्य रचनाको संख्या सबैभन्दा बढी देखिन्छ । पद्य रचना अन्तर्गत कविता, गीत, गजल, मुक्तक, हाइकुले स्थान पाएका छन् । सम्पूर्ण अङ्कहरुलाई हेर्दा 'हिमाली गुराँस'मा जम्मा ३१३ जति पद्य रचनाहरु प्रकाशित भएका छन् । पद्य रचनाहरु भित्र पनि परिमाणात्मक रुपले हेर्दा कविताको संख्या बढी देखिन्छ । यसमा राष्ट्रिय स्तरदेखि स्थानीय स्तरसम्मका स्रष्टालाई कविका रुपमा देख्न सकिन्छ । विशेष गरी नवप्रतिभाहरुले बढी स्थान पाउन सफल यस पत्रिकामा गद्यमा लेखिएका कविताको संख्या अत्यधिक रुपमा देख्न सकिन्छ भने छिटफुटरुपमा छन्दमा लेखिएका कविताहरु पनि देखिन्छन् ।

'हिमाली गुराँस' भित्रका पद्य रचनाहरुमा कविता पछि गजलले दोस्रो स्थान प्राप्त गरेको छ । पूर्णाङ्क ५ देखि यस पत्रिकाले साहित्यिक रुपमा गजललाई पनि प्रकाशन गर्न थालेको देखिन्छ । नयाँ सिर्जनालाई बढी उपस्थित गराईएको हुदा शिल्प संरचना केही कमजोर देखिए पनि विस्तारै विधागत सचेतना तर्फ उन्मुख हुँदै गएको देख्न सकिन्छ ।

स्थानीय स्तरमा कहलिएका गजलकार देखि नयाँ सिक्दै गरेका स्रष्टाका गजलले 'हिमाली गुराँस'लाई अझ साहित्यिक कसीमा पुऱ्याउने काम गरेका छन् । 'हिमाली गुराँस' का सम्पूर्ण अङ्कहरुमा गरी जम्मा ७७ वटा गजलहरु प्रकाशित भएको पाइन्छ ।

पद्यरचनामा 'हिमाली गुराँस' भित्र गीतलाई तेस्रो स्थानमा देख्न सकिन्छ । 'हिमाली गुराँस'ले पूर्णाङ्क ३ देखि नै गीतलाई निरन्तर रुपमा प्रकाशन गर्दै आएको छ । गेयात्मक तथा लयात्मक दृष्टिले होस वा पद्य रचनाका दृष्टिले होस गीतलाई एक हृदयस्पर्शी साहित्यिक विधाका रुपमा लिन सकिन्छ । गीत साहित्यिक विधा भएकै कारणले साहित्यिक रुपमा प्रकाशित पत्र पत्रिकाले गीतलाई महत्वपूर्ण स्थान दिएको पाइन्छ । 'हिमाली गुराँस' पनि साहित्यक पत्रिका भएकाले गीतलाई  महत्वपूर्ण साहित्यक कोशेलीका रुपमा लिँदै आएको पाइन्छ ।

पद्य रचनामा 'हिमाली गुराँस' भित्र मुक्तकलाई चौथो स्थानमा राख्न सकिन्छ । संख्यात्मक रुपमा हेर्दा यसमा जम्मा १४ वटा मुक्तकहरु प्रकाशित भएका छन् । केही मुक्तकहरु मुक्तीय संरचनामा कमजोर देखिए पनि केही मुक्तकहरु भने विधागत शिल्प संरचनामा सवल रहेको देख्न सकिन्छ । त्यस्तै एक चुट्किला एक सवाइ र दुई हाइकु पनि 'हिमाली गुराँस'का अङ्कमा अध्ययन गर्न सकिन्छ । पूर्णाङ्क २० र ३२ मा प्रकाशित भएका २ हाईकुहरु शिल्प संरचनाका दृष्टिले पाँच-सात-पाँचको संरचनामा रहेकोले ती हाइकुलाई सवल मान्न सकिन्छ ।

'हिमाली गुराँस' पत्रिका लामो समयसम्म प्रकाशनमा आएको हुनाले यसमा प्रकाशित रचनाहरु प्रशस्तै रहेका छन् । त्यसैले यस पत्रिकामा प्रकाशित सम्पूर्ण रचनाको विश्लेषण यस शोधपत्रमा सम्भव नहुने हुँदा प्रतिनिधि रचनाहरुको मात्र विश्लेषण गर्नुपर्ने देखिन्छ । यस परिच्छेदमा पद्य विधासँग सम्वन्धित रचनाहरुको अध्ययन गर्नुपर्ने भएकोले यसै सँग सम्वन्धित भएर रचनाको मात्र अध्ययन गरिन्छ । । विषयगत विविधता र शिल्पगत उत्कृष्टताका आधारमा प्रतिनिधिमूलक पद्य रचनाको विवेचना गरिएको छ ।

पत्रिकाको साहित्यिक योगदान खुटाउनु नै शोधको मुख्य विषय भएकोले साहित्येतर विषयलाई गौण रुपमा लिइएको छ ।

## ३.२ विश्लेषणका आधारहरु

'हिमाली गुराँस'मा प्रकाशित रचनाहरुलाई हेर्दा ती रचनाहरु विविध विषयवस्तु र प्रवृतिका देखिन्छन् । 'हिमाली गुराँस'मा प्रकाशित विधा मध्ये प्रथम स्थान पाएका पद्य रचनाहरुले 'हिमाली गुराँस'लाई हराभरा बनाएका छन् । साहित्येतर रचनाका तुलनामा परिमाणात्मक दृष्टिले बढी देखिने साहित्यिक रचनाहरु विषयवस्तुको प्रभावकारिता, भाव सम्प्रेषण, युगीन चेतना आदिका प्रस्तुतिका आधारमा सशक्त रहेका देखिन्छन् । विषयवस्तुको गम्भिरता, कलात्मक अभिव्यञ्जना, स्थापित स्रष्टाका सिर्जनाहरु र विषयवस्तुको विविधतालाई प्रतिनिधि छनोट र विश्लेषणको आधारका रुपमा अवलम्वन गरिएको छ । वैचारिक तथा राजनैतिक आग्रहका लेखहरु तथा साहित्येतर लेख रचनाहरुलाई भने यसको अध्ययन क्षेत्रभित्र राखिएको छैन । विधागत विविधता, परिमाणात्मकता र गुणात्मक विशिष्टताका आधारमा प्रतिनिधि रचनाहरुको विश्लेषण गर्ने काम यस शोधकार्यमा गरिएको छ ।

### ३.२.१ विषयवस्तु तथा प्रवृत्तिका आधारमा 'हिमाली गुराँस'मा प्रकाशित पद्य रचनाहरुको विश्लेषण

परिमाणात्मक रुपमा ३१३ जति पद्य रचनाहरु प्रकाशित भएको 'हिमाली गुराँस'पत्रिकालाई कविता, गीत, गजल, मुक्तक, हाइकु आदिले एउटा साहित्यिक पत्रिका बनाउनका लागि निकै महत्वपूर्ण योगदान पुऱ्याएका छन् । साहित्यिक मूल्यका दृष्टिले निकै समुन्नत विधा कविता र यसका विविध रुपलाइ पद्य रचनाका रुपमा प्रस्तुत गर्दै हिमाली गुराँसका समग्र अङ्कको अध्ययन गरी प्रतिनिधि रचनाको विश्लेषण गर्ने काम गरिएको छ । नयाँ तथा नवीन स्रष्टालाई बढी स्थान दिइएको यस पत्रिकामा छन्दयुक्त भन्दा छन्दमुक्त पद्य रचनाहरु निकै बढी देखिन्छन् । विषयबस्तुको गम्भिरता, कलात्मक अभिव्यञ्जना, विषयवस्तुगत विविधतालाई प्रतिनिधिमुलक मानेर रचनाहरुको विश्लेषण गरिएको छ ।

## क) राजनीतिक, सामाजिक एवं आर्थिक विकृति विसंङ्गतिको चित्रण

विशेष गरी नेपालको राजनितिक अवस्था, सामाजिक स्थिति र आर्थिक स्थितिले निम्त्याएको विकृति विसङ्गतिको यथार्थ अभिव्यक्तिलाई 'हिमाली गुराँस'का पद्य रचनाहरुमा जीवन्त रुपमा प्रस्तुत गर्न खोजिएको छ ।समाज मात्र होईन सिङ्गो संसार नै विकृति र विसङ्गतिले आक्रान्त बनेको छ त्यही यथार्थ अभिव्यक्ति हिमाली गुराँसका पद्य रचनामा देख्न सकिन्छ । यस पत्रिकामा प्रकाशित गरिएका राजनीतिक, सामाजिक एवं आर्थिक विकृति विसंङ्गतिको चित्रण गरिएका केही पद्य रचनाहरुमा बिजयसिंह थापाको **किन नबाल्ने**, ज्ञानुवाकर पौडेलको **गजल**, ठाकुर वेल्वासेको **आस्था चुडिएपछि मान्छेका प्रति,** लुमडी आचार्यको **'बन्द'**, मधुसुधन घिमिरेको **नेपाल बन्द,** सुशिला संजेलको **'यस्तो हुन्छ किन** ?',सूर्य प्रसाद चौलागाईको **के थाहा,**उज्ज्वल जी.सी.को **मूक्तक,**बिनोद वानीयाको **आजको देश र विश्व,** दामोदर पुडासैनीको **गजल,** बम बहादुर जितालीको **'भालेको जुधाई पोथीको मिचाई' र 'म टेलिभिजन हेर्दिन आमा'** आदी पर्दछन् । राजनीतिक, सामाजिक एवं आर्थिक विकृति विसंङ्गतिलाई आधार बनाइएका माथिका रचनाहरुमध्ये केही रचनालाई सामान्य रुपमा विश्लेषण गरिन्छ ।

समसामयिक राजनीतिक स्थितिको चर्चा गरिएका रचनाहरुमा राजनीतिलाई पैसा कमाउने भाँडोको रुपमा लिने अहिलेका नेताहरुको चारित्रिक यथार्थता प्रस्तुत गरिएको छ । राजनीतिको नाममा भष्टाचार गर्ने , देशको ढुकुटी रित्याउने राजनीतिक नेता र महङ्गीको मार भोग्न वाध्य आम जनताको यथार्थतालाई अभिव्यक्त गर्न खोजिएको छ । राजनीतिलाई कमाई खाने भाँडोको रुपमा प्रयोग गर्दा जनतालाई परेको समस्या, पीडा र मानसिक विचलनलाई कलात्मक रुपमा अभिव्यक्त गरिएको छ । राजनीतिक नेताहरुलाई भाले र भ्रष्टाचारको संज्ञा दिंदै नातावाद, कृपावाद र घुसखोरीतन्त्रको चपेटामा परेका निमुखा जनताहरुको पीडा व्यक्त गरिएको छ । वर्ष १४, पूर्णाङ्क २९मा प्रकाशित बम बहादुर जितालीको 'भालेको जुधाई पोथीको मिचाई' शीर्षकको कविताका केही अंशहरु-

भन्थे पहिले नेताहरु भाले लडाउनु
भाले भाले लडाएर भुँडी भराउनु
ऐले भाले आफै लड्छन् लुछाचुडी गर्छन
पोथीहरु कराउँछन चेपुवामा पर्छन् ।

चारैतिर जुटाएर भ्रष्टाचारी भाँडो
दिन दिनै उठाएर महङ्गीको डाँडो
ठुलाबडा भालेहरु ससुराली सरे
सिधासाधा पोथीहरु विचल्लीमा परे ।

दिन रात समाचारमुखि बनेका राजनीतिक दलहरुले जनताहरुलाई झुटो आश्वासन देखाएर भ्रममा पार्न खोजेकोले दानवरुपी नेताहरुको अनुहार देख्दा पनि आफुलाई घृणा लाग्ने कुरा पनि पद्य रचनाहरुले अभिव्यक्त गरेका छन् । विभिन्न दलका नाममा नेपाल आमामाथि रजाँई गर्ने नेताहरुको बोली सुन्दा र हाँसो देख्दा संचारका माध्यम प्रति पनि वितृष्णा जागेको कुरालाई कलात्मक रुपमा  प्रस्तुत गरिएको छ । टेलिभिजनका पर्दामा देखिने नेताहरुले लोभ लालचमा पारी जनतालाई फसाउन गरेको भाषण सुन्नुभन्दा टेलिभिजन नै हेर्दिन भनेर आमासंग अनुरोध गरिएको छ । आमाको अस्तित्व र सारा नेपालीको अस्तित्व संकटमा पार्ने ती नेताहरुले देशमा फैलाएको विकृति र विसङ्गतिलाई तलका पंक्तिले व्यक्त गरेका छन् ।  वर्ष १४ पुर्णाङ्क ३१ मा प्रकाशित डा. बम बहादुर जितालीको ‘म टेलिभिजन हेर्दिन आमा’ शीर्षकको कविताका केही अंशहरु-

आमा र
हिजोआज मलाई
टेलिभिजन हेर्न मन छैन
टेलिभिजनको पर्दामा
जति अनुहार देख्छु
तिनीहरुलाई देखेर

मलाई घृणा लाग्छ
तिनको बोली र तिनका भाषण सुनेर
मलाई वाकवाकी लाग्छ
र तिनको हाँसो देखेर
मलाई आश्चर्य लाग्छ
तिनीहरुकै कारण
तिम्रो अस्तित्व संकटमा छ
हाम्रो भविष्य संकटमा छ ।

आर्थिक स्थिति कमजोर भएको कारणले ज्याला मजदुरी गर्नुपर्ने अवस्था र देशको राजनीतिक परिवेश दिनानुदिन बिग्रदै गैरहैको अवस्था तथा प्राय भैरहने बन्द हड्तालका कारण गरीब जनताहरु भोकभोकै बस्नु परेको दयनीय अवस्थाको चित्रण पनि 'हिमाली गुराँसका पद्य रचनाले अभिव्यक्त गरेका छन् । जसमा बन्दका कारण गिट्टी कुट्न जान नसकी भोकै बस्नु परेको यथार्थ अवस्थाको चित्रण गरिएको छ । देशको राजनैतिक स्थितिका कारण देशमा सन्त्रास छाएकाले घरबाट बाहिर निस्केका मान्छे पनि घरमा फर्किने हुन कि होइनन भन्ने दोधारको स्थितिको चित्रण गरिएको छ । निर्दोष व्यक्तिहरुले पनि अनाहकमा ज्यान गुमाउनु पर्ने हुँदा दैनिक ज्यालादारी गर्ने व्यक्तिहरु पनि बन्दका कारण भोकै बस्नु परेको अवस्थालाई प्रस्तुत गरिएको छ ।  नेपालको राजनीतिक अस्थिरता र देशमा भएको हत्याहिंसालाई विषयबस्तुको रुपमा व्यक्त गरिएको वर्ष ४ पुर्णाङ्क १० मा प्रकाशित लुमडी आचार्यको 'बन्द' शीर्षकको कविताका केही अंशहरु-

साँहिलो आज गिट्टी कट्न जान सक्दैन
पुलिसले गिट्टि कुट्ने भन्दैन
कुनै पनि बेला
कुनै पनि ठाँउ
कुठाउँ
गोली चल्न सक्छ

अनाहक मानिस मर्न सक्छ
त्यसैले
सांहिलो आज गिट्टी कुट्न जान सक्दैन ।

शान्तिका अग्रदुत गौतम बुद्ध जन्मेको देशमा पनि रात दिन अपराधिक घटना भईरहेका छन् । अन्याय र अत्याचारको विरोध गर्ने नेपालीहरु झन झन यसैबाट प्रतडीत भइरहेको अवस्था छ । अन्याय र अत्याचारको अन्त्यका लागि ठेगेदारी गरिरहेका ठुलाबडाहरु त्यस्तो अवस्थामा मुखदर्शक बनेको परिस्थिति देखेर आश्चर्य प्रकट गरिएका पद्य रचनाहरु पनि हिमाली गुराँसमा प्रकाशित भएका छन् । कलम समात्ने हातले बम गोला समाएको देखेर 'यस्तो हुन्छ किन?' भनेर कविले नेपाल र नेपालीका बारेमा प्रश्नहरु गरेका छन् नेपालको राजनीतिक अवस्था देशमा बढ्दै गएको हत्या, हिंसा, आतङ्क, भ्रष्टाचार, अन्याय अत्याचारलाई देखेर कविले यसो हुनुको कारण के हो भनेर प्रश्नको उत्तर खोजिरहेका छन् । एउटै आमाका सन्तान एक आपसमा लडेर रगतको खोलो बगाएको देखेर दुःख प्रकट गरिएको छ । भाइ भाइ फुटेर होइन जुटेर मात्र देशको सेवा गर्न सकिन्छ भन्ने कुरालाई प्रस्तुत गर्न खोजेको देखिन्छ ।वर्ष ८ पूर्णाङ्क १६मा प्रकाशित सुशिला संजेलको 'यस्तो हुन्छ किन ?' शीर्षकको कविताका केहि अंशहरु-

बुद्धको यो प्यारो भूमिमा आज
डरलाग्दो भुईचालो आएको छ किन ?
अन्याय र अत्याचारको विरोध गर्ने नेपालीहरु
आज अन्याय र अत्याचारमा प्रख्यात छन किन ?
कलम समाउनु पर्ने ती कलिला हातहरुले आज
गोली, पेस्तोल र बमहरु समाउँदै छन किन ?
स्वतन्त्र भई बाँचेको मानिस
अन्धकारमा लुकेको छ किन ?

नेपालमा भएको प्राकृतिक सौन्दर्य, मेलमिलापको परम्परा र रहनसहनको प्रसंशा गर्दै भाइ भाइ झगडा गर्न छाडेर सम्झौता गर्दै शान्तिको बिगुल फुक्न आह्वान गरिएका रचनाहरुलाई पनि हिमाली गुराँसमा देख्न सकिन्छ । एकै देशका सन्तान हामी हातमा हात र काँधमा काँध मिलाई अघि बढ्न आग्रह गरिएको छ । हिंसावादी विकृति विसङ्गतिलाई छाडेर देशलाई शान्ति र प्रगतिको बाटोमा बढाउन पनि पद्य रचनाहरुले आह्वान गरेका छन् । प्राकृतिक सान्दिर्यले भरिपूर्ण हाम्रो देशमा युवाहरु एक आपसमा फुटेर होइन जुटेर अगाडि बढ्न आग्रह गरिएको छ । २०६० सालमा नेपालका माओवादी पार्टीको जनयुद्धको उत्कर्ष लाई आधार बनाइएको शम्भु बहादुर भण्डारीको 'शान्तिको कामना' शीर्षक कविताका केही अंशहरु-

डाँडा र काँडा भिर र जङ्गल रगतले भिजेको
के देख्नु पऱ्यो सो साठी सालमा आ-आफै मरेको
कतिले आज आहुती पाए आ-आफै लडेर
हुँदैन विकास यो देशमा युवा सव मरेर
हिंसा र आतंक छोडेर सबले सम्झौता गरौं न
सबै मिली शान्तिको विगुल चाँडै नै फुकौं न

## ख. देशप्रेम तथा प्रकृति प्रेमको प्रस्तुति

'हिमाली गुराँस'मा प्रकाशित थुप्रै पद्यमय अभिव्यक्तिहरु जसले स्वदेशको गान निकै सशक्त रुपमा गाएको पाइन्छ । देश र प्रकृतिलाई नै मानवीकरण गरेर त्यसका अङ्ग अङ्गहरुमा नवीन भाव तथा लहरहरुको तरङ्ग सिर्जना गरेका छन् । हिमाली गुराँसका धेरै जसो अङ्कहरुले यस्ता देशप्रेमी भावहरुलाई अभिव्यञ्जित गरेका छन् । जानुका थापाको **देशको परिस्थिति**,निर कुमार श्रेष्ठको **गजल**,लाख बहादुर दाहालको **सोच्नुपर्छ,** कृष्ण प्रसाईको **तिम्रो देश जस्तै**, प्रविना वाग्लेको '**यो देशले रङ्ग फेरेछ'** मनिषा सुबेदीको **किसान,** विनय राज श्रेष्ठको **'हिमाल'** छायाँदत्त न्यौपानेको **गीत** आदिले यस प्रवृतिलाई अँगालेका छन् । देशप्रेम तथा प्रकृति प्रेमको महिमा गान गरिएका केही पद्य रचनाहरुलाई नमूनाका रुपमा यसरी विश्लेषण गरिन्छ ।

प्रकृतिको अनुपम वर्णन गरिएका पद्य रचनाहरुले 'हिमाली गुराँस'मा मौलाउने अवसर पाएका छन् । हिमालमा देखिने हिउँलाई नेपाली टोपीको उपमा दिइएका कवितामा हिमाल पहाडबाट झरने झरनाले प्राकृतिक सौन्दर्यमा सुनमा सुगन्ध थपिएको अभिव्यक्ति दिएका छन् । सुन्दर प्राकृतिक हिमाललाई कविले पनि विषयबस्तु बनाएर कविता लेख्नमा रमाउँछन् । त्यसैले प्रकृति नै हाम्रो जननी हो र हाम्रो गौरव हो भन्ने कुरालाई हार्दिकताका साथ व्यक्त गरिएको छ । हिमाली गुराँस वर्ष ४ पूर्णाङ्क १० मा प्रकाशित विनय राज श्रेष्ठको 'हिमाल' शीर्षकको कविताका केही अंशहरु -

नसामा यसको रगत भएर सेतै बगेको
सेतोमा छाला बेरेको, सुन्दर अझ बनेको
शरीर यस्को हिउँले, उपर्ना बनी ढाकेको
झरना पनि यहीं नै झल्झल गरी झरेको

हिमाल कस्तो सुन्दर, देख्दैमा मन रमने
मुटुमा बस्ने हर्दम, सबको मन हरने
घामको पैलो किरण झुल्कन्छ यसको छातीमा
चम्किन्छ यसको शरीर हिउँको टोपी माथमा ।

नेपाल आमाको सुन्दरताको चर्चा गर्दै कतिपय पद्य रचनाहरुमा नेपालको गौरवलाई उच्च राख्ने काम गरिएको छ । गौतम बुद्ध, भृकुटी, जनक जस्ता विश्व प्रसिद्ध राष्ट्रिय विभूतिहरु पनि आफ्नै देशमा जन्मिएको कुरालाई गौरवका साथ चित्रण गरिएको छ । शहीदहरुको बलिदानले नेपाली धर्ती पनि पवित्र बन्दै गएको छ भन्दै नेपाल आमा प्रति कृतज्ञता व्यक्त गरिएको छ । नेपाल आमाको प्रशंसा मुक्त कण्ठले गरिएका पद्य रचनाहरुमा नेपालआमा माथि कसैले पनि कुदृष्टि नलगाओस भन्ने भाव व्यक्त गरिएको छ । वर्ष ८ पूर्णाङ्क १८ मा प्रकाशित प्रकृति देवकोटाको 'नेपाल' शीर्षकको कविताका केही अंशहरु-

होला संसारको कुन ठाँउमा
तिमी जस्ती राम्री आमा
जन्मे राजा जनक तिम्रै छातीमा
जनककी छोरी जानकी पनि तिम्रै काखमा

धर्ती पवित्र छ नेपालको
बलिदानले शहीदको
सहन सक्दैनौं हामी नेपाली
अपमान हाम्री नेपाल आमाको

आफ्नो देशमाथि हार्दिकता अभिव्यक्त गरिएका 'हिमाली गुराँस' भित्रका पद्य रचनाहरुमा नेपाल जस्तो हराभरा युक्त देशलाई एक कुशल आमाका रुपमा अभिव्यक्त गरिएको छ । आफ्नो देशको प्राकृतिक सौन्दर्य, सांस्कृतिक रीतिरिवाज, नेपालीपन, र कलासंस्कृतिलाई उच्च राख्ने काम पनि पद्य रचनाले गरेका छन् । देशप्रेम पूर्ण अभिव्यक्ति दिने पद्य रचनाहरुले नेपाली विविधतालाई झल्काएका छन् । नेपालको भौगोलिक स्थितिका साथै कला सौन्दर्य र नेपालीपनलाई गौरवका साथ उच्च राख्ने काम गरिएको छ । छायाँदत्त न्यौपानेको वर्ष १४ पूर्णाङ्क ३० मा प्रकाशित गीतका केही भावहरु-

धोती र कुर्ता दौरा सुरुवाल शिरमा टोपी छ
भोटी र दोचा घलेक कछाड चुल्ठोमा बुकी छ
लोसार होली दशैं रमजान छठको माया छ
गुम्बा र मठमन्दिर, मस्जिद चर्चाको ज्ञान छ

लेक र बेसी भाषा यी भेस नेपालीपन छ
दही र चिउरा गुन्द्रुक ढिंडो मकैको स्वाद छ
डाफे र मैना मयूर हात्ती चौरीको शोभा छ
सगरमाथा चन्द्र र सूर्य झण्डाको सान छ

देशप्रेमी तथा प्रकृतिप्रेमी कविले 'हिमाली गुराँस' भित्रका कलात्मक अभिव्यक्ति मार्फत आफ्नो देशलाई छोडेर कतै नजान पनि अनुरोध गरेका छन् । आफ्नै देशमा पसिना बगाएर सुन फलाउन सकिने अभिव्यक्ति पनि पद्य रचना मार्फत दिइएको छ । अर्काको देशमा कमारो भई रातदिन रोएर बस्नु भन्दा आफ्नै गाउँमा दुःख गरेर पसिना बगाउन सके हाम्रो देश पनि स्वर्ग जस्तो बनाउन सकिन्छ भन्दै विदेश नजान आग्रह गरिएको छ । प्राकृतिक सौन्दर्यको खानी नेपाललाई छाडेर विदेशीन नहुने कुरालाई यसरी व्यक्त गरिएको छ ।

सुन्छु म तिमी रुन्छौ रे एक्लै सम्झी हामीलाई
कमारो भइ जिन्दगी काट्ने नहोस है
आफ्नै गाउँमा भएको जे छ सन्तोष मान् है
सुन नै बन्छ धर्ती यो हाम्रो पसिना बगाए ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण हाम्रो देश भ्रष्ट्राचारी र घुसखोरीतन्त्रले गर्दा दिनप्रति दिन कुरुप र कमजोर बन्दै गएको दुःखलाग्दो स्थितिको चर्चा पनि 'हिमाली गुराँस'का पद्य रचनामा देख्न सकिन्छ । वीर गोर्खालीको देश भनेर संसारमा प्रसिद्ध हाम्रो देश गल्लीका भुस्याहा कुकुर सरह बन्न पुगेको कुरालाई दयनीय रुपमा चित्रण गरिएको छ । कला संस्कृतिले आफ्नो पहिचान उच्च राख्न सफल हाम्रो देश अनेक विकृति र विसङ्गतिले दिन प्रतिदिन कमजोर बन्न पुगेको कुरा पद्य रचनाहरुले चित्रण गरेका छन् । 'हिमाली गुराँस' वर्ष २ पूर्णाङ्क ३ मा प्रकाशित प्रविना वाग्लेको 'यो देशले रङ्ग फेरेछ' शीर्षकको कविताको केही अंशहरु-

कला र संस्कृतिको यो देश
जुवा र तासको अखडा बन्न पुगेछ
धर्मात्माहरुले फैलाउने यो देश
भ्रष्टाचारीको मौलाउने थलो भएछ

वीर गोर्खालीको यो देश
पुच्छर लुकाएर हिड्ने भुस्याहा कुकुर भएछ ।

### ग) प्रणय भावको अभिव्यञ्जना

सिङ्गो संसार नै माया प्रेममा अडेको छ भन्ने प्रेममय भावहरु 'हिमाली गुराँस'का पद्यरचना अभिव्यञ्जित भएका छन् । कतै प्रेम प्राप्तिका लहरहरुले 'हिमाली गुराँस'मा फैलाउने अवसर पाएका छन् भने कतै प्रेम पीडाका छटपटीहरु पनि त्यहाँ व्यक्त गरिएका छन् । एकातिर प्रेम प्राप्तिले पुलकित बनाएको छ त अर्कोतिर विछोडले व्यथित बनाएका रचनाहरु हिमाली गुराँसमा प्रशस्तै भेट्न सकिन्छ । यस्तै यस्तै प्रणय भावका अभिव्यक्तिहरु 'हिमाली गुराँस'मा फुलेका देखिन्छन् । रश्मी असफलको **जिउँदो लास**,विनेश राईको **वरपिपल** ,रामजी प्रसाद चौहानको **प्रेमीको प्रेम**, ओम लाल अकेलाको **विछोडको पीडा**, सविता गजुरेलको **खोजी**,कृति अधिकारीको **गजल**, गण्डकी पुत्रको **गीत** जस्ता पद्य रचनाहरुले प्रेमभावलाई सशक्त रुपमा उठाएका छन् ।

प्रेमको अभावमा एकपल पनि बाँच्न नसक्ने प्रेमीले आफ्नी मायालुको अनुपस्थितिमा जीवन नै अधुरो बन्ने भाव व्यक्त गरेको छ । मायालुसँगको मिलनले मात्र जीवन सार्थक बन्न सक्ने हुँदा विछोडको कल्पनासम्म पनि गर्न नसकिने कुरा व्यक्त गरिएको छ । 'हिमाली गुराँस' वर्ष ४ पूर्णाङ्क ११ मा प्रकाशित ओम लाल अकेलाको 'विछोडको पीडा' शीर्षकको कवितामा विछोड हुनुपर्दाको पीडा भावलाई यसरी व्यक्त गरिएको छ ।

एक्लोपनका आभाषहरु
सुस्तरी कम हुन नपाउँदै
तिमीले जाने कुरा गर्‍यौ
तिमीलाई,
आँखाबाट एकछिन
टाढा राख्न नसकिरहेको बेला
वर्षौको विछोडको कुरा गछर्यौ ।

जीवनभर सँगै मर्ने बाँच्ने कसम खाएका प्रेमी प्रेमिकाले एक आपसमा बिछोड हुँदा भोग्नु परेको दुःख कष्टलाई निकै मार्मिक रुपमा चित्रण गरिएको छ । बिछोडको पीडालाई प्रस्तुत गर्दै निष्ठुरीको अभावमा भोकप्यास, निद्रा सबै बिर्सेर उसको यादमा दिनहरु बिताउँदै गएको कुरालाई 'हिमाली गुराँस'का पद्य रचनाले निकै सशक्त रुपमा अभिव्यक्त गरेका छन् । एक अर्काको सुख दुःखमा साथ दिने र जीवनलाई सहज रुपमा बिताउने आशाका किरणहरु भत्किएपछि प्रेमिकाको मनमा आएको आँधी हुरीले भोक, प्यास र निद्रा खोसेर लगेको भाव पद्य रचनाहरु मार्फत  प्रस्तुत गरिएको छ । प्रेममा सफलता पाउन नसकेपनि प्रेमी प्रतिको प्रेम भाव अझै टुट्न नसकेको कुरा व्यक्त गरिएको छ । प्रेमी निष्ठुरी भएता पनि प्रेमिकाले हरपल उसैको आशमा दिनहरु व्यतित गर्न पुगेको कुरालाई 'हिमाली गुराँस'का  पद्यरचनाहरुले अभिव्यक्त गर्न खोजेका छन् । 'हिमाली गुराँस' वर्ष ३ पूर्णाङ्क ७ मा प्रकाशित गोवर्द्धन पूजाको गीतका कही अंशहरु-

उस्तै लाग्छ दिन पनि उस्तै लाग्छ रात<br>
निष्ठुरीले जबदेखि छोड्यो मेरो साथ<br>
हुरी चल्छ मन भरी आँखाबाट पानी<br>
दुःखै दुःख मात्र होकी मेरो जिन्दगानी<br>
भोक निद्रा उस्तै, उस्तै लाग्छ प्यास<br>
छाडी गएपछि पनि उस्तै लाग्छ आस

गाउँले परिवेशमा जन्मेको र आर्थिक असक्षमताका कारण आफुले हृदयदेखि चाहेको व्यक्तिसँग जीवन व्यतित गर्न नपाएको गुनासो गरिएको छ । साँचो प्रेममा भन्दा धनसम्पत्तिमा रमाउन खोज्ने बनावटी माया प्रेमलाई देखाउन खोजिएको छ । आर्थिक अवस्था कमजोर भएका कारण आफूले रोजेको मायालुसँग जीवन बिताउन नपाएका भावहरु पनि यहाँ भेट्न सकिन्छ । धन संम्पत्ति र सहरीया विलासी जीवनका निम्ति आफ्नो भन्नु प्रेमिका वाहेक अरु कोही नभएको र त्यही पनि छुट्नु पर्दा परेको पीडा व्यक्त गरिएको छ । धन संम्पत्ति नभएको निहुँमा  आफ्नो मायालुलाई पनि त्याग्न सक्ने

एउटा बनावटी मायाप्रेमलाई कटाक्ष गर्न खोजिएको कुरा तलका पंक्तिहरुले व्यक्त गर्न खोजेको देखिन्छ । प्रेममा धनी, गरीब, गाउँ, सहर जस्ता कुराले पनि  बाधा पुऱ्याउन सक्ने रहेछ भन्ने कुरालाई चित्रण गरिएको छ । वर्ष ८ पूर्णाङ्क १५मा  प्रकाशित नेत्र बूढाथोकीको गीतका केही भावहरु यहाँ अभिव्यञ्जित भएका छन् ।

तिमीलाई प्रेम गर्नु केवल एउटा रहर थियो
तिमीलाई राम्रो चाहिँ केवल एउटा सहर थियो
था भो होला सहर अब मेरो माया मिल्काइदिनु
चिठी मेरो बाँकी भए अगेनामा सल्काइदिनु
धन दौलत केही थेन गाउँको एउटा घर थियो
जिन्दगीमा आफ्नो भन्नु त्यही तिम्रो भर थियो

प्रेममय जीवनमा वसन्तको बहारको साथै कहिले काहीँ आँधीहुरी पनि आउन सक्छ भन्ने कुरालाई पनि यस 'हिमाली गुराँस'का रचनाले अभिव्यक्त गर्न खोजेका छन् । सधैंभरी प्रेमिकाको खुसीमा रमाउने प्रेमीले कहिलेकाहीँ अन्जानमा गल्ति भए पनि त्यसलाई ठूलो रुप लिन नहुने कुरालाई गीतका माध्यमबाट व्यक्त गर्न खोजिएको छ । प्रेममा कहिले खुसी त कहिले दुःखी हुनु  स्वाभाविकै हो । आगाढ माया भएर पनि परिस्थितिले गर्दा कहिले काहीँ सामान्य कुरामा पनि मनमुटाव हुन पुग्छ त्यस्ता क्षणीक कुरालाई लिएर समस्या निम्त्याउनु भन्दा आफूमै समाधानको बाटो खोज्नु बेस हुन्छ भन्ने कुरालाई तलका पंक्तिले व्यक्त गर्न खोजेका छन् । समयानन्द बज्राचार्यको वर्ष २ पूर्णाङ्क ३ मा प्रकाशित गीतमा यस्तै भावहरु अभिव्यञ्जित भएका छन्।

अधिकार हामी दुईको समान छ
गुनासो किन पोख्छ्यौ किन अरुसंग
मनमुटाव हुन्छ यो त स्वाभाविक हो
तिम्रो खुसीमा रम्ने म मान्छे
तिमीले हेला गर या माया गर

तिम्रो काखमा निदाउने म मान्छे ।

हरेक दुःख सुखमा साथ दिने वाचा गरेका प्रेम जोडीहरु एकछिन पनि एक अर्काको अनुपस्थितिमा तड्पिएर बाँचिरहेका हुन्छन । आफुलाई चर्चामा ल्याउनका लागि सानो निहुँमा पनि विभिन्न सञ्चार माध्यम मार्फत आफ्नो सम्बन्धमा तुषारापात परेको अभिव्यक्ति दिन खोज्ने र पछि त्यही गल्तीलाई सम्झेर तड्पिएर बाँच्नु परेको यथार्थ अभिव्यक्तिलाई पनि 'हिमाली गुराँस' का पद्य रचनाले पुष्टि गर्न खोजेका छन् । उमेश बुढाथोकीको वर्ष १५ पूर्णाङ्क ३२ मा प्रकाशित गीतका केही अंशहरु -

अब कति रोइ बस्छ्यो मात्र कल्पनाले
एकै छिनको दुरी पनि धोका सम्झिनाले
कविता र गीतमा पनि मेरै चर्चा गर्‍यौ
रेडियो र पत्रिकामा तिमीले हल्ला गर्‍यौ ।

तिमी बिनाको जिन्दगी जिउन सक्दिन भन्ने साथीले एका एक भएनभएका आक्षेप लगाउन थालेपछि मनभित्र डढेलो लाग्न थालेको कुरालाई व्यक्त गरिएका पद्य रचनामा किन र कसरी यस्तो भयो भन्ने प्रश्नहरु गरिरहेको छ । पवित्र मायामा अपवित्र शब्द प्रयोग गरी सच्चा प्रेमको परिभाषा नै गलत बन्न पुगेको कुरालाई गजलीय शेरहरुले देखाउन खोजेका छन् । गण्डकी पुत्रको वर्ष ३ पूर्णाङ्क ८ मा प्रकाशित गजलीय शेरहरु -

भनथ्यौ छुट्दैन यो साथ आज पोल्ने भयौ किन
मित्रताको महभित्र विष घोल्ने भयौ किन
छोइन हातले मैले टाढैबाट हेरिरहें
लियो हुर्मत पापीले यस्तो बोल्ने भयौ किन ।

### घ) परिवर्तनधर्मी चेतनाको अभिव्यञ्जना

साहित्य समाजको दर्पण हो । साहित्यले समाजमा भएका अन्धविश्वास, कुरीति, संङकिर्णता असमानता र संकुचन तर्फ सचेत हुँदै प्रगतीमार्गमा उन्मुख हुनु पर्दछ । सामाजिक सुधार र समुन्नतीका अभिव्यक्ति नगरिएका साहित्य केवल मनोरञ्जनमा मात्र सीमित हुन्छन् । त्यसैले परिवर्तनको अपेक्षा गरिएका रचनाले कुनै न कुनै कोणबाट सामाजिक परिवर्तनमा भूमिका खेलेका हुन्छन् । 'हिमाली गुराँस'मा प्रकाशित पद्य रचनाहरुले पनि सामाजिक परिवर्तनको अपेक्षा सहित प्रगतिको लागि आह्वान गरेको पाइन्छ । डा. घनश्याम खतिवडाको **म विश्वामित्र बन्नु हुँदैन**,विनोद कुमार सुनारको **अँध्यारो विरुद्ध,** शम्भु बहादुर भण्डारीको **शान्तिका कामना,** विक्रम शिशिरको **गजल**,राधा कार्कीको **प्रश्न,** बसन्त श्रेष्ठको **अब अलिकति मात्र बाँकी छ** जस्ता पद्य रचनाले परिवर्तनगामी भूमिका खेलेका छन् । यस्ता केही रचनाहरुलाई नमूनाका रुपमा यसरी विश्लेषण गरिन्छ ।

देशमा भैरहेको हत्या, हिंसा, आतङ्कबाट आक्रान्त जनताहरु मुक्तिकोबाटो खोजेको कुरालाई अधिव्यञ्जित गरिरहेका रचनाहरु 'हिमाली गुराँस'मा प्रकाशित छन् । नेपालआमा माथि भएका विभिन्न अन्याय अत्याचारहरुलाई परास्त पारी देशमा शान्तिको विगुल फुक्न आह्वान  गरिएको छ । व्यक्तिगत स्वार्थ त्यागी हामीको भावना लिएर काम गरेमा देश सधै प्रगतिपथमा अगाडि बढ्छ भन्दै समाजिक सुधारको चाहना गरिएको छ ।  आ-आफ्ना स्वार्थ त्यागेर देशको विकासमा अगाडि बढ्नु पर्ने कुरालाई लाख बहादुर दहालको वर्ष १५ पूर्णाङ्क ३२ मा प्रकाशित रचनाले पद्यशैलीमा यसरी व्यक्त गरेको छ ।

अँध्यारोमा रुमलिएकी आमा उज्यालो खोज्नुपर्छ
यो देशमा शान्ति ल्याउन सत्मार्ग रोज्नुपर्छ
झिना मसिना स्वार्थमा कति अल्झिरहनु
जन्मभूमिको बारेमा अब त सबैले सोच्नुपर्छ ।

विगतमा भएका सबै कालो मैलो त्यागेर वर्तमानमा मिलेर अगाडी बढ्नु पर्ने धारणाहरु पनि 'हिमाली गुराँस'मा प्रकाशित रचनाहरुले अभिव्यक्त गरेका छन् । नेपाल आमाका छोराछोरी सबै समान छौं ठूलो सानो भन्ने भावना नलिई एक आपसमा मिलेर मात्र देशको परिवर्तन सम्भव छ भन्ने यथार्थ कुरालाई प्रस्तुत गरिएको छ । वर्गीय विभाजनलाई त्यागेर समानतालाई अंगालेर अगाडि बढ्नु पर्ने धारणा व्यक्त गरिएको छ । अन्जानमा भएका रिस इबी त्यागेर एक अर्काको हृदयमा घुल्न सिक्नु नै मानवता हो भन्ने कुरा देखाउन खोजिएको छ । प्रत्येक नेपालीहरुले काँधमा काँध मिलाएर अगाडि बढ्यो भने जस्तो समस्यालाई पनि समाधान गर्न सकिन्छ भन्ने कुरालाई अभिव्यक्त गरिएको  ईशहाक हुसेनको वर्ष ८ पूर्णाङ्क १५ मा प्रकाशित केही गजलीय शेरहरु यहाँ प्रस्तुत गरिएको छ ।

आगतमा छोडी देऊ विगतका कुरा
आपसमा रिस ईबी अब भुल्नुपर्छ

एकै रंग रगतको रातो छ यो हाम्रो
एक अर्काको हृदयमा हामी घुल्नुपर्छ ।

अन्याय, अत्याचार, शोषण, दमन गर्ने शोषक सामन्तीहरुलाई हटाएर मात्र देशमा परिवर्तनको अपेक्षा गर्न सकिन्छ भन्ने कुरालाइ हिमाली गुराँसमा प्रकाशित रचनाहरुमा अभिव्यक्त गरिएको छ । शोषित वर्गहरु एक जुट भएर प्रतिकार गर्न सके मात्र देशमा परिवर्तन ल्याउन सकिन्छ । गाउँका सोझा साझा जनतालाई विभिन्न सपनाहरु देखाएर आफ्नो स्वार्थ पुरा गर्ने र तिनै सोझा जनतालाई अलपत्र पार्न खोज्ने भष्टाचारीहरुलाई समाजबाट हटाउनु पर्ने धारणालाई प्रस्तुत गरिएको छ । थुप्रै सपनाहरु बुनेर धेरै मानिसलाई पछि लगाउने भ्रष्ट नेताहरुका झोला बोकेर मात्र जीवनका  आकांक्षाहरु पुरा गर्न सकिदैन । त्यस्ता भ्रष्टाचारी मुखिया, नेता भनौदाहरुलाई पुराना अवशेषहरु हटाए जस्तै समाजबाट हटाएमा मात्र देशमा परिवर्तन हुनसक्ने कुरा बताइएको छ ।त्यसको निम्ति  हटेर होईन डटेर मात्र समाजमा सुधार ल्याउन सकिन्छ भन्ने कुरा व्यक्त गरिएको

छ । वर्ष १३ पूर्णाङ्क २८ मा प्रकाशित बसन्त श्रेष्ठको 'अब अलिकति मात्र बाँकी छ' शीर्षकको कविता का केही पंक्तिहरु -

बेर भए पनि अबेर भएको छैन
शुरु भए पनि अन्त्य कदापी भएको छैन
अब थकाई मार्न छाडेर
जुट्न मात्र बाँकी छ
पुराना अवशेष हटाउन
अब अलिकति
ठेल्न मात्र बाँकी छ

हामीले आफुले आफैलाई चिन्न र बुझ्न नसकेर पछाडी धकेलिएका हौँ । एकले अर्कालाई खुट्टा तान्ने प्रवृतिको अन्त्य गरी आफ्नो क्षमता र विवेकको प्रयोग गरी अगाडि बढ्न सिक्नुपर्छ । स्वार्थलाई त्यागेर हातेमालो गर्दै अगाडि बढेमा जस्तो सुकै समस्या पनि समाधान गर्न सकिन्छ भन्ने अभिव्यक्ति दिइएको भक्ति घिमिरे 'दुर्बोध'को वर्ष १२ पूर्णाङ्क २६ मा प्रकाशित 'हामी' शीर्षकको कविताका केही पंक्तिहरु -

आऊ न
मनको मैलो पखालेर
स्वार्थको जालो त्यागेर
हातेमालो गर्दै
सगरमाथा चुम्न जाऔं

देशमा परिवर्तनको खाँचो छ । हत्या हिंसाको अनुकरण गर्नुभन्दा आफ्नो माटोको संरक्षण गर्न जुटौँ । त्यसको लागि हातमा हात काँधमा काँध मिलाएर मात्र अगाडी बढ्न सकिन्छ भन्ने अभिव्यक्ति यी रचनाहरुमा दिइएको छ । परिवर्तनकारी दिशामा अगाडि

बढ्न आह्वान गरिएको शम्भु बहादुर भण्डारीको वर्ष ८ पूर्णाङ्क १५ मा प्रकाशित 'शान्तिको कामना' शीर्षकको कविताका अंश-

यो मातृभूमि माटोमा जन्मी केही त गरौंन
अर्काको सिको लिएर आफ्नो दाजुभाइ नमारौं
साग र सिस्नु खाएर बरु यो देशमा नाचौंन
हातमा हात काँधमा काँध मिलाई बाँचौन

## ङ) नैराश्यताको अभिव्यञ्जना

'हिमाली गुराँस' मा प्रकाशित पद्य रचनाहरुमा नैराश्यतावादी अभिव्यक्तिहरु पनि देख्न सकिन्छ । मान्छेको मनमा उब्जिने र निर्णायक भुमिका खेल्ने सङ्किणता विखण्डन भएका रचनाहरुले 'हिमाली गुराँस'मा स्थान पाएका छन् । मान्छेमा भएको वैराग्य, निरासता, शून्यता र उदासिनताको चित्रण गरिएको छ ।

सामाजिक परिवर्तनको वाहक मान्छे नै हो । उसले समाजमा धेरै काम गरेको हुन्छ । कुनै कामले सकारात्मक मोड लिन्छन भने कुनै कामले नकारात्मक मोड लिन्छन् । मान्छेले प्रगती चाहँदा चाहँदै पनि विभिन्न कारणले दुर्गतितिर लाग्न सक्छ । त्यसले मान्छेको जीवनमा नैराश्यता, उदाशिनता र बैराग्यता सिर्जना गर्छ । यस्ता रचनाहरु पनि 'हिमाली गुराँस'का पद्य रचनाहरुमा देखिन्छन् । गणेश खड्का अधिकारीको **आखिर किन यस्तो हुन्छ मलाई,** प्रमोद टन्डनको **अभिलाषा,** अजनवी तण्डुकारको **जीवन/रिक्तता** राजकुमार कुम्भजको **रुनुको नाममा,** रश्मी असफलको **जीउँदो लाश,** बसन्त प्रकाशको **गजल,** विर्खे अन्जानको **गीत** जस्ता पद्य रचनाले यस्तो प्रवृतिलाई औल्याएका छन् ।

मानिस एउटा बौद्धिक प्राणी भएता पनि उसमा मानवीयताको पन हराउदै गएको छ । मानिस आफ्नो कर्तव्यबाट विमुढ हुँदै गएको छ । मान्छेमा भएका यस्ता प्रवृतिहरु देखेर 'हिमाली गुराँस'का अङ्कहरुमा निराशा प्रकट गरिएको छ । विकास र प्रगतिको पथमा अगाडी बढ्नु पर्ने व्यक्ति आज विनास र विपत्तितिर उन्मुख हुन पुगेको

छ जसले मान्छेमा निराशता पैदा गरेको छ । मानव भएर पनि मानवताको भावना विकसित हुन नसकी पशुसरह बन्दै गएको कुरालाई व्यक्त गरिएको छ । मान्छेले गरेका कामहरु प्रति घृणा व्यक्त गर्दै निरासता र अधोगती तर्फ उन्मुख मान्छेको प्रवृतिलाई चित्रण गरेका छन् । मान्छेलाई विनासको पर्यायवाची ठान्दै मानव शब्द देखि नै घृणा उत्पन्न भएको अभिव्यक्ति प्रस्तुत गरिएको छ । 'हिमाली गुराँस' वर्ष २ पूर्णाङ्क ४ मा प्रकाशित प्रमोद टन्डनको 'अभिलाषा' शीर्षकको कविताका केही पंक्तिहरु -

आज मानव भन्ने वित्तिकै म
विनाश र विपत्ति सम्झिन पुग्छु
उसले गरेका घृणित कार्य
आँखा अगाडि झल्भली नाच्न थाल्छन
त्यसैले म विनाश मानव शब्दको
पर्यायवाची ठान्दछु
पृथ्वीको अस्तित्व संकटमा पारी....... भन्दैछन्
"विकाश भैरहेछ" द्रुत गतिमा अर्थके
विकाशको जव ! स्वयं आफ्नै खाडल खन्दै.......
बढीरहेछ......मानव भएर पनि मलाई
मानव शब्ददेखि घृणा लाग्छ ।

देशको राजनीतिक स्थिति र आर्थिक स्थिति कमजोर भएको कारण जस्तो सुकै दुःख सहेर पनि जीवन गुजार्नु परेको निराशाजनक स्थितिको चित्रण गरिएको छ । बिहान साँझ नुन तेलको जोहो गर्नको लागि जस्तो सुकै काम गर्दा पनि असहज स्थिति सामना गर्नुपरेकोले धिक्कारको कर्म गुजारिरहेको सन्दर्भलाई व्यक्त गरिएको छ । देशको परिस्थितिका कारण मान्छेको मनमा नैराश्यता उत्पन्न भएको र मनमा डर, चिन्ता वढ्दै गएको कुरालाई शसक्त रुपमा व्यक्त गरिएको छ । दुःख कष्ट झेलेर पनि प्रगतिपथमा लम्किन खोजिएको भएता पनि समाज र सिङ्गो मुलुकको दुरावस्थाले हरेक मानिसको

मनमा डर त्रासले  डेरा जमाएको अभिव्यक्तिहरु 'हिमाली गुराँस'का पद्य रचनामा देख्न सकिन्छ ।

आफ्नै घर हो दुखै सहेर बस्छु भन्छु
कतै रुखले किचेर मर्छु कि भन्ने डर
घामको रापले डढ्छु कि भन्ने डर

जुन काम गराए पनि गर्नै पऱ्यो
टाउको सुस्ताउने ठाँउ पाएको
दोष कसलाई दिनु
आफ्नौ कर्मलाई धिक्कारीरहेछु ।

मान्छेको जीवनलाई पूर्णता नभई रिक्तता भित्रको पनि रिक्तता भन्दै कुमालेको चक्रसंग तुलना गरिएको छ । आशा नभई निरासाको प्रतिकको रुपमा जीवनलाई स्वीकारिएको छ । जीवन अभावै आभाव र तनावै तनावले भरिएकोले जीवनमा सोचेका कुराहरु कहिल्यै पनि पूरा हुन नसकेको कुरा अभिव्यक्ति गरिएको छ । जिन्दगीलाई अभाव र तनावको उपनाम दिएर जीवन भोगाईको असन्तुष्टिलाई व्यक्त गरिएको 'हिमाली गुराँस'  वर्ष २ पूर्णाङ्क ५ मा प्रकाशित अजनवी तण्डुकारको 'जीवन/रिक्तता' शीर्षकको कविताका केही अंशहरु-

बाँच्नु र मर्नुको
झिनो त्यान्द्रोमा बुनिएको जीवन
अझ अत्तालिएको छ
विथोलिदै भक्कानिएको छ
अभाव/ तनाव
जीन्दगीका उपनामहरु लिएर
बाँच्नुको / जीवन भोगाईको

विरक्तता आँखाबाट पोखिएको छ
अन्ततः जीवन
केवल रिक्तताभित्रको रिक्तता
सत्यता भित्रको कटुता हो .........।

ठूला ठूला इच्छा र आकांक्षा लिएर अगाडि बढ्न चाहे पनि विभिन्न कारणवस त्यो पूरा हुन नसकेपछि जीवनमा निराशता छाएको छ । आफूले सोचेको जस्तो जीवन जिउन नसकेपछि सबै सपनाहरु चकनाचुर हुन पुगेको नैराश्यताका भावहरु अभिव्यक्त गरिएको रश्मी असफलको वर्ष ८ पूर्णाङ्क १७ मा प्रकाशित 'जीउँदो लाश' शीर्षकको कवितामा जीवनलाई एउटा जिउँदो लाशको उपमा दिइएको छ ।

खाली यो मन अझ रित्तो भयो
खुसी र उमङ्गहरु क्षितिजपारी गयो
जसलाई सोचे आफ्नो भयो पराई
त्यसपछि त यो मन निराशमात्र भयो
साँच्चिकै यो जीवन जिउँदो लास भयो ।

## ३.२.२ शिल्प संरचनाका आधारमा 'हिमाली गुराँस' मा प्रकाशित पद्यात्मक रचनाहरुको विश्लेशण

विधागत रचनाहरुको अध्ययनमा शिल्प संरचनाको अध्ययन पनि आउने गर्दछ । 'हिमाली गुराँस' का पद्य रचनाहरु विधागत सचेतता के कस्तो छ ? भन्ने पक्षबाट पनि अध्ययन गरिनु आवश्यक देखिएकाले त्यसै आधारमा केही प्रतिनिधि पद्य रचना छनौट गरि विश्लेषण गरिएको छ । विशेष गरी नयाँ प्रतिभालाई स्थान दिएको 'हिमाली गुराँस'मा प्रकाशित पद्य रचनाहरुको शिल्प संरचना राम्रो देख्न सकिन्छ । यद्यपी कुनै रचनाहरुमा शिल्प संरचना कमजोर पनि देखिन्छ । त्यसैले यस खण्डमा प्रचलित विधागत मान्यतालाई आधार बनाई विश्लेषणको आधारको रुपमा अपनाइएको छ ।

### क) शीर्षक

शीर्षक चयनका दृष्टिले 'हिमाली गुराँस' का रचनाहरु मिश्रीत खालका देखिन्छन् । शीर्षकबाट पनि रचनाको प्रभावकारिता बढ्न जाने हुनाले पद्य रचनामा शीर्षकलाई अत्यावश्यक तत्वका रुपमा लिने गरिन्छ । 'हिमाली गुराँस' भित्रका प्रायः जसो पद्य रचनाहरु शीर्षक चयनका दृष्टिले सुहाउँदा छन् । यद्यपी कतिपय रचनाहरुलाई भने उचित शीर्षक नदिईएको पनि पाइन्छ । शीर्षकले नै ती रचनाहरुको विधागत पहिचान सङ्कटमा परेको पनि पाइन्छ ।

### अ) अभिधात्मक

शीर्षकबाट रचनाको विषयबस्तु सोझो अर्थमा बुझ्न सकिन्छ भने त्यो अभिधात्मक शीर्षक हुन्छ । 'हिमाली गुराँस' का पद्य रचनामा अभिधात्मक शीर्षकहरु पनि रहेका छन् । सिङ्गो पद्य रचनाको अभिधात्मक अर्थ अभिव्यञ्जित हुने शीर्षक रचना यो कोटीमा पर्दछन् । तलका कवितांशबाट 'टुकीको जोहो' शीर्षक अभिधात्मक रहेको बुझिन्छ । नदीनालाले भरिएको हाम्रो देशमा रातदिन लोडसेडीङको मार खेपेर बस्नु परेकोले समयमै टुकी बत्तीको जोहो गरी सचेत रहन आह्वान गरिएको छ । जसले गर्दा यसको शीर्षक अभिधात्मक रहेको पुष्टि हुन्छ ।

झल्याकझुलुक कहिले काहीँ बिजुली आउँछ
जाने र आउने उसको चाला चटक जस्तो छ
फर्कनु चाहीँ हुदैन अब आदिम युगमा
टुकीको जोहो मिलाई बसौँ भलो छ यसैमा ।

### आ) लक्ष्यार्थक

लक्ष्यका तहमा अर्थ व्यञ्जित हुन्छ भने लक्ष्यार्थ हुन्छ । घुमाउरो पारामा केही भन्न खोजिनुलाई लक्ष्यार्थ भनिन्छ । यस्ता लक्ष्यार्थक शीर्षक पनि ‘हिमाली गुराँस’का पद्य रचनामा देख्न सकिन्छ । कला, संस्कृति र धार्मिक सहिष्णुताले भरिपूर्ण देश जुवातास र भ्रष्टाचारीको थलो बन्न पुगेको कुरालाई लक्ष्य गरिएकोले तलका पंक्तिहरुबाट ‘देशले रङ्ग फेरेछ’ शीर्षक लक्ष्यार्थक रहेको  थाहा हुन्छ ।

कला र संस्कृतिको यो देश
जुवा र तासको अखडा बन्न पुगेछ
धर्मात्माहरुले फलाउने यो देश
भ्रष्टाचारीहरुको थलो भएछ ।

### इ) ध्वन्यार्थक

ध्वनिका तहमा शीर्षकबाट रचनाको अर्थ व्यञ्जित हुन्छ भने त्यो शीर्षक ध्वन्यार्थक हुन्छ । यसको घुमाउरो पारामा भनिएको कुरा बुझ्न केही दिमागी कसरतको अपेक्षा गरिन्छ । ‘हिमाली गुराँस’को वर्ष ८ पूर्णाङ्क १५ का प्रस्तुत पद्याम्समा देशको परिस्थिति देखेर कानमा तेल हालेर बस्ने राजनीतिक शासक भएको कुरा ध्वनिका तहमा व्यञ्जित भएकाले ‘पापी हुँ पापी हुँ म’ शीर्षक ध्वन्यार्थक रहेको पुष्टि हुन्छ ।

पोलिन्छन् जिउँदै अबोध शिशु हा ! त्यो दृश्य देख्दा पनि
चर्को हार गुहार सुन्छु नसुने झै गर्छु ढुंगो बनी ।

धुवाँ उड्दछ लासको गगनमा आँधी बनी हेर्छु म
त्यो बिभत्स कुकर्म हेरिरहने पापी हुँ म पापी हुँ म ।

### ई) बिम्बात्मक

कुनै कृति मुख्य कथ्य (कथन गरिएको: प्रस्तुत) अर्थको सहचर प्रतिछायाको रुपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ विम्व हो (त्रिपाठी,न्यौपाने,सुबेदी२०६५:२०) । कुनै रचना अध्ययनका क्रममा पाठकको मानसपटलमा प्रस्तुत हुने बिम्बलाइ शीर्षकबाट नै प्रक्षेपित गरिएका रचनाहरु यसको कोटीमा पर्दछन् । वर्ष १३ पूर्णाङ्क २८ मा प्रकाशित मोहन दुवालको 'त्यो विचरो गाउँमा' शीर्षकले नै पाठकको मष्तिष्कमा एउटा गाउँको गरिब परिवारको दयनीय अवस्थाको बिम्ब तयार पार्न सफल देखिन्छ ।

काठे लिस्नु
माटोको लिउन
च्यातिएको सुकुल
चर्किएको थाम
भ्वाङ परेको दलान
चुहिएको छाप्रो घरमा
हर्क बहादुर आँशु चुहाइरहेछ
मीन बहादुरको मृत्युमा

### उ) प्रतिकात्मक

प्रचलित शब्दका अर्थमा भन्दा भिन्न वा अन्य अर्थलाई जनाउने दृश्य वस्तु वा कार्यव्याापार नै प्रतिक हुन (लुइटेल २०६० : ३०) । कुनै कुरा भन्दा अन्य कुरामा आरोप गरी भनिएपछि प्रतिकात्मक हुन्छ । वर्ष १४ पूर्णाङ्क २९ को बम बहादुर जितालीको 'भाले जुधाइ पोथीको मिचाई' शीर्षकमा प्रतिकात्मकतालाई राम्रोसंग प्रष्ट पारिएको देख्न सकिन्छ ।

भालेबीच चेपिएर अण्डा फुट्न थाले
भागवण्डा लगाएर खान थाले भाले
राष्ट्ररुपी अण्डा सवै भागवण्डा लाए
भालेहरु मिलीजुली खानसम्म खाए

## ख) संरचना

पद्य सिर्जनाका संरचनालाई प्रस्तुत गर्दा २ संरचनात्मक भेद देखा पर्दछन् , आन्तरिक संरचना र वाह्य संरचना । गण पाउ पंक्ति अनुच्छेद आदि वाह्य संरचनामा पर्दछन् भने कथन पद्दतिका विविध रुप आन्तरिक संरचना अन्तर्गत पर्दछन् । ( नेपाली कवितालाई संरचनात्मक दृष्टिले हेर्दा 'हिमाली गुराँस' भित्रका पद्य रचनाहरुको संरचना पक्ष सबल नै देखा पर्दछ । तीन लाइनका हाइकु, चार लाइनका मुक्तक देखि केही पंक्ति श्लोक वा अनुच्छेदमा संरचित कविता रचनाहरु 'हिमाली गुराँस'मा रहेका छन् । 'हिमाली गुराँस' का प्रायः पद्य रचनाहरु लघु तथा मझौला आकारमा संरचित छन् । प्रस्तुत चार लाइन लघु संरचनाको पद्यात्मक उदाहरण

विगतलाई एकपल्ट फर्केर हेर्नुपर्छ
भविष्यलाई एकपल्ट पर्खेर हर्नुपर्छ
कुनै दिन सफलता त अवश्य मिल्नेछ
हामीले सधै परिश्रम खर्चेर हेर्नुपर्छ ।

## ग) लय विधान

लय विधानका दृष्टिले 'हिमाली गुराँस' भित्रका रचनामा विविध लय माधुर्यको सुसंयोजन भेट्न सकिन्छ । शार्दूलविक्रीडित, अनुष्टुप एवं मुक्तलयकमा 'हिमाली गुराँस'का रचनाहरुको संयोजन देख्न सकिन्छ । प्रायः मुक्तलयका गद्य कविताहरु 'हिमाली गुराँस'मा बढी देख्न सकिन्छ । यद्यपी ती कविताभित्रको आन्तरिक लय माधुर्यले 'हिमाली गुराँस' भित्रका कविताहरु पठनीय लाग्छन् । संख्यात्मक रुपमा थोरै भएता पनि छन्दमा संरचित 'हिमाली गुराँस' भित्रका कविताहरु छन्द संरचनामा सशक्त र श्रुतिमधुर रहेका

छन् । वर्ष ९ पूर्णाङ्क १९ मा प्रकाशित गोर्खे साइँलोको मित्रलाई 'पितृ-शोक' शीर्षकको कविताले वर्ण मात्रिक लय अन्तर्गत शार्दूल विक्रीडित छन्दको प्रतिनिधित्व गर्दछ ।

आयो के खबरै सुनेर तनका आँखा रसाइरहे
मेरा मित्र थिए कठै बिमल जी शोकै परेको छरे ।
सासूका नुन खोलिदा घरपिता स्वगै भएका अरे
भाइको सँगमा रहेर उनले दश पिण्ड दानै गरे ।

## घ) भाव विधान

भाव विधान सिर्जनाको मेरुदण्ड मानिन्छ । 'हिमाली गुराँस' भित्रका पद्य रचनामा विविध भाव संयोजन देखिन्छ । जीवन जगतका विविध रुपहरु 'हिमाली गुराँस' का पद्य रचनामा भेटिन्छन् । स्वदेशी भाव विसङ्गत समाजको चित्रण परिवर्तनको चाहना, विकृतिको भण्डाफोर तथा प्रेम प्रणयका भावहरु 'हिमाली गुराँस' भित्रका पद्य रचनामा पाउन सकिन्छ । 'हिमाली गुराँस' का समग्र पद्य रचनाको अध्ययन बाट भाव पक्ष सबल र कसिलो रहेको पाइन्छ । 'हिमाली गुराँस' वर्ष ४ पूर्णाङ्क १० मा प्रकाशित विजयराज श्रेष्ठको 'हिमाल' शीर्षकको कविताका पंक्तिले स्वदेशी भावलई व्यक्त गरेका छन् । विभिन्न भावहरु मध्ये बाट स्वदेशी भावको कवितांशलाई उदाहरणका रुपमा दिइएको छ ।

नसामा यसको रगत भएर सेतै बगेको
सेतोमा छाला बेरेको सुन्दर अझ बनेको
शरीर यसको हिउँले उपर्ना बनी ढाकेको
झरना पनि यहीँ नै झल्झल गरी झरेको

## ङ) कथन पद्धति

कथन कला नै कथन पद्धति हो । स्रष्टाले अभिव्यक्ति प्रस्तुत गर्दा लिएको स्थानका आधारमा कथन पद्धति निर्क्योल गर्न सकिन्छ । स्रष्टा आफूले नै प्रथम पुरुष शैलीमा

अभिव्यक्ति प्रस्तुत गर्दछ भने त्यो कथन पद्धति कवि प्रौढोक्ति हुन्छ । स्रष्टाले अरु कसैलाई अभिव्यक्तिको प्रस्तुतिमा उभ्याउछ भने त्यो कवि निवद्ध वक्तृ प्रौढोक्ति कथन पद्धति हुन्छ । कथन पद्धतिलाई दृष्टि विन्दु पनि भनिन्छ ( त्रिपाठी र सुवेदी २०६५: १)। कथन पद्धतिका सन्दर्भमा 'हिमाली गुराँस' भित्रका पद्य रचनाहरुमा मिश्रित कथन पद्धति पाइन्छ । 'हिमाली गुराँस' को वर्ष १५ पूर्णाङ्क ३२ मा भएको पद्यांम्समा कवि निवद्ध वक्तृ प्रौढोक्ति कथन पद्धतिको प्रयोग भएको देखिन्छ ।

अब कति रोइ बस्छ्यौ मात्र कल्पनाले
एकैछिनको दुरी पनि धोका सम्भिनाले
कविता र गीतमा पनि मेरै चर्चा गऱ्यौ
रेडियो र पत्रिकामा तिमीले हल्ला गऱ्यौ ।

## च) व्यञ्जना विधान

शब्द र अर्थ दुवैका कारणले कुनै उक्ति, कथन वा कृतिमा प्रस्तुत वा कथित भन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ पारदर्शकका साथ भल्कन्छ, त्यो स्थिति व्यञ्जना हो ( त्रिपाठी र सुवेदी २०६५ : २१) । व्यञ्जना विधानका दृष्टिले पनि 'हिमाली गुराँस' भित्रका पद्य रचनाहरु सशक्त नै रहेका छन् । विभिन्न प्रतिकलाई प्रस्तुत गरी व्यञ्जनागम्य अर्थ सम्प्रेषण गर्न 'हिमाली गुराँस' का स्रष्टाहरु सफल रहेका देखिन्छन् । वर्ष १४ पूर्णाङ्क २९ मा प्रकाशित बम बहादुर जितालीको 'भालेको जुधाई पोथीको मिचाई' शीर्षकको कविता भावका केही अंशहरु-

चारैतिर जुधाएर भ्रष्टाचारी भाँडो
दिनदिनै उठाएर महङ्गीको डाँडो
ठूलाठालू भालेहरु ससुराली सरे
सिधासाधा पोथीहरु बिचल्लीमा परे ।

## छ) भाषा शैली

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको ढाँचा हो । यी दुबैलाई काव्यकलाका आवश्यक तत्व मानिन्छ । साहित्यिक अभिव्यक्तिमा यी दुवै तत्वहरु एक अर्कामा अन्तर्मिश्रित भएर प्रस्तुत हुन्छन् । सिर्जनात्मक रचनामा भाषा शैली सुकोमल सुवोध सुललित हुनुपर्छ भने व्यञ्जनायुक्त र लयत्मक शैलीको पनि उत्तिकै अपेक्षा गरिन्छ । 'हिमाली गुराँस' मा प्रयुक्त रचनाहरुको अध्ययनबाट पनि भाषा शैली सुकोमल, सुवोध, सुललित , व्यञ्जनात्मक, लयात्मक रहेको कुरा पुष्टि हुन्छ । वर्ष १५ पूर्णाङ्क ३३ मा प्रकाशित वसन्तराज अज्ञातको 'खाली खाली पानाहरु शीर्षकको गीतबाट प्रस्तुत अंश-

कुम्लो पारी व्यथाहरु फाल्न मिल्ने भए
आगो पनि दन्काउँथे गाल्न मिल्ने भए
चस्सचस्स घोचिराख्ने, पाएँ काँडा मात्रै
हिँडेकोथे एकातिर पुगिएछ अन्तै ।

## ज) अलङ्कार

कुनै कृतिमा कथ्य अर्थको सहचर प्रतिच्छायाका रुपमा आउने अर्को सह प्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो । जीवनजगतका विविध सन्दर्भ र सामग्रीबाट बिम्ब विधानन हु सक्छ र अर्थालङ्कारहरु बिम्ब विधानकै उपक्रम हुन (त्रिपाठी र सुवेदी २०६५: २०,२१) । 'हिमाली गुराँस' भित्रका पद्य रचनाहरुको अध्ययनमा अलङ्कार र बिम्बविधानको समृद्ध अवस्था देखिन्छ । 'हिमाली गुराँस' भित्रका पद्य रचनाहरुमा बिम्ब अलङ्कारको आयोजना स्वतःस्फूर्त रुपमा भएको देखिन्छ । वर्ष १५ पूर्णाङ्क ३३ मा प्रकाशित कृष्ण बाउसेको मुक्तकका केही पंक्तिहरु-

प्रेम घाम हो, यो प्रेमीको आकाशमा बर्सन्छ
प्रेम पानी हो, यो प्रेमीको आकाशमा बर्सन्छ
तर खडेरी र बाढी देखाएर नतर्साउनु प्रेमीलाई
प्रेमै नरहे त संसार त्यसै चिसिन्छ, यसै मरुभूमि हुन्छ ।

## ३.३ निष्कर्ष

'हिमाली गुराँस' मा प्रकाशित पद्य रचनाहरुको अध्ययनबाट के निष्कर्षमा पुग्न सकिन्छ भने जुन विधागत सचेतता अर्थात शिल्पगत सचेतता कवितामा देखिन्छ अन्य विधामा त्यस भन्दा केही कम देखिन्छ । सम्पूर्ण अङ्कहरुको अध्ययनमा गजल, मुक्तक, गीत, हाइकुका रुप रहेका भएता पनि केही रचना विधागत शिल्पसंरचनामा नरही कवितात्मक अभिव्यक्तिको रुपमा रहेको पनि पाइन्छ । शिल्पगतरुपमा हेर्दा पनि 'हिमाली गुराँस' भित्रका रचनाहरु परिस्कृत र परिमार्जित रहेका छन् । मुक्तलयमा रचेका रचनाको तुलनामा छन्द ढाँचामा रचिएका रचनाको संख्या अत्यन्त न्यून देखिन्छ । यसरी नवीन शिल्प र शैलीका पद्य रचानाहरुसँगै शास्त्रीय शिल्पका आधारमा रचिएका रचनाहरुले 'हिमाली गुराँस' पत्रिकाको साहित्यिक योगदानलाई प्रभावकारी र मूल्यवान बनाउनमा सहयोग पुऱ्याएका छन् ।

# चौथो परिच्छेद
# 'हिमाली गुराँस'मा प्रकाशित गद्य रचनाहरुको विश्लेषण

## ४.१ विषय प्रवेश

'हिमाली गुराँस' पत्रिकाको समग्र अध्ययनमा गद्यका विविध रचनाहरु रहेका पाइन्छन् । कथा, निवन्ध, समालोचना, संस्मरण, पत्र समीक्षा, कुराकानी, अन्तवार्ता तथा अन्य लेखहरु यसभित्र रहेका छन् । परिमाणात्मक रुपमा हेर्दा गद्य रचनाहरुमा कथाको संख्या बढी रहेको पाइन्छ । केही पुराना तथा नाम चलेका स्रष्टाका साथै नयाँ सिकारु स्रष्टाका गद्य रचनाहरु पनि 'हिमाली गुराँस'मा प्रकाशित भएका छन् । केही गद्य रचनाहरु कमजोर शिल्पका देखिए पनि अधिंकाश गद्य रचनाहरु सशक्त, प्रभावकारी र पठनीय रहेका छन् ।

'हिमाली गुराँस' भित्रका गद्य रचनाहरुलाई हेर्दा कथा नै सशक्त र प्रवल रुपमा देखापर्छ । 'हिमाली गुराँस' भित्रका समग्र अङ्कहरुको अध्ययनमा १०८ वटा कथााहरु प्रकाशित भएका छन् । कथाका लघु तथा मझौला रुपलाई 'हिमाली गुराँस'ले आत्मसात् गरेको छ । यस भित्रका कथाले विविध विषय सन्दर्भ, प्रसङ्ग, विषयवस्तु र प्रवृत्तिलाई आत्मसात गरेका छन् । खासगरी 'हिमाली गुराँस' भित्रका कथाहरुमा वर्गीय विभेदको प्रस्तुति, प्रणय भाव तथा यथार्थवादको प्रस्तुतिसँगै अन्य विषय सन्दर्भका कथाहरु प्रकाशित भएका छन् ।

कथा बाहेक 'हिमाली गुराँस' मा निवन्ध, समालोचना संस्मरण, नाटक जस्ता गद्य रचनाहरु रहेका छन् । समसामयिक विकृति विसङ्गतिलाई व्यङ्ग्य गर्दै हाँस्य सिर्जना गर्ने निवन्धहरु पनि 'हिमाली गुराँस'मा देख्न सकिन्छ । त्यस्तै समालोचनात्मक कृतिहरु पनि यसमा प्रकाशित भएका छन् । ख्यातिप्राप्त स्रष्टाका कृति तथा कृतिभित्रका कुनै एक रचनाहरुलाई समीक्षा गरिएका रचनाहरुले 'हिमाली गुराँस'को साहित्यिक क्षेत्रलाई अझ बढी रोचक बनाएका छन् । त्यस्तै कतिपय निकै घतिला संस्मरणात्मक लेख रचनाहरुले पनि 'हिमाली गुराँस'का साहित्यक अङ्कहरुमा सुनमा सुगन्ध थप्ने काम गरेका छन् ।

जीवनका उकाली ओरालीमा आइपरेका सुख दु:खका घटनालाई 'हिमाली गुराँस' भित्रका स्रष्टाहरुले निकै कलात्मक रुपमा प्रस्तुत गरेको छन् । यसमा निवन्ध संस्मरण र लेख गरी जम्मा ६८ रचना प्रकाशित भएका छन् । १२औं र १३ औं अङ्कलाई नाटक विशेषाङ्कका रुपमा प्रकाशित गरेको 'हिमाली गुराँस'ले जम्मा ११ वटा नाटकलाई हालसम्मका अङ्कमा प्रकाशित गरेको पाइन्छ । गद्य विधाहरु धेरै भएकोले सवैको एकै पटक अध्ययन गर्न असजिलो हुने भएकोले छुट्टा छुट्टै अध्ययन गरिएको छ । जसअन्तर्गत सर्वप्रथम  कथाको विश्लेषण गरिन्छ । त्यस पछि क्रमश निवन्ध, नाटक, संस्मरण, समालोचना र अन्य विधाको विश्लेषण गरिने छ ।

## ४.२ विश्लेषणका आधारहरु

'हिमाली गुराँस' मा प्रकाशित गद्य रचनाहरुलाई हेर्दा ती रचनाहरु  विविध विषयवस्तु र प्रवृतिका देखिन्छन् । साहित्यका विधामध्ये दोस्रो स्थान पाएको गद्य रचनाहरुले 'हिमाली गुराँस'लाई हराभरा बनाएका छन् ।  साहित्येतर  रचनाका तुलनामा परिमाणात्मक दृष्टिले बढी देखिने साहित्यिक रचनाहरु विषयवस्तुको प्रभावकारिता, भाव सम्प्रेषण, युगीन चेतना आदिका प्रस्तुतिका आधारमा  सशक्त  रहेका देखिन्छन् । विषयवस्तुको गम्भिरता, कलात्मक अभिव्यञ्जना, स्थापित स्रष्टाका सिर्जनाहरु र विषयवस्तुको विविधतालाई प्रतिनिधि छनोट र विश्लेषणको आधारका रुपमा अवलम्वन गरिएको छ । वैचारिक तथा राजनैतिक आग्रहका लेख तथा साहित्येतर लेख रचनाहरुलाई भने यसको अध्ययन क्षेत्रभित्र राखिएको छैन । विधागत विविधता, परिमाणात्मकता र गुणात्मक विशिष्टताका आधारमा प्रतिनिधि रचनाहरुको विश्लेषण गर्ने काम यस शोधकार्यमा गरिएको छ ।

## ४.२.१ विषयवस्तु तथा प्रवृत्तिका आधारमा 'हिमाली गुराँसमा प्रकाशित कथाहरको विश्लेषण

### क) निम्न वर्गका मानिसको जीवनको जटिलतम अवस्थाको चित्रण

'हिमाली गुराँस' मा प्रकाशित कथाहरुमा निम्न वर्गका मानिसको आर्थिक अवस्था र त्यसले निम्ताएको कठिन परिस्थितिको चित्रण गरिएको छ । समाजमा धनी वर्गद्वारा गरीब वर्गमाथि हुने गरेका अन्याय अत्याचार, शोषण, दमन आदिको कलात्मक रुपमा चित्रण गरिएको छ । बिहान वेलुका एक गास खानको लागि गर्नु परेको दु:खपूर्ण अवस्थाको चित्रण गरिएको छ । यसै  आधारमा केही कथाहरुलाई नमूनाको रुपमा प्रस्तुत गरिएको छ ।

श्री आभा शर्माद्वारा देखिएको 'पीडा' शीर्षकको कथा 'हिमाली गुराँस' वर्ष ९ पूर्णाङ्क १९ मा प्रकाशित भएको छ । एक दिन साहुको मेलामा नगए घरमा चुल्हो बल्न नसक्ने गरीब मजदुर र साहुले तिनै असहाय मजदुर माथि गरेको अन्याय अत्याचारलाई मार्मिक रुपमा प्रस्तुत गरिएको छ । गरीब परिवारकी छोरी मुसीलाई प्रमुख पात्रका रुपमा उपस्थित गराइएको यस कथामा गरीबले भोग्नु परेको अन्याय अत्याचारलाई प्रस्तुत गरिएको छ । जतिसुकै अन्याय अत्याचार सहेर पनि साहुको मजदुरी गर्न वाध्य गरीबहरुले न्याय पाउन नसकेको कुरालाई प्रस्तुत कथामा चित्रण गरिएको छ । समाजमा साहु महाजन नै हाम्रा सर्वस्व हुन उनीहरु बिना हामी बाँच्न सक्दैनौं भन्ने मनस्थितिले गर्दा गरीब मजदुर विभिन्न समस्याबाट पार पाउन नसकेको यथार्थ कुरालाई यस कथाले देखाउन खोजेको छ । रैखिक ढाँचामा लेखिएको यस कथामा आदि मध्य र अन्त्यको श्रृङखला भेट्न सकिन्छ ।

विवेक वाइवाद्वारा लेखिएको 'काम पाउने आशामा' शीर्षकको कथा 'हिमाली गुराँस' वर्ष ८ पूर्णाङ्क १५ मा प्रकाशित छ । वर्षमा एक पटक आउने नेपालीहरुको महान चाड दशैंलाई मुख्य विषयवस्तु बनाइएको यस कथामा गरीबीका कारण खान नपाइ मृत्युवरण गर्नु परेको दु:खद घटनालाई प्रस्तुत गरिएको छ । गरीब परिवारको आर्थिक अवस्थाको चित्रण गरिएको यस कथामा कर्मी कान्छालाई मुख्य पात्रको रुपमा प्रस्तुत

गरिएको छ । बूढी आमा र छोराछोरीलाई दशैँको अवसरमा राम्रो लाउन र मीठो खान दिने सपनाहरु पूरा गर्न कामको खोजीमा शहरतिर हिडेको कान्छो कुनै काम नपाई भोकभोकै मर्नुपरेको जटिल अवस्थालाई यस कथाले चित्रण गरेको देखिन्छ । यसरी निम्न वर्गका मानिसले अनेक संघर्ष गर्दा पनि गास बास र कपासको अभावमा जीवन त्याग गर्नु परेको कुरा 'हिमाली गुराँस'का कथाले प्रस्तुत गरेका छन् । रैखिक ढाँचामा लेखिएको यो कथा गाँउले परिवेशलाई आधार बनाएर लेखिएको छ ।

राजेश श्रेष्ठ 'सक्व' द्वारा लेखिएको 'चित्र धमिलिदै जान्छ' शीर्षकको कथा 'हिमाली गुराँस' वर्ष २ पूर्णाङ्क ५ मा प्रकाशित भएको छ । आर्थिक अभावका कारण जस्तो सुकै समस्या आइपरे पनि त्यसलाइ समाधान गर्न तत्पर बन्नु परेको अवस्थालाई यस कथाले चित्रण गरेको छ । चन्द्रशोभालाई मुख्य पात्र बनाइएको यस कथामा छोराछोरीको भोक मेटाउनको लागि चन्दशोभा आफूलाई साहुको महलमा सुम्पिन बाध्य बन्छे । चन्दशोभा गरिवीका कारण आफ्नो इज्जत गुमाई त्यसवापत आएको पैसाले छोराछोरीको भोक मेटाउन सफल बन्छे । तर पनि आफ्ना स्वर्गीय पतिको तस्विर अगाडि आफूले गरेको कुकर्मको आभास गर्दै आँखाबाट बलिन्धारा आँशु चुहाउन पुग्छे । चन्द्रशोभा आफ्ना आँशुले पतिको तस्विर पनि धमिलिदै गएको आभास पाउँछे । यसरी एउटी विधवा नारीले आफ्ना सन्तानको लालन पालनको लागि नचाहेर पनि आफ्नो अस्मिता गुमाउनु परेको कुरालाई यस कथाले चित्रण गरेको छ । रैखिक ढाँचामा लेखिएको यस कथामा आदि मध्य र अन्त्यको श्रृङ्खला मिलेको देखिन्छ । भाषा शैली सरल र सहज रहेको छ ।

मित्रलाल पोखरेलको 'साहुमारा' शीर्षकको कथा 'हिमाली गुराँस' वर्ष ९ पूर्णाङ्क १९ मा प्रकाशित भएको छ । यस कथामा मध्यम वर्गीय परिवारमा घटेको घटनालाई विषयवस्तुको रुपमा प्रस्तुत गरिएको छ । छोरालाई धेरै पढाएर डाक्टर बनाउने सपना बुनेको बाबुले साहुसंग ऋण लिएर भए पनि छोरोलाई डाक्टर पढाउँछ । छोराले पढेपछि भने जस्तो जागिर नपाए पछि साहुको ऋण तिर्न नसकी विभिन्न दुर्व्यवहार सहनु परेको

अवस्थाको चित्रण गरिएको छ । गरीबीको कारण साहुले भनेको समयमा ऋण तिर्न नसके पछि हर्केलाई रातदिन साहुको गाली गलौजमा बस्नुपरेको छ । प्रगतिको साटो दुर्गतितर्फ पाइला चाल्नुपर्ने अवस्थाको सिर्जना गराइएको छ ।

## ख) यथार्थताको प्रस्तुति

यथार्थवादी कथाहरुमा कथावस्तु पात्रलाई सामाजिका सत्यसँगसँगै राखेर वस्तु तथ्यमा जोड दिइएको हुन्छ ( श्रेष्ठ २०६७ : १५) ।'हिमाली गुराँस' पत्रिकामा प्रकाशित भएका कथाहरुमा पनि समाजमा भएका र हुने गरेका यथार्थ घटनाको प्रस्तुति गरिएको छ । हामीले भोगेका, देखेका यथार्थ घटनाहरु 'हिमाली गुराँस'का विभिन्न अङ्कमा अङ्कित भएका छन् । समाजमा घट्ने यथार्थ घटनालाइ पाठक सामु पुऱ्याउने काम 'हिमाली गुराँस'का कथाहरुमा गरिएको छ । समाजमा भएका अन्याय, अत्याचार, दमन, भष्टाचार, महिला शोषण जस्ता यथार्थ कुरालई विभिन्न घटना मार्फत देखाउने प्रयास गरिएको छ ।

सुजाता चम्लागाईको मुस्कानको माया शीर्षकको कथा 'हिमाली गुराँस' वर्ष १२ पूर्णाङ्क २६मा प्रकाशित भएको छ । मीरा नामक पात्रलाइ मुख्य पात्र बनाइएको यस कथामा समाजमा भैरहेको बालशोषणलाई देखाउन खोजिएको छ । घरको काममा सघाउ पुऱ्याउने र पढ्ने बाहनामा बालबालिकालाई शहरतिर लैजाने चलन र शारीरिक तथा मानसिक यातना दिने प्रवृतिलाई यथार्थ रुपमा प्रस्तुत गरिएको छ । अर्कोतिर दिनभरी अरुको ज्याला मजदुर गर्ने र आएको पैसाले रक्सी पिएर परिवारमा झगडा निम्त्याउने स्थितिको पनि चित्रण गरिएको छ । प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको यस कथामा रैखिक ढाँचाको प्रयोग गरिएको छ ।

कविता पौडेलको 'रीमा' शीर्षकको कथा 'हिमाली गुराँस' अङ्क १४ पूर्णाङ्क २९ मा प्रकाशित भएको छ । निम्न वर्गीय समाजको एउटा दलित परिवारको घटनालाई विषयवस्तु बनाइएको यस कथामा जातीय असमानता र त्यसले निम्त्याएको समस्यालाई

यथार्थ रुपमा प्रस्तुत गरिएको छ । धेरै रक्सी पिएर स्वास्नीलाई मारेको र छोरीलाई पनि पढ्नु हुँदैन पुख्यौंली पेशा अंगालेर बस्नुपर्छ भन्ने अन्धविश्वासी परम्पराबाट ग्रसित परिवारको चित्रण गरिएको छ । छोरीको जात अरुको घरमा विहे गरेर जाने हुँदा पढ्न नहुने त्यसमाथि पनि दमाईकी छोरी विष्टका कपडा सिलाएर खानु पर्दछ भन्ने मान्यता बोकेको परिवारको यथार्थतालाई उजागर गरेको छ । रीमा नामको पात्रलाई मुख्य पात्र बनाइएको यस कथामा परम्परागत रुढीवादी र अन्धविश्वासलाई तोडेर छोरीले पनि छोरा समान काम गर्न सक्छन भन्ने कुरा देखाउने प्रयास गरिएको छ । अन्त्यमा सौतेलो बाबुको अनेक क्रियाकलापलाई सहन नसकेर छोरीलाई आत्महत्या गराइएको दुःखद घटना प्रस्तुत गरिएको छ ।

ललिता दोषीको 'पारपाचुके' कथा 'हिमाली गुराँस' वर्ष १३ पूर्णाङ्क २१ मा प्रकाशित भएको छ । समाजमा घट्ने घटनालाई समेट्न सफल यस कथामा रक्सीको लतमा लागेर घरकी लक्ष्मी जस्ती श्रीमतीलाई त्यागेर बाह्य सुन्दरतामा रमाउने श्रीमानलाई चुनौती दिएको घटना प्रस्तुत छ । मुख्य पात्र जानकी र प्रमोदको वरिपरि घुमेको यस कथामा श्रीमानले दोस्रो विवाह गरेपछिको आक्रामक स्थितिको चित्रण गरिएको छ । रातदिन घरमा झगडा गरेर बस्नुभन्दा आफूले पनि केही गरेर बाँच्न सकिन्छ भन्ने कुरा जानकी द्वारा देखाउन खोजिएको छ । अन्त्यमा दुवै श्रीमतीले छोडेर गएपछि प्रमोद घर न घाटको भएको कुरालाई अत्यन्तै कलात्मकताकासाथ प्रस्तुत गरिएको छ । यसरी विहे गरेर घरमा भित्राइएकी श्रीमतीको मायालाई बुझ्न नसकी क्षणिक मोजमस्तीमा रमाउने पुरुषहरु कसरी आफ्नो भूलमाथि पश्चाताप गर्छन भन्ने कुरा यस कथाबाट देखाउन खोजिएको छ ।

सुनिल सापकोटाको 'गृह प्रवेश' शीर्षकको कथामा पनि समाजमा घट्ने यथार्थ घटनालाई विषय वस्तुको रुपमा प्रस्तुत गरिएको छ । 'हिमाली गुराँस' वर्ष १५ पूर्णाङ्क ३३ मा प्रकाशित यस कथामा पत्नीले पतिबाट भोग्दै आएको पीडालाई देखाउन खोजिएको छ । जसरी एउटी महिलाले श्रीमानको घृणित व्यवहार सहेर बस्न बाध्य बन्छे त्यही व्यवहार सहन श्रीमानलाई कति दुःख हुँदो रहेछ भन्ने कुरालाई यस कथा मार्फत देखाउन

खोजिएको छ । जसरी पतिको घृणित व्यवहारले पत्नीलाई रातदिन तड्पेर बस्नु पर्‍यो त्यसको अनुभव  पतिलाई पनि होस भन्ने ज्ञान दिलाउनको लागि आफ्नै काम गर्ने नोकरलाइ शयन कक्षमा बोलाएर श्रीमानलाई देखाउन खोजिएको छ । श्रीमतीले श्रीमानको नाममा रातदिन दुःख संघर्ष गर्दा पनि श्रीमानको इच्छा पूरा गर्न नसक्दा वाध्यतावश यस्तो नाटक रचेर पतिलाई चुनौती दिन खोजिएको छ । "रातदिन एउटी वेश्याको अगाडी पैसा खर्चेर नाङ्गिदा स्वास्नीले आपत्ति नजनाउने तर आफ्नी स्वास्नी परपुरुषको अगाडी नाङ्गिदा लाग्नेलाई आपत्ति " जस्ता वाक्यको प्रयोगले आफ्नो अधिकार माथि धावा बोलेको कुरालाई अत्यन्त घतलाग्दो रुपमा प्रस्तुत गरिएको छ ।

रजनी ढकालको 'आभास' शीर्षकको कथाले पनि सामाजिक यथार्थलाई आत्मसात गरेको छ । 'हिमाली गुराँस' वर्ष १२ पूर्णाङ्क २४ मा प्रकाशित यस कथामा एउटी  आमाले पाएको दुःखलाई यथार्थ रुपमा प्रस्तुत गरिएको छ । श्रीमानले बुढेसकालमा सौता लिएपछि खेप्नु परेको पीडा र दुःखको  चित्रण गरिएको छ । श्रीमान र छोरावुहारीबाट सुख सन्तोष प्राप्त गर्न नसकेकी एउटी महिलाले नातिको आँखामा हेर्दा आफुले केही सन्तोष महशुस गरेको कुरालाई देखाइएको छ । यसले वर्तमान पनि कति छोराछोरीका बाबुआमाले यस्ता पीडा सहनु परेको अवस्था छ भन्ने कुरालाई यथार्थ रुपमा देखाउन खोजेको छ । बुढेसकालमा कोही सहारा नभएर विभिन्न आश्रमहरुमा बस्नु परेको थुप्रै आमा बाबुका उदाहरणहरु अहिले पनि हाम्रो समाजमा देख्न सकिन्छ ।

नवराज रिजालको 'बाटो' शीर्षकको कथामा पनि वर्तमान राजनैतिक अवस्थाको यथार्थ रुपमा प्रस्तुत गरिएको छ । यो कथा 'हिमाली गुराँस' वर्ष ८ पूर्णाङ्क १४ मा प्रकाशित भएको छ । जुनसुकै पेशामा पनि आफ्नो स्वविवेकले अगाडि बढ्न नपाइने र कुनै राजनीतिक दलसँग आवद्ध हुनु पर्ने वर्तमान अवस्थाको यथार्थ चित्रण गरिएको छ । सन्देश नामको शिक्षकलाई मुख्य पात्र बनाइएको यस कथामा पार्टीको सदस्यता नलिएको भन्दै सन्देशलाई शिक्षक पेशाबाट निष्काशन गरिएको छ ।

### ग) प्रणय भावको प्रस्तुति

सिङ्गो संसार नै प्रेममय देख्न सक्ने प्रेमी प्रेमीकाहरुका हृदयका प्रेममय भावहरु 'हिमाली गुराँस' का कथाहरुमा पाउन सकिन्छ। प्रेमको रंगिन संसारमा रमाउनेहरुका प्रेम प्राप्तिका खुशियालीसँगै प्रेम असफलताका पीडाका अनुभूतिहरु पनि यहाँ देख्न सकिन्छ। एकातिर सफल प्रेमले सारा दुःख पीडालाई बिर्साएको छ भने अर्कोतिर बिछोडले पानी बिनाको माछो बनाएका कथाहरु पनि यहाँ प्रस्तुत गरिएका छन्। यिनै आधारमा केही कथाहरुलाई नमूनाका रुपमा प्रस्तुत गरिएको छ।

गङ्गा पौडेलको 'तृप्ति' शीर्षकको कथा 'हिमाली गुराँस' वर्ष १२ पूर्णाङ्क २६ मा प्रकाशित भएको छ। यसमा सेती र मनबहादुर जस्ता अपाङ्गहरुलाई मुख्य पात्र बनाइ प्रेमभाव उजागर गराइको कथा प्रस्तुत छ। मान्छे अपाङ्ग वा साङ्ग, धनी वा गरीब जे भए पनि प्रेमका भोका हुन्छन् भन्ने कुरा यी २ पात्रका माध्यमबाट देखाइएको छ। अपाङ्ग संस्थामा भर्ना भएका सेती र मन बहादुर एक अर्कालाई माया गर्न थाल्छन्। एकले अर्कोलाई प्रेमको रस बर्साएर निथुक्कै भिजाएका छन्। दुई ह्वील चियरमा बसेर पनि एउटै मन मुटुमा बसेर कल्पनाको नौलो संसारमा रमाएका यी प्रेम जोडीहरु प्रेमको अभावमा सफल जीवनको कल्पनासम्म पनि गर्न सक्दैनन्। यसरी प्रेम बिनाको जीवन अधुरो बन्न जाने कुरालाई यस कथाले पुष्टि गरेको छ।

वेद कुमारी न्यौपानेको 'अदृष्य पर्खाल' शीर्षकको कथा 'हिमाली गुराँस' वर्ष ३ पूर्णाङ्क ७ मा प्रकाशित भएको छ। प्रेममा सधैं सुन्दर फुल नफुलेर कहिलेकाहीँ उजाड मरुभुमि पनि बन्न पुग्छ भन्ने कुरालाई यस कथामा देखाइएको छ। विगतलाई सम्झेर त्यसकै झझल्को थकान अनि विरक्तिलाइ अंगालेर बस्न विवस प्रेमी मनका भावहरु यस कथामा प्रस्तुत गरिएको छ। समाज, संस्कार र नैतिकतालाई अदृष्य पर्खालका रुपमा देखाइएको यस कथामा त्यही पर्खालको कारण प्रेम असफल बन्न पुगेको कुरा देखाउन खोजिएको छ। जुन पर्खाललाई नाघ्न नसक्दा पीडा र छटपटीमा जीवन जिउनु परेको भाव अभिव्यक्त गरिएको छ।

श्याम स्मृतको 'अधुरो प्रेम' शीर्षकको कथा 'हिमाली गुराँस' वर्ष १४ पूर्णाङ्क ३१ मा प्रकाशित भएको छ । प्रेमी प्रेमिका सरोज र ज्योति बीच भएको अधुरो प्रेमलाई यस कथाले प्रस्तुत गरेको छ । साहित्यिक लेख रचनामार्फत एक अर्कामा साथी बन्न पुगेका यी जोडीहरुमा अनौठो आकर्षण बढ्दै गएको भएता पनि विछोड भई छट्पटाउनु परेको पीडादायी अवस्थाको सिर्जना गराइएको छ । प्रेममा सफलता प्राप्त गरेपछिको खुशीयालीका क्षण र विछोड पछिको विरहका व्यथालाई यस कथामा प्रस्तुत गरिएको छ ।

वालमुकुन्द कार्कीको 'स्वप्न दोष' शीर्षकको कथा 'हिमाली गुराँस' वर्ष १ पूर्णाङ्क १ मा प्रकाशित भएको छ । फायडवादी चिन्तनमा आधारित यस कथामा प्रेमीले प्रेमीकासंग प्रत्यक्ष रुपमा प्रस्तुत गर्न नसकेको कुरालाई सपनाको माध्यमबाट प्रस्तुत गरेको छ । रुढिवादी परम्पराबाट ग्रसित समाजमा जातीय भेदभावलाई अन्त्य गर्दै प्रेमको गाँठो बलियो बनाएमा मात्र प्रेममा सफलता हासिल गर्न सकिन्छ भन्ने भावना व्यक्त गरिएको छ । यस कथामा माया प्रेममा संस्कार र जातले वाधा पुऱ्याउनु हुँदैन भन्ने भाव व्यक्त गरिएको छ । प्रेमिकाको मायामा डुबुल्की मार्दामार्दै निद्राबाट ब्युझेको अवस्था देखाई कथाकारले सपनाको माध्यमबाट प्रणय भावको प्रस्तुति गराएका छन् ।

चन्द्रकुमार रानाहँछाको 'अनिश्चित गन्तव्य' शीर्षकको कथा 'हिमाली गुराँस' वर्ष १४ पूर्णाङ्क ३० मा प्रकाशित भएको छ । माओवादी युद्धकाललाई आधार बनाइएको यस कथामा युद्धको रणभूमिमा प्रेमिकाको मृत्यू भएपछि पागल जस्तै बन्न पुगेको प्रेमिको कथा प्रस्तुत गरिएको छ । आफूले हृदयदेखि नै चाहेको व्यक्तिलाई नपाउँदा जीवनको कुनै ठेगाना नभइ एक्लै भौतारिरहेको प्रेमी जीवनको चित्रण गरिएको छ । यसरी प्रेमलाई मानिसको सार्थक जीवन जिउने आधारको रुपमा व्याख्या गरिएको कथालाई 'हिमाली गुराँस'ले आत्मसात् गरेको पाइन्छ ।

सुजाता चम्लागाईको 'मुस्कानको माया' शीर्षकको कथा 'हिमाली गुराँस' वर्ष १२ पूर्णाङ्क २६ मा प्रकाशित भएको छ । बाल मनोविज्ञानमा आधारित भइ लेखिएको यस कथामा प्रणय भावको प्रस्तुति गरिएको छ । आर्थिक अवस्था नाजुक भएको कारण

छोराछोरीहरु पनि आफ्नो नैसर्गिक अधिकारबाट बन्चित हुन्छन भन्ने देखाउन खोजिएको छ । यस कथामा मिरालाई काम गर्न शहर पठाउँदा एकातिर आमा भावविह्वल मुद्रामा देखिन्छिन भने छोरी पनि आमाको काखबाट छुट्टिनुपर्दाको पीडाभाव व्यक्त गरिएको छ । एउटी आमाले आफ्नो सन्तान प्रति दिने माया ममता लाई यस कथामा देखाउन खोजिएको छ । अर्कोतिर छोरी मिरा पनि माया ममताको अभावमा तड्पिएको अवस्थालाई प्रस्तुत गरिएको छ । एउटा बालकले अरुबाट अपहेलित हुँदाको कारुणिक अवस्था र माया पाउँदाको अवस्थालाई यस कथाले प्रस्तुत गर्न खोजेको छ । साथै अभिभावकको रुपमा मुस्कान नामको पात्रबाट पाएको मायाँ र ममताले मिराको जीवनमा ठूलो परिर्वतन आएको कुरा देखाइएको छ ।

यसरी 'हिमाली गुराँस' भित्रका गद्य रचनाहरलाई हेर्दा विभिन्न आधारमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ । 'हिमाली गुराँस' भित्रका विभिन्न अङ्कहरुमा प्रकाशित भएका रचनाहरु मध्ये यथार्थताको अभिव्यक्ति, प्रणयभावको प्रस्तुति र गरीबीका कारण उत्पन्न समस्याका कारण भएको जटिलतम अवस्थाको चित्रण गरिएको कथाहरु केही मात्रामा बढी देखिन आउँछन । त्यसैले यिनै आधारमा कथाहरुलाई विश्लेषण गरिएको छ ।

## ४.३ शिल्प संरचनागत प्रवृतिका आधारमा 'हिमाली गुराँस' मा प्रकाशित कथाहरुको विश्लेषण

शिल्पगत विश्लेषणका क्रममा विधागत अवयवको रचनाहरुमा के कस्तो संयोजन गरिएको छ त्यो कुरा महत्वपूर्ण हुन्छ । 'हिमाली गुराँस' मा प्रकाशित कथाहरुमा विद्यागत सचेतता सँगै विभिन्न तत्वहरुको रखाइ के कस्तो छ ? यो कोणबाट पनि अध्ययन गरिनु सान्दर्भिक हुने देखिन्छ । 'हिमाली गुराँस'मा केही नयाँ सिकाहरुका रचनाका अतिरिक्त स्थापित स्रष्टाका रचनाहरु पनि प्रकाशित भएकाले शिल्प संरचना पनि मिलेको देखिन्छ । त्यसैले अध्ययनका क्रममा केही रचना बाहेक आधारभूत शिल्पगत मान्यता पूरा गरेका रचनाहरु यसमा भेटिन्छन् । यहाँ प्रचलित विधागत मान्यतालाई विश्लेषणको आधारका

रुपमा अवलम्बन गरिएको छ । गद्य रुपमा रहने विभिन्न विधाका साझा तत्वका रुपमा विश्लेषण गरिनु उपयुक्त देखिन्छ ।

## क) कथावस्तु

रचनामा कुनै न कुनै विषयवस्तुको प्रस्तुति रहन्छ । विभिन्न खालका रचनामा प्रयुक्त हुने विषय वस्तुलाई विभिन्न नाम दिइएको हुन्छ । "वास्तवमा कथावस्तु भन्नु नै स्वयंम कथाकारको विचार धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो " ( श्रेष्ठ २०५७: ९ ) । यसबाट कथावस्तु (विषयवस्तु) का बारेमा स्पष्ट हुन सकिन्छ । 'हिमाली गुराँस'मा प्रकाशित गद्य रचनाहरुमा प्रयुक्त विषयवस्तुका सन्दर्भमा यसै परिच्छेदका अघिल्लो खण्डमा नै विस्तृत चर्चा भैसकेको छ । यद्यपी शिल्प संरचक घटक भएकाले यसलाई विश्लेषणको यो खण्डमा पनि समावेश गरिनु उचित देखिन्छ । 'हिमाली गुराँस' मा प्रकाशित कथाहरुमा विविध खालको कथावस्तु रहेको पाइन्छ । प्रायः कथाहरुमा गरीबी, बेरोजगारी, महिला हिंसा, प्रेमको दुःखद अन्त्य, प्रेम सफलता जस्ता समाजिक विषवस्तुलाई कथावस्तु बनाइएका कथाहरु प्रकाशित भएका छन् । यिनै विभिन्न खालका कथावस्तु मध्य प्रणय भावलाई विषयवस्तु ( कथावस्तु ) बनाई अङ्क २६ मा गङ्गा पौडेलले तृप्ति शीर्षकमा लेखेको कथाका केही अंशलाइ उदाहरणको रुपमा पेश गर्न सकिन्छ । सेतीले उसको हात समाउँदै भनी " मेरा लागि तिमी सद्दे नै छौ । कुनै देशको राजकुमार भन्दा कम छैनौ । बसमा चढाएर घुमाउन लगेको भए कहीँ न कहीँ पुगेर रोकिनु पर्ने नै थियो तर तिम्रो हृदयको बसमा यात्रा गर्न पाउँदा जीवन रहेसम्म रोकिनु पर्ने छैन । सँगै डुलिरहेका हुनेछौँ ।"

## ख) पात्र वा चरित्र

पात्र वा चरित्रले कथाबस्तुको समग्रतालाइ गति र अन्विति मार्फत एउटा निश्चित ढाँचामा हेर्न सघाउ पुऱ्याउँछन । वास्तवमा पात्रहरुको सम्वन्ध कार्यव्यापारमा मात्र सीमित नरहेर सिङ्गै संरचना पक्षसित रहेको हुन्छ । समालोचकहरुले पात्रहरुको विभिन्न किसिमले वर्णन र वर्गीकरण गरेको पाइन्छ । मुद्राका आधारमा अन्तर्मुखि र वहिर्मुखि चित्रणका आधारमा स्थिर र गतिशिल, प्रतिनिधित्वका आधारमा प्रारुपीय र

व्यक्तिवादी, विशेषताका आधारमा गोला र चेप्टा आदि किसिमले पात्रहरुको वर्गीकरण गरिएको पाइन्छ (बराल, घिमिरे २०५५: ४/५)। चरित्र वा पात्र विशेषतः कथा उपन्यास र नाटकमा उपस्थित रहन्छन । 'हिमाली गुराँस' का कथाहरुमा पनि विभिन्न खालका पात्रहरुको उपस्थिति रहेको पाइन्छ । विभिन्न वर्गका पात्रहरु जस्तै सम्पन्न, विपन्न शिक्षित अशिक्षित , क्रान्तिकारी, सुधारवादी , यथार्थवादी तथा वाल , युवा र वृद्धा पात्रहरु 'हिमाली गुराँस'का विभिन्न अङ्कका विभिन्न रचनामा देखिन्छन् । लिङ्गका आधारमा महिला पात्र र पुरुष पात्रहरु पनि 'हिमाली गुराँस'मा भेटिन्छन् । यसै आधारमा 'हिमाली गुराँस' मा प्रकाशित कथाहरुमा संयोजित पात्रलाई उदाहरणको रुपमा देखाउनु पर्दा 'हिमाली गुराँस' वर्ष १२ पूर्णाङ्क २६ मा प्रकाशित 'मुस्कानको माया' शीर्षकको कथामा मीरालाई मुख्य पात्रको रुपमा लिन सकिन्छ । प्रतिनिधित्वका आधारमा वर्गीकरण गर्दा मीरा एक व्यक्तिवादी पात्र हो । त्यस्तै विशेषताका आधारमा गोलो, चित्रणका आधारमा गतिशिल, मुद्राका आधारमा वहिर्मुखि पात्रका रुपमा मिरालाई  लिन सकिन्छ । यसरी हेर्दा पात्र वा चरित्रका दृष्टिले 'हिमाली गुराँस'का कथा भित्रका पात्रहरु विविध खालका देखिन्छन् ।

## ग) परिवेश

परिवेशको खास अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो । यसमा जीवनका कथा रीतिरिवाज रहनसहन व्यवहार प्राकृतिक पूर्वाधार र परिवेश जस्ता तत्व पर्दछन् ( बराल, एटम २०५६:३३) । सामान्य रुपले हेर्दा देशले स्थान र कालले समयलाई सम्बोधन गर्छन् । स्रष्टाले सिर्जनामा प्रस्तुत गरेको समय सन्दर्भ र स्थानिक सन्दर्भ परिवेश हो । त्यसैले कथाका पात्रहरुले कार्याव्यापार सम्पन्न गर्नका लागि लिएको स्थान समय नै परिवेश हो । परिवेशसँग वातावरण पनि जोडिएर आउने गर्दछ । स्रष्टाले पात्रलाई जुन आधारभूमिमा उभ्याएको हुन्छ त्यही आधार भूमिलाई नै परिवेश भनी बुझ्नु पर्ने हुन्छ । परिवेशका सन्दर्भमा 'हिमाली गुराँस' मा प्रकाशित कथाहरुको चर्चा गर्दा विविध खालको रुप देखा पर्छन । स्थानका कुरा गर्दा 'हिमाली गुराँस'मा ग्रामीण क्षेत्रदेखि शहरीया क्षेत्र स्थानका रुपमा आएका छन् । त्यस्तै स्वदेश मात्र नभएर विदेश पनि स्थानको रुपमा आएको छ । कालका दृष्टिले हेर्दा विविध कालिक सन्दर्भहरु आएका छन् । विगत र वर्तमानको स्पष्ट चित्र 'हिमाली गुराँस'का रचनामा देख्न सकिन्छ । जस्तै

नवराज रिजालको 'बाटो' शीर्षकको कथा ( वर्ष ८ पूर्णाङ्क १४ ) ले वर्तमान राजजीतिक अवस्थाको चित्रण गरेको छ । विश्वराज अधिकारीद्वारा लेखिएको 'बौनी बुढीया' शीर्षकको कथा ( वर्ष ८, पूणाङ्क १६) मा ग्रामीण जीवनको प्रस्तुति रहेको छ । यस कथाले गाउँले परिवेशलाई कथाको आधारभूमि बनाएको छ । त्यस्तै कविता पौडेलको रिमा शीर्षकको कथाले ( पूर्णाङ्क २९ ) परम्परागत रुढिवादी चालचलनलाई प्रस्तुत गरेको छ ।

### घ) संवाद / कथोपकथन

"पात्रहरु बीचको कुराकानीलाई संवाद वा कथोपकथन भनिन्छ ( बराल, एटम, २०५६ : ३२) ।" संवाद नाटकमा अत्यावश्यक तत्वका रुपमा रहन्छ भने कथा तथा उपन्यासमा यो आधारभूत तत्व नहुन सक्छ । यद्यपी कथानकलाई जीवन्त तुल्याउनको लागि यसलाई आख्यानको एक तत्वका रुपमा लिने गरिन्छ । संवाद वा कथोपकथनका कोणबाट हेर्दा 'हिमाली गुराँस' मा प्रकाशित कथाहरुमा विविध खालको संवादका साथै जटिल संवादले महत्वपूर्ण भूमिका खेलेको छ । केही सरल तथा केही जटिल प्रवृतिका संवादका केही नमूना यस्ता छन् " वढ्ता ठूली हुन्छेस ! मुख लाग्छेस  तँलाई सौतामाथि नदिइ ता किन पो छाडुँला र ! " " के भो त ? छोरीले पढ्नु , राम्रा कपडा सिलाएर ज्यान पाल्नु, आमाको स्याहार गर्नु के नराम्रो काम हो त ? खुरुक्क घर जाउ, यो रातिमा तमासा नदेखाऊ ( पौडेल, २०६७: ३४, ३५) ।" अङ्क २९ मा कविता पौडेलले रिमा शीर्षकमा लेखको कथामा प्रयुक्त माथिका संवादले सरल संवादात्मक अवस्थालाई बुझाउँछन् ।

### ङ) उद्देश्य

कुनै पनि स्रष्टाले सिर्जनामार्फत संवहन गरेको सन्देश नै उद्देश्य हो । अर्को शब्दमा भन्दा जुन सुकै कृति अथवा रचनाको पठनबाट पहिल्याइने सारबस्तु नै उद्देश्य हो । "उपन्यासमा समाविष्ट केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ । यसलाई नियन्त्रित विचार वा केन्द्रीय अन्तर्दृष्टि पनि भनिन्छ ( बराल, एटम २०५६:३८) ।

" प्रस्तुत भनाईबाट मुख्य कथ्य वा विचार नै उद्देश्य अर्थात सारबस्तु हो भन्ने बुझिन्छ । 'हिमाली गुराँस' का गद्य रचनामा पनि विविध खालको उद्देश्य रहेको देखिन्छ । कतिपय रचनाका उद्देश्य सामान्य जस्तै लाग्छन त कतिपय उद्देश्यहरु विशिष्ट खालका देखिन्छन् । विशेष गरी यथार्थको धरातलमा रचिएका रचनाहरु अधिकमात्रमा रहेको यस पत्रिकामा परिवर्तनगामी उद्देश्यका रचनाहरु बढी देखिन्छन् । जस्तै हरि खनालको पूर्णाङ्क १५ मा प्रकाशित 'अठोट' शीर्षकको कथाका केही भनाईहरु - ' हो आत्महत्या गर्नुहुन्न । म कायर होइन । म एउटा साहसी नारीको सुपुत्री हुँ । आत्महत्याले मेरो आमाको शिर ठाडो पार्दैन । म किन कायर बन्न खोजेँ । मैले अहिले सम्म पढेको यही हो ? यस्तो वेलामा गरिने आत्महत्याले म जस्ता अन्य निर्दोषलाइ के सन्देश दिन्छ ? मैले नारीले नारीलाई हेप्ने, पुरुषको खुनी साम्राज्यभित्र कैदी हुने प्रवृत्तिसंग जुध्नु पर्छ ।" सामाजिक कुप्रथाको विरोध र समुन्नत समाज निर्माणको उद्देश्य सहितका गद्य रचनाले 'हिमाली गुराँस'लाई अझ बढी सशक्त र पठनीय बनाएका छन् । पूर्णाङ्क २९ मा प्रकाशित कविता पौडेलको रिमा शीर्षकको कथाले परम्परावादी विचारलाई त्यागेर नयाँ सोच र विचारमा अगाडि बढ्ने उद्देश्य लिएको देखिन्छ । जस्तै " छोरा र छोरीमा के फरक छ र मैले क्रिया गर्न नहुने ? मेरी अन्धी आमालाई मैले नै पालेकी हुँ । मैले नै गर्छु क्रिया । "

## च) भाषा शैली

भाषा अभिव्यक्तिके माध्यम हो भने शैली अभिव्यक्तिको ढाँचा हो । यी दुवैलाई साहित्य सिर्जनामा अत्यावश्यक तत्व मानिन्छ । साहित्यिक अभिव्यक्तिमा यी दुवै एक अर्कासित अन्तरमिश्रित भएर प्रस्तुत हुन्छन् । 'हिमाली गुराँस' मा प्रकाशित कथामा भाषा प्रायः सरल र सुबोध देखिन्छ भने शैली सामान्य पाउन सकिन्छ । ग्रामीण बोली चाली एवं कथ्य भाषाको प्रयोग 'हिमाली गुराँस'का कथामा अधिक मात्रामा देखिन्छ । सामान्य शैलीमा लेखिएका रचनाले सम्प्रेषणीय महत्व र मूल्य राख्दछन् । यस्तै भाषाशैलीगत विशेषताले गर्दा 'हिमाली गुराँस' का साहित्यिक रचनाहरु मूल्यवान देखिएका छन् भन्न सकिन्छ ।

## ४.४ 'हिमाली गुराँस' मा प्रकाशित निवन्ध तथा लेखहरुको विश्लेषण

नेपाली साहित्यका क्षेत्रमा निवन्धले व्यापक क्षेत्र आगट्दै आएको छ। विषय तथा प्रस्तुतिगत उद्देश्यका विविधताले गर्दा निवन्धका विविध रुपहरु देखा परेका छन् । 'हिमाली गुराँस'मा प्रकाशित भएका विभिन्न लेख तथा निवन्धलाई हेर्दा हालसम्म जम्मा १२ वटा निवन्ध प्रकाशित भएका छन् । त्यस्तै लेखहरुलाई हेर्दा जम्मा १९ वटा जति लेखहरु प्रकाशित भएको पाइन्छ । ५ वटा जति व्यङ्ग्य रचनाहरु पनि प्रकाशित भएका छन् । नेपाली साहित्यको क्षेत्रमा विषेश योगदान पऱ्याउने क्रममा 'हिमाली गुराँस'ले पनि विविध खालका रचनाहरु प्रकाशित गरेको छ । नवोदित तथा स्थापित दुवै प्रतिभाका रचनाहरुलाई स्थान दिइएको 'हिमाली गुराँस'मा प्रकाशित निवन्धहरुलाई हेर्दा शुरुका अङ्कदेखि नै निवन्ध प्रकाशित भएको पाइन्छ । प्रथम अङ्कमा सानुराजा अन्जानको 'यात्राक्रमा जो कहिल्यै टुङ्गिदैन' शीर्षकको निवन्ध प्रकाशित भएको छ । यसमा लेखकका निजी विचार र अनुभवको भावनात्मक प्रस्तुति भएको पाइन्छ । यस्ता निवन्धहरुलाई आत्मपरक निवन्धको कोटीमा राखिन्छ । 'हिमाली गुराँस' मा वस्तुपरक भन्दा आत्मपरक निवन्ध बढी देखिन्छन् ।

निवन्धकार दीपक त्रिपाठीको 'दशैको जुत्ता' शीर्षकको निवन्ध 'हिमाली गुराँस' वर्ष २ पूर्णाङ्क ४ मा प्रकाशित भएको छ । यसमा निवन्धकारले आफ्ना अनुभव र भावनालाई दशैको जुत्ता मार्फत व्यक्त गरेका छन् । निवन्धकार युवराज नयाँघरेको निवन्ध पैताला र सिनेमा सिढी 'हिमाली गुराँस' वर्ष १३ पूर्णाङ्क १८ मा प्रकाशित भएको छ । यसमा निवन्धकारले आफुले प्रथम पटक सिनेमा हेर्दाका अनुभवलाई प्रस्तुत गरेका छन् । मित्र पोखरेलको 'तिलान्जली' शीर्षकको निवन्ध, सितल शेखर कार्कीको 'मन सानो वेलाको' जस्ता निवन्धहरुमा पनि आत्मपरक शैलीलाई अवलम्वन गरिएको छ ।

'हिमाली गुराँस' का केहि अङ्कहरुमा विभिन्न लेख रचनाका साथै व्यङ्ग्यात्मक लेखहरुलाई पनि रोचक ढङ्गले प्रस्तुत गरिएको छ । यस्ता व्यङ्ग्यात्मक लेखहरुमा युवराज मैनालीको 'प्रचार' शीर्षकको व्यङ्ग्य लेख 'हिमाली गुराँस' वर्ष ८ पूर्णाङ्क १८ मा प्रकाशित भएको छ । यस लेखमा बोल्नेको पिठो बिक्छ र नवोल्नेको चामल पनि बिक्दैन भन्ने कुराको सन्देस दिन खोजिएको छ । यसमा प्रसार तथा विज्ञापनका मध्यमबाट

व्यापारीहरुले आफ्नो व्यापारको बढाई चढाई गरेर आफ्नो व्यापार प्रति जनतालाई आर्कषित गराएको कुरालाई व्यङ्ग्य गरिएको छ । मुकुन्द राज आचार्यको 'स्वर्गमा पनि झगडा' शीर्षकको लेख 'हिमाली गुराँस' वर्ष ८ पूर्णाङ्क १५ मा प्रकाशित भएको छ । यसमा नेपालमा भइरहेको भाइ भाइ बीचको झगडालाई देखाउन खोजिएको छ । पृथ्वीमा मात्र होइन स्वर्गमा पनि तेरो मेरोको भावना अभिवृद्धि भइ एकले अर्कालाई विभिन्न आरोप प्रत्यारोप गरी झगडा सुरु गरेका छन् भन्ने कुरालाई व्यङ्ग्य गरिएको छ । मोदनाथ सादाको 'नेपालगञ्ज' शीर्षकको लेख 'हिमाली गुराँस' वर्ष ८ पूर्णाङ्क १६ मा प्रकाशित भएको छ । नेपालको बढी गर्मी हुने ठाँउ नेपालगञ्ज त्यसमाथि मानिसहरुको भीड तथा फोहोर वातावरणलाई व्यङ्ग्य गर्न खोजिएको छ ।

समग्रमा हेर्दा 'हिमाली गुराँस' मा प्रकाशित निवन्ध तथा लेखहरु धेरै उच्च स्तरका पनि छैनन र निम्न स्तरका पनि छैनन् । कुनै कुनै निवन्धहरु लेखका स्तरमा राख्न सक्ने खालका पनि देखिन्छ । यति हुँदा हुँदै पनि 'हिमाली गुराँस' पत्रिकाले आफ्नो प्रकाशनका क्रममा विभिन्न निवन्धकार तथा लेखकका निवन्ध तथा लेखहरु प्रकाशित गरी साहित्यमा पुऱ्याएको योगदानलाई बिर्सन सकिदैन ।

## ४.५ 'हिमाली गुराँस' मा प्रकाशित नाटकहरुको विश्लेषण

नाटकलाइ साहित्यको दृष्य विधा अर्न्तर्गत राखिए पनि अहिले आएर नाटकले श्रव्य तथा दृष्य दुवैको भूमिका निर्वाह गर्न सक्षम भएको पाइन्छ । नाटकको शुरुवात कहिले देखि भयो भन्ने कुरा स्पष्ट रुपमा भन्न नसकिएपनि अभिनयलाई नाटकको प्रमुख गुण मानेर हेर्दा यसको उत्पत्ति मानिसको उत्पत्तिसंगै भएको पाइन्छ । साहित्यका अन्य विधा भन्दा नाटकले दर्शक वा पाठकलाई बढी प्रभाव पार्न सफल भएको पाइन्छ ।

'हिमाली गुराँस' मा प्रकाशित साहित्यिक विधालाई हेर्दा नाटकले पनि महत्वपूर्ण स्थान पाउन सफल भएको देखिन्छ । अहिले सम्मका अङ्कहरुलाई हेर्दा हिमाली गुराँसका दुइ वटा पूर्णाङ्कलाई नाटक विशेषाङ्कका रुपमा प्रकाशित गरिएको छ भने अन्य केहि अङ्कमा

छिटफुट रुपमा नाटक प्रकाशित भएका छन् । यसमा एउटा एकाङ्की पनि प्रकाशित भएको छ । हालसम्मका अङ्कहरुलाई हेर्दा 'हिमाली गुराँस'मा एउटा एकाङ्की सहित ११ वटा नाटकहरु प्रकाशित भएका छन् । संख्यात्मक रुपमा हेर्दा एउटै नाटककारका ९ वटा सम्म नाटकहरु 'हिमाली गुराँस'मा प्रकाशित भएका छन् । यसमा प्रकाशित सबै नाटकहरु सामाजिक विषयवस्तुमा आधारित देखिन्छन् । सामाजिक विसङ्गतिलाई प्रस्तुत गर्दै समाजमा विद्यमान वर्गीय असमानतालाई प्रस्तुत गरिएको छ । साहु महाजनबाट गरिएको अन्याय अत्याचार र शोषणको चित्रण गरिनुका साथै महिला माथि गरिएको शोषणलाई पनि प्रस्तुत गरिएको छ । नाटकको मुख्य उद्देश्य अन्धविश्वास थिचोमिचो र अन्यायमा परेकाहरुमा चेतनाको लहर फैलाउनु रहेको पाइन्छ । 'हिमाली गुराँस' मा प्रकाशित केही प्रतिनिधि नाटकहरुलाई विषय वस्तु र उत्कृष्टताका आधारमा विश्लेषण गरिन्छ ।

'हिमाली गुराँस' पूर्णाङ्क १२ र १३ लाई नाटक विशेषाङ्कका रुपमा प्रकाशित गरिएको छ । खिमानन्द पोखरेल द्वारा लेखिएका ४ वटा नाटक पूर्णाङ्क १२ मा प्रकाशित भएका छन् । त्यस्तै पूर्णाङ्क १३ मा पनि पोखरेलद्वारा लेखिएका ४ वटा नाटक प्रकाशित भएका छन् । सामाजिक विषयवस्तुमा आधारित यी नाटकहरुमा समाजमा घटने यथार्थ घटनालाई नाटकीय रुपमा प्रस्तुत गरिएको छ ।  'भावनाको धुनमा' शीर्षकको नाटक 'हिमाली गुराँस' को पूर्णाङ्क १२ मा प्रकाशित गरिएको छ । जम्मा ३ दृष्यमा विभाजन गरी लेखिएको यस नाटकमा समाजमा रहेका साहुहरुले गरीव जनतालाई कसरी शोषण गर्छन भन्ने कुरा देखाइएको छ । विभिन्न पात्रको प्रतिनिधित्व भएको यस नाटकमा उपल्ला घरे बाजेले साहुको प्रतिनिधित्व गरेको छ । डल्ले साइलो र कालीले गरीब मजदुरको प्रतिनिधित्व गरेका छन् । दलेले सहायक पात्रको प्रतिनिधित्व गरेको छ । पहिलो र तेस्रो दृष्य डल्ले साइलोको घरमा घटेको घटनासंग सम्वन्धित छ । दोस्रो दृष्य उपल्ला घरे बाजेको घरमा भएको घटनासंग सम्वन्धित छ । सामाजिक परिवेशमा रचना गरिएको यस नाटकमा शोषक र शोषित वर्गको बीचको दुरीलाई प्रस्तुत गरिएको छ । गरीब किसानलाई घरमा काम गराउने निहुँमा विभिन्न शोषणहरु गर्न खोजिएको छ । सम्पत्ति दिने लालचा देखाई शारीरिक शोषणको प्रयास गरिएको यथार्थ विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

त्यसैगरी 'अधिकार' शीर्षकको नाटक पनि यसै अङ्कमा प्रकाशित भएको छ । यो नाटक कुनै दृष्य नछुट्याई एउटै दृष्यमा रचना गरिएको छ । सामाजिक विषयवस्तुमा आधारित यस नाटकमा सविना र विना मुख्य पात्र रहेका छन् । सविना शिक्षित र पढेलेखेकी पात्रका रुपमा देखिएकी छे भने विना अनपढ र अशिक्षित पात्रका रुपमा देखिएकी छे । नाटकमा वहुविवाह गरेपछि भोग्नु परेका झमेला र दुःखलाई प्रष्टसंग उल्लेख गरेको छ । यस नाटकमा वहुविवाह गर्ने व्यक्तिलाई सजाए दिनु पर्छ भन्ने मान्यता राखिएको पाइन्छ । विनाले छोरीको विवाह गरी दिए पछि छोरीलाई दुःख दिने तथा वेवास्ता गर्ने ज्वाइँबाट विभिन्न संघ संस्थाको सहयोगमा छोरीलाई अधिकार दिलाउने प्रयत्न गरेको देखिन्छ । समाजमा महिलाहरु धेरै पढेलेखेका नभएपनि विभिन्न सस्थाहरुमा कार्यरत महिलाको सहायता लिएर आफुमाथि भएको अन्याय र अत्याचारको विरोध गरी आफ्नो हक अधिकार लिन सक्छन भन्ने कुरालाई यस नाटकले देखाउन खोजेको छ ।

खिमानन्द आचार्यको 'पागल साथी' शीर्षकको नाटक वर्ष ३ पूर्णाङ्क ६मा प्रकाशित भएको छ । जम्मा ९ जना पात्र भएको यस नाटकमा जुन व्यक्ति सिङ्गो देशको चिन्तनमा डुब्छ र आफूलाई आफ्नो जन्मभूमिको पहरेदार ठान्छ ऊ आज पागल बन्छ भन्ने कुरालाई दुःखपूर्ण अवस्थामा प्रस्तुत गरिएको छ । रामबावु नामको पात्र कलम चलाएर सिङ्गो संसारलाई बुझ्न चाहन्छ तर उसका साथी तथा छिमेकीहरुबाट कुनै सहायता र हौसला नपाई पागलको उपमा पाउँछ । भावनामा डुब्ने सुन्दर संसारको कल्पना गर्ने मान्छे भन्दा आफ्नै मपाईत्व प्रदर्शन गरेर अरुलाई कावुमा पार्न सक्ने मान्छेहरु मात्र यहाँ बाँच्छन र रमाउँछन बौद्धिक मान्छेहरु त्यसै हराएर जान्छन भन्ने कुरा देखाइएको छ । विवेकी मान्छेलाई विभिन्न आरोपमा पागल बनाई हो मा हो मिलाउने खोक्रो र आडम्बरी समाज प्रति तीखो व्यङ्ग्य गरिएको छ । अन्त्यमा डाक्टरद्वारा रामबावु पागल नभई उसलाई पागल भन्ने साथीहरु नै पागल हुन भन्ने पुष्टि गरिएको छ । कुनै दृष्य विभाजन नगरी एउटै दृष्यमा लेखिएको यस नाटकमा अरुलाई विगार्न खोज्दा आफै खाडलमा परिन्छ भन्ने शिक्षा दिन खोजिएको छ ।

यसरी 'हिमाली गुराँस' मा प्रकाशित भएका विभिन्न नाटकहरुलाई हेर्दा सामाजिक धरातललाई आधार बनाएर लेखेको पाइन्छ । समाजमा हुने विभिन्न घटनामा आधारित यी नाटकमा सामाजिक यथार्थलाइ देखाइएको छ । माथि विश्लेषण गरिएका नाटकका अतिरिक्त अन्य नाटकहरुले पनि सामाजिक यथार्थलाई आत्मसाथ गरेको पाइन्छ । 'हिमाली गुराँस' मा उल्लेखित नाटकहरुले साहित्य समाजको दर्पण हो भन्ने कुरालाई सजिलैसंग पुष्टि गरेको पाइन्छ ।

## ४.६ 'हिमाली गुराँस'मा प्रकाशित संस्मरणहरुको विश्लेषण

नेपाली साहित्यको गद्य विधा अर्न्तगत पर्ने संस्मरणलाई एक रोचक विधा मान्न सकिन्छ । संस्मरणमा आफुले देखेका सुनेका र भोगेका घटनाहरुलाई कलात्मक शैलीमा प्रस्तुत गरिएको हुन्छ । 'हिमाली गुराँस' पत्रिकामा ३३ वटा संस्मरण प्रकाशित भएका छन् । यस पत्रिकामा प्रकाशित प्रतिनिधि संस्मरणलाई उत्कृष्ट संस्मरणका रुपमा विश्लेषण गरिएको छ ।

विनोद बानियाँको 'स्मरण' नामको संस्मरण 'हिमाली गुराँस' वर्ष २ पूर्णाङ्क ३ मा प्रकाशित भएको छ । यसमा लेखकले बाल्यकालदेखि आफूले देखे भोगेका कुरालाई प्रस्तुत गरेका छन् । स्कुल पढे देखि एस.एल.सी. पास हुँदाको रमाइलो क्षण, इन्जिनियरिङ पढ्दाको अनुभव, दर्शनशास्त्र पढेको अनुभव, ग्रीसको यथेन्स लाईब्रेरी होस्टेल, डायनासंगको भेट प्रेम, लण्डनको यात्रा, विवाह, प्रेमिकाको दुर्घटना र मृत्यू सम्मका कुरालाई स्मरण गरि लेखिएको कथा प्रस्तुत गरिएको छ ।

रमा पराजुलीको 'तातोपानी' शीर्षकको संस्मरण पूर्णाङ्क ५ मा प्रकाशित भएको छ । यसमा एक महत्वपूर्ण धार्मिक तिर्थस्थल तातोपानी र त्यसका विशेषताका बारेमा आफुले देखेका र भोगेका कुरालाई वर्णन गरी लेखिएको छ । त्यस्तै विनोद बानियाँ कै अर्को महत्वपूर्ण संस्मरणका रुपमा 'नेपाली धर्म, राजा र थाइल्याण्ड' शीर्षकको संस्मरण वर्ष ३ पूर्णाङ्क ६ मा प्रकाशित भएको छ । यसमा थाईल्याण्डको १० दिने यात्रालाई

संस्मरणका रुपमा लेखिएको छ । थाइल्याण्डमा बर्मेली नेपालीहरु (जसलाई खोस्टे भनिन्छ) कसरी बर्मा पुगे भन्ने कुरालाई राम्ररी बुझ्न पाएको र उनीहरुले नेपाली संस्कृतिलाई विशेष रुपमा अवलम्बन गर्दै आएको कुरा उल्लेख छ । साथै थाइल्याण्डमा हिन्दुधर्म र बौद्ध धर्मले पाएको सम्मानलाई निकै रोचक शैलीमा प्रस्तुत गरी लेखिएको छ ।

'गोरखनाथ बाजे सकुसल रहेछन......' शीर्षकको संस्मरण 'हिमाली गुराँस' वर्ष १२ पूर्णाङ्क २६ मा प्रकाशित भएको छ । खगेन्द्र प्रसाद लुइटेल द्वारा रचित यस संस्मरणमा साहित्यिक यात्राका बारेमा वर्णन गरिएको छ । युवा साहित्यकार राजुबाबु श्रेष्ठको निम्तोमा गोरखा पुगेका साहित्यकारहरु खगेन्द्र प्रसाद लुईटेल, बासुदेव त्रिपाठी लगाएतका साहित्यकारहरुको रमाइलो यात्राको वर्णन निकै रोचक तरिकाले गरिएको छ । गोरखाको मनमोहक दृष्यमा शालिकहरुले सुनमा सुगन्ध थपेको र पृथ्वी नारायण शाह तथा राम शाह जस्ता महत्वपूर्ण शालिक हटाइएपनि गोरखनाथ बाजेको शालिक नभत्काई सकुशल रहेकोमा खुशी व्यक्त गरिएको छ । अर्को साल आउँदा पनि गोरखनाथ बाजेलाई सकुसल भेट्न पाइयोस भन्ने कामना गरिएको छ ।

जीवनाथ धमलाका ३ वटा संस्मरणहरु हाल सम्मका 'हिमाली गुराँस'का अङ्कमा प्रकाशित भएका छन् । उनका सबै संस्मरणहरु उनकै जीवनकालसँग सम्वन्धित देखिन्छन् । त्यस्तै डा. तुलसी भट्राइको 'बर्मा म्यानमार एक दृष्टिमा' शीर्षकको संस्मरण 'हिमाली गुराँस' वर्ष १४ पूर्णाङ्क ३१ म प्रकाशित भएको छ । यसमा बर्मासंग नेपालको सम्वन्ध के कस्तो छ भन्ने कुरा जाकारी गराइएको छ । बर्माको चिनारी जस्तै क्षेत्रफल, जनसंख्या, साक्षरता दर, धर्म, संस्कृति आदिको बारेमा जानकारी गराइएको छ । बर्मामा भएका राम्रा पक्षहरुलाई नेपालले अनुकरण गर्नु महत्वपूर्ण भएको कुरा व्यक्त गरिएको छ ।

डा. खगेन्द्र प्रसाद लुइटेलको 'धनगढीमा आतङ्क' शीर्षकको संस्मरण 'हिमाली गुराँस' वर्ष १५ पूर्णाङ्क ३२ मा प्रकाशित भएको छ । यसमा नेपाल प्रज्ञा प्रतिष्ठान र सुदुर पश्चिमाञ्चल साहित्य समाज द्वारा संयुक्त रुपमा आयोजित कार्यक्रमका बारेमा प्रस्तुत

गरिएको छ । धनगढीको भाषिक संगोष्ठीमा जाने क्रममा अत्यधिक गर्मी भए पनि गर्मीको आतङ्कलाई छिचोलेर यात्रा रमाइलोसंग टुंगिएको कुरालाई प्रस्तुत गरिएको छ ।

लक्ष्मी देवी अर्यालको 'मोदनाथ प्रश्रीतसंगको अतित र वर्तमान' शीर्षकको संस्मरण वर्ष ८ पूर्णाङ्क १० मा प्रकाशित भएको छ । यस संस्मरणमा मोदनाथ प्रश्रीतसंगको पहिलो भेटमा भएको हार्दिकता, लगनशिलता, मायाममता तथा पार्टीगत काम आदि कुराको प्रशंसा गरिएको छ र वर्तमानमा मोदनाथ प्रश्रीतमा आएको परिवर्तनको बारेमा आफुलाई लागेको असन्तुष्टिहरु व्यक्त गरिएको छ । मोदनाथ प्रश्रीत जस्ता राजनैतिक वौद्धिक व्यक्तित्व पनि साहित्य प्रतिको लगावका कारण समयको परिवर्तनसंग बदलिन वाध्य हुन्छन भने अन्य व्यक्तिहरुमा किन परिवर्तन नआओस भन्ने कुरालाई संस्मरणका रुपमा व्यक्त गरिएको छ ।

यसरी 'हिमाली गुराँस'का विभिन्न क्षेत्रमा विभिन्न लेखकका संस्मरणहरु प्रकाशित भएका छन् । ती संस्मरणहरु कुनै यात्रासँग सम्बन्धित छन भने कुनै व्यक्तिगत जीवन भोगाइसँग सम्वन्धित छन् । यी संस्मरणहरुले पाठकलाई बढी आर्कषक र प्रभावित तुल्याउन सक्ने आँकलन गर्न सकिन्छ ।

## ४.७ 'हिमाली गुराँस' मा प्रकाशित समालोचनाहरुको विश्लेषण

कुनै पनि साहित्यिक कृतिलाई विश्लेषण गरी त्यसको मूल्य निरुपण गर्ने कामलाई समालोचना भनिन्छ । "समालोचनामा साहित्यिक रचनाहरुका सम्पूर्ण गुण र दोषहरु केलाउने र वास्तविक मुल्य निर्धारण गर्ने कामका साथै कृतिको संगति र विसङ्गतिकाबारे तर्कपूर्ण रुपमा विश्लेषण गर्ने काम गरिन्छ । त्यसैले समालोचना भनेको साहित्यिक कृतिलाई सम्यक तरिकाबाट विवेचना गरिएको लेख वा प्रवन्ध आलोचना वा समीक्षा हो ।" यसले विश्लेषण अलोचना, टिका टिप्पणी, कृति समीक्षा, विवेचना आदिलाई बुझाउँछ । कुनै पनि कृति वा रचना के कति कारणले उत्कृष्ट छन् र के कति कारणले दोषपूर्ण छन् भन्ने कुराको पुष्टि गर्ने काम समालोचनाले गर्दछ । साहित्यका क्षेत्रमा समालोचनात्मक लेख रचनाहरु प्रकाशित भैरहेको अवस्थामा 'हिमाली गुराँस' पत्रिकाले

पनि सामलोचनाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । वर्ष १ पूर्णाङ्क १ मा उज्ज्वल जी.सी.को 'मुटु चस्किदिन्छ' गीत सङ्ग्रहको खिमानन्द पोखरेल द्वारा समीक्षा गरिएको छ । यसरी पहिलो अङ्क देखि नै यसले समीक्षा / समालोचनात्मक लेख रचना प्रकाशित गर्दै आएको छ । हालसम्ममा 'हिमाली गुराँस'मा समालोचनात्मक लेख रचनाहरु जम्मा ४५ वटा प्रकाशित भएका देखिन्छन् । नेपाली साहित्यको क्षेत्रमा ख्याति प्राप्त समालोचकका साथै नवीन प्रतिभालाई स्थान दिंदै आएको यस पत्रिकाले एकातिर कृतिका बारेमा बुझ्न खोज्ने पाठकलाई प्रेरणा प्रदान गरेको छ भने अर्को तिर उदीयमान प्रतिभाहरुलाई प्रेरणा प्रदानगरी समालोचनाका फाँटमा क्रियाशिल बनाउने तर्फ महत्वपूर्ण भूमिका खेलेको छ ।

खिमानन्द पोखरेलको **'पुस्तक समीक्षा'** शीर्षकको समालोचनात्मक लेख वर्ष २ पूर्णाङ्क ३ मा प्रकाशित भएको छ । यसमा समालोचक पोखरेलले कवि जीवनाथ धमलाको 'उर्ध्वमुखि महायात्रा' मा २०५५ सालका कविता सङ्ग्रहभित्र समेटिएका ४२ वटा कविताहरुको अध्ययन गरेको कुरालाई पुस्तक समीक्षा शीर्षकका रुपमा समेटेका छन् ।

नवराज रिजालको **'थोरङ्लामा संरक्षण कविता'** शीर्षकको समालोचनात्मक लेख वर्ष १४ पूर्णाङ्क ३१ म प्रकाशित भएको छ । यसमा राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले संचालन गरेको कविता यात्रामा संकलित कविता कृतिको नाम 'थोरङ्लामा संरक्षण कविता' राखिएको कुरा उल्लेख गरिएको छ । यसमा १० जना कविका ५९ थान रचना संकलित भएको कुरा पुष्टि गरिएको छ । यस सङ्ग्रहका सम्पूर्ण कविताले हाम्रो कला संस्कृति, मूल्य मान्यता आस्था विश्वास, प्राकृतिक श्रोत तथा साधनको संरक्षणको गर्न अह्वान गरेको कुरा प्रस्तुत गरिएको छ ।

अरुण बहादुर खत्री 'नदी' को **'परेलीका बारभित्र कमला रिसाल'** शीर्षकको समालोचनात्मक कृतिमा परेलीका बारभित्र गजल संग्रहहरु पहिलो कृतिको रुपमा रहेको कुराको कुरा देखाइएको छ । २०६६ सालमा प्रकाशित भएको यस कृतिमा ५१ वटा गजल संङ्ग्रहित छन् । प्रत्येक गजलमा समाजिक चेतना प्रखर रुपमा प्रकट भएको कुरा प्रस्तुत

गरिएको छ । प्रत्येक गजलमा श्रृङगारिक तथा व्यङ्ग्यात्मक बिम्बको प्रयोग गरी आफ्नै बैंससंग मिल्दाजुल्दा भाव प्रस्तुत गरेको कुरालाई औल्याइएको छ ।

रत्नावली शर्माको **'विश्वदर्शन काव्यकृतिका विद्यागत स्वरुप'** शीर्षकको समालोचना पूर्णाङ्क २७ मा प्रकाशित भएको छ । पं रामेश्वर शर्माद्वारा रचिएको विश्वदर्शन काव्यकृति चर्चित र प्रकाशित कृति हो । यसका विद्यागत स्वरुपको सन्दर्भमा विविध विधाहरु देखा परेका छन् । विभिन्न विद्वानका विचारलाई समेट्दा यस कृतिलाई चार वटा स्वरुपमा निर्धारण गरिएको छ । खण्डकाव्य, कोषकाव्य, नव्यकाव्य, महाकाव्य यिनै चारवटा स्वरुपमा विश्लेषण गरिएको कुरालाई प्रस्तुत गरिएको छ ।

खिमानन्द पोखरेल कै **'एउटा गन्तव्यको खोजीका बारेमा केही दृष्टिकोण'** शीर्षकको समालोचना 'हिमाली गुराँस' वर्ष १२ पूर्णाङ्क २५मा प्रकाशित भएको छ । कवि विश्व मोहन जोशीको 'एउटा गन्तव्यको खोजी' शीर्षकको कविता संङ्ग्रहमा पोखरेलले आफ्नो विचार प्रस्तुत गरेका छन् । यो सङग्रह ८१ पेजको छ । मान्छे एउटा यात्री हो ऊ गन्तव्यको खोजीमा हराँउछ र आमाहरुलाई रुवाउँछ भन्ने भाव व्यक्त गरिएको छ । राजनीतिको झल्को पाउन सकिने यस कविता सङ्ग्रहमा माया प्रीतिका कुराहरु पनि जोडिएका छन् । राष्ट्र र राष्ट्रियता प्रति संवेदनशिल भएर लेखिएका कविताहरु पनि यसमा रहेका छन् । यसरी विविध कुरालाई झल्काउने कविता सङ्ग्रह भनी पोखरेलले आफ्नो विचार प्रस्तुत गरेका छन् । त्यस्तै पोखरेलले उत्तम कृष्ण मजगैयाको खण्डकाव्यको पनि समीक्षात्मक टिप्पणी गरेका छन् । हास्यव्यङ्ग्य कविका रुपमा प्रस्तुत उत्तमकृष्ण मजगैयाको छैठौ कृतिका रुपमा रहेको 'अपराजिता खण्डकाव्य'मा वदिनीहरुका कष्टपूर्ण व्यथाले भरिएको कथालाई छर्लङ्ग पार्न  खोजिएको छ । वदिनीहरुले पुर्ख्यौलीदेखि गर्दै आएको यौन व्यापार घृणित कार्य हो जसलाई समाज सवैले अस्वीकार गर्छन । तिनै वदिनीहरुले पढेलेखेर शिक्षित भए भने त्यसकार्यबाट अवश्य पनि छुट्न सक्छन भन्ने कुरालाई देखाउन खोजिएको छ । जसमा एउटी महिला वदिनीलाई शिक्षित बनाएर यौन व्यापारको विरोध गर्न लगाइएको कुरा प्रस्तुत गरिएको छ । आफ्नो अस्तित्व जोगाउन महिलाहरुले जस्तो सुकै काम पनि गर्न सक्छन भन्ने देखाउन छुरी प्रयोग गरेको

देखाइएको छ । तिनै वादीबाट जन्मेको बच्चालाई पृथक जीवन दिन खोजेको कुरा बताइ पोखरेलले आफ्नो समीक्षात्मक टिप्पणी दिएका छन् ।

'हिमाली गुराँस' पत्रिकामा प्रकाशित समालोचना विधाले पनि 'हिमाली गुराँस'को साहित्यिक योगदानमा महत्वपूर्ण भूमिका खेलेका छन् । स्थापित भन्दा बढी नवआगन्तुक समालोचकको संख्या 'हिमाली गुराँस'मा केही बढी देखिन्छ । समालोचकहरुले केही समान्य रुपमा त केही गहन रुपमा आफ्ना विचारहरु प्रस्तुत गरेको देखिन्छ । एउटै समोलाचकका ९ वटा सम्म समालोचना 'हिमाली गुराँस'मा प्रकाशित भएको पाइन्छ ।

## ४.८ 'हिमाली गुराँस'मा प्रकाशित अन्य विविध रचनाको विश्लेषण

'हिमाली गुराँस'मा माथि उल्लेख गरिएका बाहेक अन्य रचनाहरु पनि प्रकाशित भएका छन् । जसमध्ये अन्तर्वार्ता, भेट, कुराकानी, चर्चा, विचार, प्रतिभा स्तम्भ, रङ्गमञ्च स्तम्भ, पुस्तक परिचय, अनुभूति, व्यक्ति, व्यक्तित्व, मौन एकालाप, पाठक प्रतिक्रिया तथा सम्पादकीय लेखहरु पनि 'हिमाली गुराँस'मा प्रकाशित भएका छन् ।

'हिमाली गुराँस'मा प्रकाशित अन्तर्वार्ता अन्तर्गत कुराकानी भेटवार्ता गरी जम्मा ५ वटा रचना रहेका छन् । पूर्णाङ्क २६ मा प्रकाशित अन्तर्वार्ता 'मानवीय व्यवहारले मानिसलाई उच्च बनाउँछ' शीर्षकमा आधारित छ । यसमा 'हिमाली गुराँस' द्वैमासिकका निम्ति नवराज रिजालले गरेको कुराकानीलाई प्रस्तुत गरिएको छ । त्यस्तै अर्को अन्तवार्ता पूर्णाङ्क २३ मा प्रकाशित भएको छ । 'सरकारी पत्रिकाले त झन नयाँ नयाँ साहित्यकार जन्माउनु पर्छ' शीर्षकमा भागवत आचार्य द्वारा लिएको अन्तर्वार्ता राखिएको छ । त्यस्तै 'हिमाली गुराँस'मा दुइ वटा विचार पनि प्रकाशित भएका छन् । पूर्णाङ्क २३मा स्रष्टा र लोकतन्त्रको अभिन्नता शीर्षकमा डा. तुलसी भट्राईको विचार प्रस्तुत गरिएको छ । पूर्णाङ्क ३२ 'अरनिकोको मुर्ती नेपाल भाषा एकेडेमी' शीर्षकमा राम कृष्ण भण्डारीको विचार प्रस्तुत गरिएको छ । जसमा अरनिकोले चिनमा नेपाली कला र संस्कृतिको प्रसार प्रचार गरेको कुरा उल्लेख गरिएको छ । कुराकानी अर्न्तगत वरिष्ठ कथाकार एवं कवयित्री शुभ श्रेष्ठसंग गरिएको साहित्य सम्वन्धी कुराकानी लाई प्रस्तुत गरिएको छ । 'साहित्य

समाजको ऐना हो' भन्ने शीर्षकमा साहित्यकार कृष्ण प्रकाससंग गरिएको कुराकानी पनि प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

साहित्यका पद्य विधाहरूमा जस्तै गद्य विधाका क्षेत्रमा पनि यस पत्रिकाले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । लघुकथादेखि समालोचना, नाटक, निबन्ध, कृतिसमीक्षा, अन्तर्वार्ता, संस्मरण व्यक्तित्वजस्ता विविध खालका रचनाहरूलाई प्रकाशित गर्दै आएको यस पत्रिकाले गद्यका क्षेत्रमा कथालाई बढी स्थान दिएको छ ।

समसामयिक राष्ट्रिय जीवनका आन्तरिक र बाह्य पक्षसँग सम्बन्धित भएर घटित भएका विभिन्न घटनाहरू, जीवनका शून्यता नैराश्य र पलायनका पक्षहरू, समसामयिक राजनीतिमा देखापर्दै गइरहेको मूल्य र मान्यताको सङ्कट, सांस्कृतिक तथा चारित्रिक दुर्बलताहरू, आर्थिक विषमता तथा वर्गीय विभेद यौनकुण्ठा तथा त्यसको अतृप्तताका कारणबाट जन्मिने छटपटीजस्ता वर्तमान मानवजीवनका नितान्त वैयक्तिक र सामाजिक विषयसँग सम्बन्धित अनेकौं पक्षहरूलाई समेटेर कथाकारहरूले 'हिमाली गुराँस'मा प्रकाशित कथाहरूको विषयवस्तु बनाएका छन् ।

यसैगरी 'हिमाली गुराँस'मा प्रकाशित नाटक तथा एकाङ्कीहरूले पनि मानव जीवनमा देखापर्दै गइरहेको त्रासदी, अभाव अनिकाल, वैयक्तिक जीवनमा देखापर्ने यौनकुण्ठा, छटपटी वर्गीय शोषण तथा सामाजिक विभेदका साथै वर्तमानका विकृति विसङ्गतिजस्ता विषयहरूलाई प्रभावकारी रूपले चित्रण गरेका छन् । त्यसैगरी समालोचना तथा निबन्ध विधाहरूमा पनि यस पत्रिकाले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । यसका साथै विभिन्न कृतिका बारेमा गरिएका समीक्षात्मक लेख, विद्वानहरूसँग लिइएका अन्तर्वार्ताहरू, यात्रा संस्मरण, समालोचना आदि सामग्रीहरूलाई यस पत्रिकाले स्थान दिंदै आएको छ ।

## ४.९ नेपाली साहित्यमा 'हिमाली गुराँस' पत्रिकाको योगदान

वि.सं. १९४३ मा वनारसबाट प्रकाशित भएको 'गोर्खा-भारत जीवन' बाट आरम्भ भएको नेपाली पत्र-पत्रिकाको परम्परा १९५५ सालमा नेपालमा भित्रियो । त्यस्तै मोतीकृष्ण शर्माको सम्पादनमा १९५५ साल श्रावण महिनामा काठमाडौंबाट प्रकाशित सुधासागर (मासिक) पत्रिका नै नेपालभित्रबाट प्रकाशित नेपाली पत्रकारिताको इतिहासमा सबैभन्दा पहिलो पत्रिका हो । विदेशी भूमिबाट प्रकाशन आरम्भ भएको पत्र-पत्रिकाको इतिहासले १९५५ पश्चात् मात्र नेपालमा प्रवेश पायो । वि.सं. १९५८ देखि प्रकाशन हुन थालेको गोरखापत्रले पनि नेपाली साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । वि.सं. १९५५ मा प्रकाशित 'सुधासागर' बाट नेपालमा प्रवेश पाएको पत्र-पत्रिकाको इतिहासमा १९९१ को 'शारदा' पत्रिका प्रकाशन पछि नयाँ मोड र प्रवृत्तिहरू देखापर्न थाले । विशेषगरी कथा विधामा नवीन मूल्य एवं मान्यताहरू स्थापित गर्न सफल 'शारदा' पत्रिकाको प्रकाशनले साहित्यिक पत्रिका प्रकाशनका लागि थप प्रेरणा प्रदान गऱ्यो । जसको फलस्वरूप नेपाल भित्रबाट पनि थुप्रै साहित्यिक पत्रिकाहरू प्रकाशित हुन थाले । इ.सं १९३२ मा पद्म प्रसाद प्रधानले दार्जिलिङबाट नेपाली साहित्य सम्मेलन बार्षिक पत्रिका प्रकाशित गरेका थिए । यी पत्रिकाको मूल उद्देश्य नेपाली भाषा साहित्यको प्रचार प्रसार गर्नुमा नै केन्द्रित रहेको देखिन्छ । २००७ सालमा जब राजनैतिक परिवर्तन आयो त्यस परिवर्तनले पनि साहित्यिक पत्रिकाहरूको प्रकाशन र सिङ्गो नेपाली साहित्यको क्षेत्रमा नयाँ मोड तथा परिवर्तन ल्यायो । जसको फलस्वरूप थुप्रै नयाँ नयाँ साहित्यिक पत्रिकाहरूको प्रकाशन आरम्भ भयो । यस बेलाका पत्र-पत्रिकाहरूले समकालीन युगबोधलाई साहित्यका माध्यमबाट सफलतापूर्वक अगाडि बढाउने प्रयास गरे । २०१७ सालमा देखापरेको 'रूपरेखा' पत्रिकाले साहित्यका क्षेत्रमा नयाँ क्रान्ति ल्यायो भने त्यसपछि प्रकाशित भएका 'कविता', 'मधुपर्क', 'अभिव्यक्ति', 'प्रज्ञा', 'रचना' जस्ता पत्रिकाहरूले साहित्यका विभिन्न विधाहरूमा यथाशक्य योगदान पुऱ्याउन सफल भए । यसै पृष्टभूमिमा आधारित भएर 'हिमाली गुराँस' पत्रिकाले पनि २०५४ साल देखि हालसम्म आफ्नो प्रकाशनलाई निरन्तरता दिँदै आएको छ । नेपाली साहित्यको क्षेत्रमा प्रकाशित साहित्यिक पत्र-पत्रिकाहरूको श्रृङ्खलामा उदाएको 'हिमाली गुराँस' पत्रिका

प्रकाशनकालदेखि नै नेपाली साहित्यको बहुपक्षीय विकासमा निरन्तर रूपमा सेवारत रहेको छ ।

व्यक्तिगत प्रयासबाटै भए तापनि नेपाली साहित्यको विकास गर्ने उद्देश्यले २०५४ सालमा खिमानन्द पोखरेलको सम्पादनमा प्रकाशन यात्रा आरम्भ गरेको यस पत्रिकाले प्रकाशनका क्रममा विभिन्न आरोह अवरोहहरू पार गर्दै आजसम्मको यात्रामा सफलता प्राप्त गरिरहेको छ । वि.स. २०५४ बाट मासिक रुपमा प्रकाशन सुरुवात गरेका 'हिमाली गुराँस' पत्रिकाले प्रकाशनको आरम्भमा नै कथा, संस्मरण, समीक्षा जस्ता साहित्यिक विषयहरुलाई समेटेको छ साथै साहित्येतर विधाहरूलाई पनि समावेश गरेको छ । २०५४ देखि २०६६ को २४औं अङ्कसम्म मासिक रुपमा प्रकाशित हुदै आएको यो पत्रिका विविध कारणले मासिक रुपमा प्रकाशित हुन नसके पछि २५औं अङ्क देखि द्विमासिक रुपमा प्रकाशित हुदै आएको पाइन्छ । 'हिमाली गुराँस' पत्रिका प्रकाशनका पछिल्ला वर्षहरुमा साहित्यिक विधाहरूमा केन्द्रित हुदै आएको पाइन्छ । यसरी 'हिमाली गुराँस'ले साहित्यका विविध विधाहरूका साथै साहित्येतर विधालाई समेत स्थान दिंदै आएको छ । 'हिमाली गुराँस' को साहित्यिक योगदान निकै महत्वपूर्ण रहेता पनि हालसम्मको अध्ययनबाट यस पत्रिकाका बारेमा कहीँकतैबाट पनि अध्ययन हुन सकेको पाइँदैन् । समयको गतिशीलतासँगै गतिशील बन्दै गएको यस पत्रिकाले पहिला भन्दा थप नयाँ नयाँ विधाहरूलाई समेत समावेश गर्न सफल भएको छ । यस पत्रिकाले साहित्यका कथा, कविता, नाटक, एकाङ्की, समालोचना, गीत, गजल, हाइकू, संस्मरण, अन्तर्वार्ता, कृतिसमीक्षा आदिलाई महत्त्वपूर्ण स्थान दिंदै आएको छ ।

'हिमाली गुराँस' पत्रिकाले नेपाली कविताका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सफल भएको छ । सङ्ख्यात्मक, गुणात्मक र परिमाणात्मक सबै पक्षबाट हेर्दा यस पत्रिकामा प्रकाशित भएका कविताहरूले सबैभन्दा उच्चस्थान ओगट्न सफल भएका छन् । यस पत्रिकामा प्रकाशित भएका अधिकांश कविताहरू गद्यलयमा रचिएका छन् । नेपाली गद्य कविताका क्षेत्रमा देखापरेको उतार उढावका कारणले पनि 'हिमाली गुराँस'मा प्रकाशित कविताहरूले कुनै एउटा धाराको मात्र प्रतिनिधित्व गरिरहेको देखिंदैन । खासगरी

नवोदित प्रतिभाहरुलाई महत्त्वपूर्ण स्थान दिंदै आएको यस पत्रिकाले युवा पिढीं र स्थापित प्रतिभाहरूका रचनालाई  प्रकाशित गर्दै आएको छ ।

'हिमाली गुराँस'मा प्रकाशित साहित्यिक रचनाहरुका लेखकहरुले मानव जीवनका दुःख सुख, निराशा, कुण्ठा, यौन असन्तुष्टि, जीवनप्रतिको वितृष्णाका साथै वर्तमान समयमा देशमा बढेको हत्या, हिंसा र आतङ्कबाट पिल्सिएका नेपाली जनताहरूका भावनालाई कदर गर्दै हत्या, हिंसा, आतङ्कबाट मुक्तिको लागि आग्रह गरेका छन् । यस पत्रिकामा प्रकाशित भएका केही पद्यरचनाहरुमा देशभक्ति, राष्ट्रप्रेम, मायाप्रेम, प्रकृतिप्रेम आदिलाई विषयवस्तु बनाइएको छ । पद्य विधा अन्तर्गत गीत, गजल, मुक्तक, कविता आदिलाई समावेश गरिएको छ । हालसम्ममा प्रकाशित अङ्कहरुमा जम्मा ३१३ जति पद्यात्मक रचनाहरु प्रकाशित भएका छन । खास गरी निम्न वर्गीय समाजको चित्रण राष्ट्र प्रेम, प्रकृति प्रेम, प्रणयभावको प्रस्तुति तथा परिवर्तनगामी प्रवृतिका कविताहरु 'हिमाली गुराँस'मा बढी भेटिन्छन् । धनी र गरीब बीचको दुरी, धनिले गरीबमाथि गर्ने शोषण र त्यसबाट उत्पन्न परिणामलाई पद्य रचनाहरुमा मार्मिक रुपमा प्रस्तुत गरिएको छ । यस पत्रिकामा छन्दमा रचिएका सामग्रीको सङ्ख्या न्यून रहेको छ भने गद्यलयका कविताहरूले बर्चस्व जमाउन सफल भएका छन् । वर्तमान विश्व र नेपाली समाजमा व्याप्त आर्थिक विषमताले निम्त्याएको पीडाजन्य मार्मिक अनुभूति, समाजमा विद्यमान शोषण उत्पीडन, गाउँ र शहर बीचको बढ्दो दूरी, देशको राजनैतिक क्षेत्रमा देखापर्दै गइरहेको विकृति र विसङ्गति, युद्धको त्रासद अवस्था, प्रजातान्त्रिक राष्ट्रको दुर्गति र राजनैतिक व्यक्तिहरूप्रति समाजको आकाङ्क्षालाई प्रस्तुत गरिएको छ ।  अधिकांश कविताहरूले देश र राष्ट्रको उन्नतिका लागि प्रगतिशील आवाज उठाएका छन् । त्यसैगरी गीत, गजल, मुक्तक, हाइकु जस्ता पद्यात्मक रचनाहरुमा पनि समसामयिक रुपमा देखिएका हत्या, हिंसा, आतङ्क, राष्ट्रप्रेम, देशभक्ति, माया प्रेमका साथै वर्तमान समयका विसङ्गतिको चित्रण गरिएको छ । विशेषगरी प्रेमी प्रेमिकाका बीचमा हुने माया प्रेम, मिलन, विछोड, राजनैतिक, सामाजिक विकृति तथा विसङ्गति प्रतिको व्यङ्ग्य, वर्गीय असमानता तथा आर्थिक शोषण, नारी उत्पीडन, बेरोजगारी समस्याको पीडाजस्ता पक्षहरूलाई रचनाको विषयवस्तु बनाइएको छ ।

निष्कर्षमा भन्नुपर्दा 'हिमाली गुराँस'मा प्रकाशित पद्यविधाहरूले सङ्ख्यात्मक गुणात्मक र परिमाणात्मक दृष्टिकोणबाट उच्चस्थान ओगटन सफल भएका छन् । नेपाली कविताका क्षेत्रमा देखापरेका स्थापित तथा उदीयमान दुवै प्रतिभाहरूलाई स्थान दिन सफल यस पत्रिकाले सङ्ख्यात्मक रुपमा पद्य विधालाई बढी स्थान दिनुले यस पत्रिकाले पद्यविधाका क्षेत्रमा महत्त्वपूर्ण स्थान दिएको कुरा पुष्टि हुन्छ । यस पत्रिकाले उदीयमान प्रतिभालाई स्थान दिएर स्थापित गराउन खोज्नु र साहित्यका पद्य तथा गद्य विधाअन्तर्गतका गीत, गजल, मुक्तक देखि फुटकर कवितासम्मका सबैलाई समेट्न सक्नु, स्थापित तथा नव उदीयमान प्रतिभाहरूलाई समेटेर लैजान सक्नुले पनि नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ भन्न सकिन्छ ।

साहित्यका पद्य विधाहरूमा जस्तै गद्य विधाका क्षेत्रमा पनि यस पत्रिकाले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । गद्यका क्षेत्रमा पनि कथादेखि लघुकथासम्मका रचनालाइ स्थान दिएको छ । यसका साथै समालोचना, नाटक, निबन्ध, कृतिसमीक्षा, अन्तर्वार्ता, संस्मरण व्यक्तित्वजस्ता विविध खालका रचनाहरूलाई प्रकाशित गर्दै आएको छ । 'हिमाली गुराँस'ले गद्यका क्षेत्रमा कथालाई बढी स्थान दिएको छ । संख्यात्मक हिसाबले हेर्दा पनि कविता पछिको दोस्रो स्थानमा कथा नै पर्दछ ।

समसामयिक राष्ट्रिय जीवनका आन्तरिक र बाह्य पक्षसँग सम्बन्धित भएर घटित भएका विभिन्न घटनाहरू, जीवनका शून्यता नैराश्य र पलायनका पक्षहरू, समसामयिक राजनीतिमा देखापर्दै गइरहेको मूल्य र मान्यताको सङ्कट, सांस्कृतिक तथा चारित्रिक दुर्बलताहरू, आर्थिक विषमता तथा वर्गीय विभेद यौनकुण्ठा तथा त्यसको अतृप्तताका कारणबाट जन्मिने छटपटीजस्ता वर्तमान मानवजीवनका नितान्त वैयक्तिक र सामाजिक विषयसँग सम्बन्धित अनेकौं पक्षहरूलाई समेटेर कथाकारहरूले 'हिमाली गुराँस'मा प्रकाशित गरेका छन् । स्थापित कथाकारका तुलनामा नवीन प्रतिभाका रचनाहरू बढी प्रकाशित गरेर भए पनि दुवैलाई समावेश गरेर लैजान सक्नुजस्ता विशेषताहरू यस

पत्रिकाका महत्त्वपूर्ण पक्ष हुन् । यसबाट पनि ‘हिमाली गुराँस’ पत्रिकाले कथाका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको कुरा स्पष्ट हुन्छ । यस पत्रिकामा प्रकाशित कथाहरूले गद्यका क्षेत्रमा सङ्ख्यात्मक, गुणात्मक र परिमाणात्मक सबै क्षेत्रबाट उच्च स्थान ओगट्न सफल बनेका छन् । यस कुराबाट पनि कथाका क्षेत्रमा ‘हिमाली गुराँस’ पत्रिकाले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ भन्न सकिन्छ ।

यसैगरी ‘हिमाली गुराँस’मा प्रकाशित नाटक तथा एकाङ्कीहरूले पूर्णाङ्क ६ देखि नै स्थान पाउँदै आएका छन् । खिमानन्द आचार्यको ‘पागल साथी, शीर्षकको नाटक प्रकाशित गरेर ‘हिमाली गुराँस’ले नाटक विधालाई पनि निरन्तरता दिएको छ । पूर्णाङ्क १२ र १३ लाई नाटक विशेषाङ्कको रुपमा प्रकाशित गर्नुले पनि नाटक क्षेत्रमा ‘हिमाली गुराँस’ पत्रिकाले महत्वपूर्ण योगदान पुऱ्याएको कुरा स्पष्ट हुन्छ । ‘हिमाली गुराँस’ मा अहिलेसम्ममा १० नाटक र एउटा एकाङ्की प्रकाशित भएका छन् । ‘हिमाली गुराँस’मा प्रकाशित नाटकहरुलाई हेर्दा सबै नाटकहरु सामाजिक विषयवस्तुमा आधारित देखिन्छन् । यसै गरी नाटकहरुले वैयक्तिक जीवनमा देखापर्ने छटपटी वर्गीय शोषण तथा सामाजिक विभेदका साथै वर्तमानका विकृति विसङ्गतिजस्ता विषयहरूलाई प्रभावकारी रूपले चित्रण गरेको पाइन्छ । स्वैरकल्पनाको प्रयोगमा समसामायिक विषयवस्तुको चयन गरी रचना गरिएका नाटकहरु ‘हिमाली गुराँस’ मा प्रकाशित भएका छन् ।

यस पत्रिकाले समालोचनाका क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । ‘हिमाली गुराँस’मा प्रा.डा. रामचन्द्र लम्साल, डा. बम बहादुर थापा जीताली लगायतका ४५ वटा समालोचनाहरु प्रकाशित भएका छन् । समालोचकहरुले समालोचना प्रस्तुत गर्ने क्रममा विभिन्न व्यक्तिका साहित्यिक पक्ष कथा कविता, लेख, नाटक, खण्डकाव्य आदी विषयलाई समालोचनाको विषय बनाएका छन् । समालोचना भन्नु कुनै विषयमा गरिने टीका टीप्पणी राम्रा नराम्रा पक्ष केलाउनु भएकोले ‘हिमाली गुराँस’का समालोचकहरुले पनि यस्ता कृतित्व तथा व्यक्तित्वको बारेमा समालोचना गरेका पाइन्छ । समालोचनाका क्षेत्रमा यस पत्रिकाले स्थापित तथा नव उदीयमान प्रतिभालाई स्थान दिंदै आएको छ तर स्थापित स्रष्टाका रचनाहरूले जुन उचाइ प्राप्त गरेका छन् त्यो उचाइमा

उदीयमान प्रतिभाका रचनाहरू पुग्न सकेका छैनन् । 'हिमाली गुराँस'पत्रिकाले स्थापित समालोचकहरुको समालोचना तथा समीक्षाहरुलाई प्रकाशित गर्नुले यस पत्रिकाको उचाई बढ्नुका साथै समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण स्थान दिएको छ भन्न सकिन्छ । यसका साथै विभिन्न  साहित्यकार तथा विद्वानहरूसँग लिइएका अन्तर्वार्ताहरू, यात्रा संस्मरण, आदि सामग्रीहरूलाई यस पत्रिकाले स्थान दिंदै आएको छ ।

नेपाली निबन्ध तथा लेखका क्षेत्रमा 'हिमाली गुराँस' पत्रिकाले वर्तमान समयमा देखिएका विकृति, विसङ्गति, अन्याय, अत्याचारजस्ता समसामयिक विषयवस्तुलाई लिएर लेखिएका निबन्धहरूका साथै विभिन्न परिवेशका निबन्ध तथा लेखहरु प्रकाशित गर्दै आएको छ । लेखकका आफ्ना अनुभव पोखिएका आत्मपरक तथा वस्तुपरक, पत्रात्मक, यात्रा निबन्धजस्ता भिन्न भिन्न प्रवृत्तिका निबन्ध तथा लेखहरु  प्रकाशित गर्न सक्नु स्थापित तथा नव प्रतिभाका सामग्रीलाई समावेश गर्नु जस्ता प्रवृत्तिहरूले गर्दा यस पत्रिकाले निबन्ध तथा लेखका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको कुरा स्पष्ट हुन्छ ।

यसरी समग्रमा के भन्न सकिन्छ भने 'हिमाली गुराँस' पत्रिकाले नेपाली साहित्यका क्षेत्रमा देखापरेका कथा, कविता, निबन्ध, नाटक, समालोचना, कृतिसमीक्षा, गीत, गजल, हाइकू, मुक्तक, यात्रा संस्मरण, जस्ता सम्पूर्ण रचनाहरूलाई स्थान दिन सक्नु नै यसको महत्त्वपूर्ण पक्ष रुपमा लिन सकिन्छ । स्थापित तथा उदीयमान प्रतिभाका रचनाहरू प्रकाशित गरी साहित्यप्रेमी पाठक वर्गका हातमा पुग्न सफल भएको यस पत्रिकाले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको कुरा पनि यसैबाट पुष्टि हुन्छ । यस पत्रिकाले जे-जति सङ्ख्यामा जे-जस्ता रचनाहरू प्रकाशित गरेको छ ती सबैको आफ्नै मूल्य रहेको छ तर कथा, कविता, संस्मरण, समालोचना आदिले जुन उचाइ प्राप्त गरेका छन् त्यो उचाइ भने अन्य विधाले लिन नसकेको निष्कर्ष निकाल्न सकिन्छ ।

# पाँचौं परिच्छेद
# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

नेपाली साहित्यको विकासको सन्दर्भमा विभिन्न स्थान र विभिन्न समयमा प्रकाशित अनेकौ पत्रपत्रिकाले दिएको महत्त्वपूर्ण योगदानले ऐतिहासिक गरिमामय स्थान राखेको पाइन्छ । भाषिक एवम् साहित्यिक उन्नतिका लागि पत्रपत्रिकाको प्रकाशन निकै महत्त्वपूर्ण मानिन्छ । नेपाली भाषा साहित्यको ऐतिहासिक विकासक्रमलाई हेर्ने हो भने नेपालबाट र नेपाल बाहिरबाट प्रकाशित हुने नेपाली पत्रपत्रिकाहरूले नेपाली भाषा र साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । पत्रपत्रिकामा प्रकाशित विभिन्न लेख रचनाहरू नै भाषा साहित्यको विकास र सम्वर्द्धनका मेरुदण्ड हुन् भन्ने तथ्य ३८ पूर्णाङ्क प्रकाशित गर्न सफल भएको 'हिमाली गुराँस' र तिनमा प्रकाशित लेख रचनाहरूले प्रमाणित गर्छन् । नेपाली साहित्यको परम्परामा विभिन्न पत्रपत्रिका प्रकाशित भएका छन् ती मध्ये थोरै पत्रिकाले मात्र आफ्नो अस्तित्व लामो समयसम्म कायम राख्न सफल भएका छन् । त्यस्तै पत्रिकामध्ये 'हिमाली गुराँस' पनि एक हुन पुगेको छ ।

'हिमाली गुराँस' साहित्यिक पत्रिका काठमाडौं जिल्ला प्रसाशन कार्यालयको दर्ता नं. १४१ मा २०५४/२०५५ मासिकको रुपमा दर्ता भएको छ । यसको पहिलो अङ्क खिमानन्द पोखरेलको सम्पादकत्वमा २०५४ सालमै निकालिएको पाइन्छ । वि.सं.२०५४ भदौको पहिलो अङ्क देखि वि.स. २०६६ असोजको २४औं अङ्कसम्म मासिक रुपमा प्रकाशित यस पत्रिकाका पछिल्ला अङ्कहरु द्विमासिक रुपमा प्रकाशित हुदै आएका छन् । हालसम्म निरन्तर रूपमा प्रकाशित हुदै आएको 'हिमाली गुराँस' को मुख्य उद्देश्य नेपालीभाषा साहित्यको जगेर्ना र सम्वर्द्धन गर्नु रहेको छ । प्रस्तुत शोधपत्रमा नेपाली भाषा साहित्यमा विशिष्ट योगदान पुऱ्याउन सफल विविध साहित्यिक लेख रचनाहरूको विस्तृत चर्चा गरिएको छ ।

यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय खण्ड राखिएको छ। यसमा शोध शीर्षक,विषय परिचय, शोधपत्रको प्रयोजन, शोधसमस्या, शोधको उद्देश्य, शोधको सीमा, शोधपत्रको रूपरेखा र पूर्वकार्यको समीक्षा आदि विषयहरू राखिएका छन् । यस परिच्छेदमा नेपाली भाषा र साहित्यका क्षेत्रमा यस पत्रिकाले पुऱ्याएको योगदानको मूल्याङ्कन गरी ‘हिमाली गुराँस’ लाई प्रकाशनमा ल्याइनुको उद्देश्य चर्चा गरिएको छ । नेपाली साहित्यका क्षेत्रमा विभिन्न रचनाहरूका माध्यमबाट वि.सं.२०५४ देखि हालसम्म अनवरत रूपमा अघि बढिरहेको ‘हिमाली गुराँस’ को योगदानको विस्तृत अध्ययन र विश्लेषण गरी यसको उचित मूल्याङ्कन गर्नु नै शोधपत्रको औचित्य रहेको कुरा चर्चा गरिएको छ । यस शोधपत्रको दोस्रो परिच्छेदमा प्रकाशित सामाग्रीहरूको कालक्रमिक रुपमा वर्गीकरण गरिएको छ ।‘हिमाली गुराँस’ मा प्रकाशित विविध सामाग्रीहरूमध्ये कविता,कथा नाटक,संस्मरण, समालोचना, मौलिक लेखहरू आदिको प्रकाशन गरिएको जानकारी प्रस्तुत गरिएको छ । यस शोधपत्रको तेस्रो परिच्छेदमा ‘हिमाली गुराँस’ मा प्रकाशित पद्य रचनाहरूको विस्तृत चर्चा गरिएको छ। ‘हिमाली गुराँस’ मा उल्लेखित पद्य रचनाहरुले समसामयिक परिवेशसित प्रभावित आजको मानिसले भोग्नु परेको पीडा, समाजमा विद्यमान विकृति विसङ्गति, प्रणयभाव यौनकुण्ठा, निराशता र परिवर्तगामी रचनाहरु उल्लेख गरेका छन् । विषयवस्तुगत प्रवृति तथा शिल्प संरचनाका आधारमा पद्य रचनाहरुको विश्लेषण गरिएको छ । विषयवस्तुगत प्रवृति तथा शिल्प संरचनाका आधारमा मात्र नभएर भावनात्मक उच्चताका दृष्टिले पद्य रचनाहरु उत्कृष्ट छन् भन्ने कुरा पनि यस परिच्छेदमा  चर्चा गरिएको छ । चौथो परिच्छेदमा ‘हिमाली गुराँस’मा प्रकाशित गद्य रचनाहरुको विश्लेषण गरिएको छ । यसलाई पनि विषयवस्तुगत प्रवृति तथा शिल्प संरचनाका आधारमा विश्लेषण गरिएको छ । गद्य विधा अन्तर्गत कथा, निवन्ध,नाटक,समालोचना,संस्मरण जस्ता विधाहरुको बारेमा चर्चा गरिएको छ । साथै ‘हिमाली गुराँस’पत्रिकाले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको बारेमा पनि चर्चा गरिएको छ।

नेपाली पत्रपत्रिकाको परम्परामा ‘हिमाली गुराँस’को प्रकाशन निकै महत्त्वपूर्ण रहेको छ। ‘हिमाली गुराँस’ पत्रिकाले सबै खालका स्रष्टालाई नेपाली भाषा र साहित्यका

क्षेत्रमा स्थान दिएको  छ । त्यसकारण यो पत्रिका नवोदित प्रतिभाहरु देखि लिएर बौद्धिक स्तर सम्म रुचिको विषय बन्न पुगेको छ । नेपाली साहित्यको विकासमा 'हिमाली गुराँस' ले निर्वाह गरेको भूमिकालाई ऐतिहासिक मूल्य र मानकका आधारमा विश्लेषण गर्दा यसले दिएको योगदान अविस्मरणीय रहेको देखिन्छ साथै यसको महत्त्वपूर्ण ऐतिहासिक मूल्य पनि रहेको देखिन्छ । यसरी नेपाली साहित्यको सेवामा महत्वपूर्ण योगदान पुऱ्याउने 'हिमाली गुराँस' आशालाग्दो भविष्य बोकेको साहित्यिक पत्रिका हो भन्न सकिन्छ । वि.सं.२०५४ देखि अनवरत रुपमा प्रकाशनमा आएको 'हिमाली गुराँस' पत्रिका नेपाली भाषा साहित्यको विकासका लागि कोशे ढुङ्गा सावित हुन सक्ने सम्भावित  भविष्य बोकेको पत्रिकाको रुपमा देख्न सकिन्छ ।

## ५.२ निष्कर्ष

'हिमाली गुराँस'पत्रिकाले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदान अविस्मरणीय छ भन्न सकिन्छ । विभिन्न समस्याहरुका बावजुद पनि व्यक्तिगत पहलमा आरम्भ गरिएको यस साहित्यिक पत्रिकाको बारेमा निम्न निष्कर्षहरु निकाल्न सकिन्छ :

१. 'हिमाली गुराँस'पत्रिकाले सबै खालका स्रष्टाहरुलाई नेपाली भाषा र साहित्यको क्षेत्रमा स्थान दिएको छ । जसले गर्दा साहित्यानुरागीहरुमा एउटा चासोको विषय बनेको छ ।

२. नेपाली साहित्यको क्षेत्रमा देखा परेका कथा, कविता, गीत, गजल, मुक्तक, हाइकु, निवन्ध, नाटक, समालोचना, संस्मरण जस्ता सम्पूर्ण विधालाई समेट्न सक्नु  यसको महत्वपूर्ण पक्ष हो भन्न सकिन्छ ।

३. नेपाली साहित्यको सेवामा महत्वपूर्ण योगदान पुऱ्याउने 'हिमाली गुराँस'पत्रिका आशा लाग्दो भविष्य बोकेको साहित्यिक पत्रिका हो जसले निरन्तर रुपमा साहित्यिक रचनाहरु प्रकाशित गर्दै आएको छ ।

४. वि.सं.२०५४ सालदेखि अनवरतः नेपाली भाषा साहित्यको विकासका लागि रचनाहरू प्रकाशन गर्दै बाँचिरहेको 'हिमाली गुराँस'को भविष्य पनि उज्ज्वल देखिन्छ ।

५. वर्तमान समयमा देशमा बढेको हत्या, हिंसा, आतङ्क, दमन, शोषण, नारी उत्पीडन, बलात्कार र राजनैतिक विसङ्गति जस्ता समस्याबाट पिल्सिएका नेपाली जनताहरूको यथार्थ चित्रण गर्ने रचना र त्यसबाट मुक्ति दिलाउने सन्देश दिनुका साथै राष्ट्रप्रेम, मायाप्रेम, देशभक्ति र प्रकृति प्रेमको चित्रण गरिएका रचनाहरूले यस पत्रिकामा महत्वपूर्ण स्थान पाएका छन् ।

६. साहित्यका क्षेत्रमा कलम चलाउने राष्ट्रिय स्तरका स्थापित प्रतिभाहरूका साथै उदीयमान नवीन प्रतिभाहरूका रचनालाई समेत स्थान दिन सफल यो पत्रिका विस्तारै आफ्नो  सफलताको गोरेटोमा हिड्न सफल वनेको छ ।

७. आफ्नो उद्देश्यबाट विचलित नभई निरन्तर रूपमा प्रकाशित हुँदै आएको यस पत्रिकाले नयाँ पुस्ताका रचनाकारहरूलाई स्थापित गराउने र स्थापित स्रष्टाहरूका रचनाहरूको प्रकाशन गर्ने कार्य गरेको छ । समग्रमा यसले नेपाली साहित्यको स्तरवृद्धि र विस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पुष्टि हुन्छ ।

# सन्दर्भग्रन्थ सूची

## पुस्तकहरू


अधिकारी, हेमाङ्गराज (२०६३), **प्रयोगात्मक नेपाली शब्दकोश** (दो.स.), काठमाडौंः विद्यार्थी प्रकाशन ।

गिरी, जीवेन्द्र देव (२०६३), **भाषाविज्ञानः भाषा र भाषिका** (प.सं.), काठमाडौं : एकता बुक्स हाउस ।

थापा, हिमांशु (२०४२), **साहित्य परिचय** (दो.सं.), ललितपुरः साझा प्रकाशन ।

देवकोटा, ग्रीष्मबहादुर (२०५१), **नेपालका छापाखाना र पत्र-पत्रिकाका इतिहास** (दो.सं.), ललितपुरः साझा प्रकाशन ।

पन्त, भरतराज (२०५६), **नेपाली अलङ्कार परिचय** (प.सं.), काठमाडौं : नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा) (२०३४), **साझा समालोचना** (दो.सं),. ललितपुरः साझा प्रकाशन ।

रिसाल, राममणि (२०५८), **नेपाली काव्य र कवि** (पाँ.सं.), ललितपुर : साझा प्रकाशन ।

रेग्मी, मुरारी प्रसाद (२०५०), **मनोविश्लेषणात्मक समालोचना** (दो.सं.), काठमाडौं : साझा प्रकाशन ।

वराल, ईश्वर र अन्य. (२०५५), **नेपाली साहित्यकोश** (प.सं.), काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४९), **नेपाली साहित्यको संक्षिप्त इतिहास** (चौ.सं.), काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६७), **नेपाली कथा** (चौ.सं.), ललितपुर : साझा प्रकाशन ।

शर्मा, गोपीकृष्ण (२०५२), **नेपाली निबन्ध परिचय,** (सा.सं.), काठमाडौंः रत्न पुस्तक भण्डार।

शर्मा, तारानाथ (२०५१), **नेपाली साहित्यको इतिहास** (ते. सं.), काठमाडौं : नवीन प्रकाशन।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६२), **शोधविधि** (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०५९), **कथाको सिद्धान्त र विवेचना** (प.सं.), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०६१), **नेपाली समालोचना परम्परा र प्रवृत्ति** (प.सं.), काठमाडौँ : पाठ्यसामग्री पसल ।

सुवेदी, राजेन्द्र (सम्पा.) (२०५१), **स्नातकोत्तर नेपाली कथा,** ललितपुरः साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५१), **स्नातकोत्तर नेपाली निबन्ध**, काठमाडौं (चौ.सं.), पाठ्य सामग्री पसलः प्रकाशन ।

## शोधपत्रहरू

अधिकारी, उषा (२०५५), 'नेपाली साहित्यमा माधवी पत्रिकाको योगदान' स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि. वि. ।

थापा, प्रणिता (२०६२), 'नेपाली साहित्यमा गोधुलि पत्रिकाको योगदान' स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि. वि. ।

पोखरेल, भरतकुमार (२०५४), 'नेपाली साहित्यमा तन्नेरी पत्रिकाको योगदान' स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि. वि. ।

पौडेल, शेषकान्त (२०५४), 'नेपाली साहित्यमा गरिमा पत्रिकाको योगदान' स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि. वि. ।

भट्राइ त्रिलोचन (२०६७), 'नेपाली साहित्यमा राष्ट्रभाषा पत्रिकाको योगदान' स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि. वि. ।

## पत्रपत्रिकाहरू

गिरी, बालिका र अन्य(सम्पा.). 'दोभान' (वर्ष १ अङ्क १ देखि वर्ष ९ अङ्क २ सम्म), काठमाडौँ : अनामनगर, २०५७-६५ ।

भट्टराई, यादव. साहित्य र जीवनको दोभानमा गोठाले, 'रोडम्याप', काठमाडौँ : वर्ष १, अङ्क २५, २०६१ ।

## परिशिष्टाङ्क

# 'हिमाली गुराँस' पत्रिकाको अध्ययनमा केही प्रसङ्गहरु

### क) 'हिमाली गुराँस' को दर्ता प्रसङ्ग

कुनै पनि पत्र पत्रिकालाई औपचारिक रुपमा प्रकाशन गर्नको लागि त्यसलाई सम्वन्धित निकायमा दर्ता गर्नु पर्ने कानुनी व्यवस्था नेपाल सरकारको छ जस अनुरुप 'हिमाली गुराँस' साहित्यिक पत्रिका काठमाडौं जिल्ला प्रसाशन कार्यालयको दर्ता नं. १४१ मा २०५४/२०५५ मासिकको रुपमा दर्ता भै यसको पहिलो अङ्क २०५४ सालमै निकालिएको पाइन्छ । यो पत्रिकालाई सम्पादकको चाहना वमोजिम १/४ साइजमा निकालेर पाठक सामु प्रस्तुत गरेको पाइन्छ ।

साहित्यिक पत्रिका 'हिमाली गुराँस' का सम्पादक खिमानन्द पोखरेलका अनुसार यसलाई प्रेस काउन्सीलले पनि वर्ग 'ख' मा राखी दिएको छ । ०५४/०५५ सालवाट प्रकाशन गर्न शुरु गरेको यो पत्रिका २०६८/६९ सालसम्मे ३८ अङ्क पुरा गरी सकेको छ । 'हिमाली गुराँस' पत्रिका दर्ता गर्नुको मुख्य उद्देश्य भनेको नेपाली साहित्यको सेवा, सुरक्षा तथा सम्पादकको साहित्य प्रतिका चासो र तिब्र इच्छा चाहना नै हो भन्ने बुझ्न सकिन्छ ।

### ख) 'हिमाली गुराँस'को नामकरण प्रसङ्ग

कुनै पनि नयाँ कुराको जन्म भएपछि त्यसको नामकरण गर्नु अनिवार्य हुन्छ । यस्तै २०५४ सालमा जन्मिएको पत्रिकाको बारेमा चर्चा गर्दा यस पत्रिकाको नाम 'हिमाली गुराँस' नै किन राखियो ? भन्ने विषयमा विभिन्न जिज्ञासा वा विचारहरू उत्पन्न हुन सक्छन् । यसै सन्दर्भमा 'हिमाली गुराँस' शब्दको शाब्दिक अर्थ त्यति गहिरो नभई प्रष्ट नै छ । यसै सन्दर्भमा यस पत्रिकाका सम्पादक तथा प्रकाशकको विचारलाई आधार मान्नु उपयुक्त देखिन्छ । उनकै शब्दमा भन्दा "मैले यो भन्दा पहिले 'लाली गुराँस' पत्रिका को

सम्पादक भएर काम गरेको थिएँ । म जिम्मेवार भएर उक्त पत्रिका १० - १२ अङ्क सम्म छापेँ र सम्वन्धित व्यक्तिसंग पत्रिकाको सम्पूर्ण जिम्मा मलाई दिनु पऱ्यो ( प्रकाशन सहितको ) भन्ने कुरा राखेँ तर उहाँले मान्नु भएन र यस्तै नाम खोज्ने शिलशिलामा अन्तिमको गुराँसलाई माया गर्न मन लाग्यो । नाम खोज्दै जाँदा मलाई हिमाली गुराँस उपयुक्त लाग्यो र यस्तो नामाकरण गर्न पुगेको हुँ । आज भोली मलाई यो नाम देखि गर्व लागिरहन्छ ।"

यस किसिमको उच्च अर्थ बोकेको महिमामयी शब्दका आधारमा 'हिमाली गुराँस' पत्रिकाको नामकरण गरिएको छ । यस शब्दले ग्रहण गरेको अर्थअनुसार यस पत्रिकाले पनि नेपाली भाषा र साहित्य हिमालमा फुलेको गुराँस जस्तै बनेको छ भन्ने उद्देश्यले उक्त नाम चयन गरिएको थियो । जुन उद्देश्यका साथ यस पत्रिकाको नामकरण गरिएको छ, त्यसरी नै यस पत्रिकाले प्रकाशनको प्रारम्भिक समयदेखि हालसम्म यस पत्रिकाले नेपाली भाषा साहित्यका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउँदै आएको छ । यसमा प्रकाशित नेपाली साहित्यका विविध विधाहरूले गर्दा यो पत्रिका साहित्यिका पाठकहरू र अन्य विविध विषयमा जानकारी राख्ने पाठकहरूका बीच लोकप्रिय बन्दै गएको छ । साहित्यिक सिर्जनाप्रति चासो राख्ने स्रष्टाहरूलाई प्रेरणा प्रदान गर्नुका साथै पाठकहरूलाई साहित्यप्रति आकर्षित गर्ने कार्यमा पनि यस पत्रिकाले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यो पत्रिका हालसम्म पनि नियमित रूपमा प्रकाशित भई पाठकहरूका बीच लोकप्रिय बन्दै गएको छ । युवा पिढीका र नवोदित स्थापित एवं चर्चित साहित्यकारहरूका रचनाहरूलाई प्राथमिकताका साथ प्रकाशित गर्नु, प्रकाशन तथा व्यवस्थापन पक्षसँग सम्बद्ध व्यक्तिहरूमा युवा वर्गको सक्रिय सहभागिता रहनु, पत्रिकालाई निरन्तर स्तरीय र पठनीय बनाउँदै लैजानुले पनि उक्त पत्रिकाको नाम 'हिमाली गुराँस' सार्थक देखिन्छ ।

## ग) 'हिमाली गुराँस' को प्रकाशन

नेपालमा साहित्यिक पत्रपत्रिकाको प्रकाशनले लामो समय पार गरिसकेको र साहित्यका विभिन्न विधाहरूको विकासमा समेत थुप्रै पत्र-पत्रिकाहरूले ऐतिहासिक महत्त्वको योगदान पुऱ्याएको सन्दर्भमा 'हिमाली गुराँस' पत्रिकाको प्रकाशन आरम्भ भएको हो । व्यक्तिगत प्रयासबाटै भए पनि पत्रिकाको प्रकाशन गरी नेपाली वाङ्मयलाई सुदृढ पार्ने उद्देश्यले वि.सं. २०५४ मा यात्रारम्भ गरेको 'हिमाली गुराँस' पत्रिका सुरु सुरुका समयमा मासिक भएता पनि पछि गएर द्वैमासिक पत्रिका बन्न पुगेको हो ।

'हिमाली गुराँस' पत्रिकाले साहित्यका विविध विधाहरूमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै हालसम्मै पनि नियमित रूपमै प्रकाशित भइरहेको छ । यस पत्रिकाले नेपाली साहित्यका कथा, कविता, नाटक, निवन्ध, समालोचना, संस्मरण, समीक्षा, गीत लगायत विभिन्न विधाहरुमा महत्त्वपूर्ण सामग्रीहरू प्रकाशित गरी नेपाली भाषा र साहित्यको बहुआयामिक विकासमा विशिष्ट योगदान पुऱ्याउँदै आएको छ । साहित्यिक विधाका अतिरिक्त फाटफुट रूपमा साहित्येतर विधाहरू पनि प्रकाशन गरेको छ ।

## घ) 'हिमाली गुराँस'को उद्देश्य

कुनै पनि कार्य गर्नुका पछाडि निश्चित उद्देश्य रहेको हुन्छ । 'हिमाली गुराँस' पत्रिका प्रकाशनको पनि निश्चित उद्देश्य अवश्य नै रहेको छ । 'हिमाली गुराँस'को उद्देश्य हो साहित्यिक रचनाहरु प्रकाशन गरी साहित्यलाई सेवा गर्नु रहेको छ ।साहित्यमा रुचि राख्ने व्यक्तिहरु तथा स्थापित साहित्यकारहरुको एउटै मञ्च बनाएर नयाँलाई प्रश्रय दिनु र स्थापितको सहायता लिनु तथा 'हिमाली गुराँस'लाई परिस्कृत गर्नु नै यसको उद्देश्य रहेको देखिन्छ ।

नेपाली साहित्यिक पत्रकारिताको क्षेत्रमा देखापरेका समस्याहरूलाई यथाशक्य समाधान गर्ने लक्ष्यका साथ प्रकाशित भएको 'हिमाली गुराँस' पत्रिका मूलतः साहित्यिक पत्रिका हो । साहित्यिक भएर पनि विविध वर्ग जमात वा विषयका पाठकहरूलाई महत्त्व

दिएर उनीहरूको रूचि र आवश्यकताको कदर गर्दै  जीवनका बहुपक्षीय आयामबाट कुनै पनि पाठक वञ्चित हुनु नपरोस् भन्ने उद्देश्यले 'हिमाली गुराँस' पत्रिका प्रकाशित भएको हो । त्यसैअनुरूप 'हिमाली गुराँस' पत्रिकामा प्रंकाशित भएका साहित्यिक सामग्रीहरूबाट यसको उद्देश्य स्पष्ट हुन्छ । एउटा पत्रिकाभित्र साहित्यका सम्पूर्ण विधाहरूको प्रतिनिधित्व गराएर साहित्यको बहुआयमिक पक्षको उन्नतिमा टेवा पुऱ्याउने उद्देश्यले प्रकाशित यो पत्रिकाले हालसम्म पनि आफ्नो उद्देश्यलाई निरन्तरता दिइरहेको छ ।

### ङ) 'हिमाली गुराँस'मा दिइएका सम्पादकीय अभिव्यक्तिहरू

प्रायः सबै पत्रिकाहरुमा सम्पादकीयलाई पत्रिकाको आधार स्तम्भका रुपमा राखिएको पाइन्छ । जसमा सम्पादकले आफ्नै पत्रिकासँग सम्बद्ध तथा अन्य विषयवस्तु प्रति आफ्ना बिचारहरूलाई ठोस रूपमा व्यक्त गरेको हुन्छ । पत्र-पत्रिकामा रहेको सामग्री भन्दा सम्पादकीय अभिव्यक्ति भिन्न खालको हुने गर्दछ । अन्य पत्रिकामा जस्तै यस पत्रिकामा पनि सम्पादकीयले निरन्तरता पाएको छ । सम्पादकीय 'हिमाली गुराँस' पत्रिकाको स्थायी स्तम्भ हो । 'हिमाली गुराँस' को सम्पादकीयमा लेखिएका अभिव्यक्तिहरूले कला, जीवन, साहित्य, संस्कृति तथा राजनीतिसँग सम्बन्धित विषयवस्तुलाई कुनै न कुनै रूपमा आलोचनात्मक ढङ्गबाट टिप्पणी गरेको देखिन्छ । साथमा साहित्यिक पाठकहरुको सम्बोधन सँग पनि सम्पादकीय सम्बन्धित रहेको पाइन्छ । आफ्ना रचनाहरूमा साहित्यकारले जति स्वतन्त्रता पाउन सक्छ त्यति स्वतन्त्रता भने पत्रिकाको सम्पादकले पाउन सक्दैन । जतातत‌ै अस्थिरता मौलाएको बेला साहित्य निरिह फगत सहारा विहिन भएर छटपटाएको अवस्थामा  साहित्यलाई माया र निरन्तरताको खाँचो हुन्छ । तसर्थ सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्न सम्पादकीयका माध्यमबाट सम्पादक यसरी आग्रह गर्न खोजेका छन् -

"जबसम्म साहित्यलाई माया गरेर अगाडि बढ्ने चेष्टा गरिदैन तबसम्म सहित्य निरिह फगत साहारा विहीन भएर छटपटाएर मन्द गतिमा अगाडी बढन वाध्य हुन्छ"

(सम्पादकीय, 'हिमाली गुराँस', वर्ष १४, अङ्क २९, २०६७ )

“हिमाली गुराँस मासिक पत्रिकले नयाँ नयाँ श्रृजनशील व्यक्तिहरुको सिर्जनालाई प्राथमिकता दिएर पत्रिका निकाल्ने प्रयास गरेको हुँदा तपाईहरु पनि अवश्य पर्नु हुनेछ भन्ने आशा गरेको छौं ।”

(सम्पादकीय, ‘हिमाली गुराँस’, वर्ष ९, अङ्क १९, २०६३)

“साहित्यकार कोमल फूलका नरम पत्रदल हुन । यिनै नरम पत्रदलका हजारौं केस्रा केस्राबाट निस्कने लाखौं सिर्जनाको मुहान नै साहित्य हो भन्ने वुझ्न आवश्यक ठान्नुपर्छ।”

(सम्पादकीय, ‘हिमाली गुराँस’, वर्ष १२, अङ्क १४, २०६६)

“स्रष्टाको कलम अत्यन्त तीखो हुन्छ यदि यसलाई जिस्काउन खोजेको खण्डमा यसले अवश्य पनि अरिङ्गालले जस्तै चिल्न सक्छ ।”

(सम्पादकीय, ‘हिमाली गुराँस’, वर्ष १२, अङ्क २३, २०६६)

यसरी ‘हिमाली गुराँस’ पत्रिकाका सम्पादकीय अभिव्यक्तिहरूलाई हेर्दा, यस पत्रिकाको मूल लक्ष्य भनेको नेपाली साहित्यका क्षेत्रमा योगदान पुऱ्याउने स्थापित भइसकेका प्रतिभा र नवीन प्रतिभाहरूलाई स्थान दिनु र साहित्यको विकासका लागि आ-आफ्नो क्षेत्रबाट सबै लाग्नु पर्ने कुरा स्पष्ट हुन आउँछ ।

## च) ‘हिमाली गुराँस’मा समाविष्ट विधाहरू

‘हिमाली गुराँस’ नेपाली साहित्यको सेवा गर्ने उद्देश्यले २०५४ सालदेखि प्रकाशन आरम्भ गरेको मासिक पत्रिका हो । यो पत्रिका प्रकाशन वर्षको थालनीदेखि हालसम्म आइपुग्दा विविध खुड्किलाहरू पार गर्दै पाठकसामु पुग्न सफल बनेको छ । साहित्यिक विधाहरूमा कथा कविता, समालोचना, समीक्षा, संस्मरण, नाटक, गीत, गजल जस्ता विधाहरूलाई प्रकाशित गर्न सफल भएको छ ।

साहित्यिक पत्रिका भएर पनि नेपाली साहित्यका सम्पूर्ण विधाहरूलाई समेटन सक्नु यस पत्रिकाको महत्त्वपूर्ण योगदान हो भने सबै विधाहरूलाई समेटेर पनि समान स्थान दिन नसक्नु यसको सीमा हो । यस पत्रिकामा जति मात्रामा कथा, कविता, समालोचना विधालाई महत्त्व दिएको छ त्यति अन्य विधालाई दिन सकिएको देखिंदैन ।

समग्रमा हेर्दा नेपाली साहित्यको श्रीवृद्धिमा लागेको यस 'हिमाली गुराँस' पत्रिकाले कथा, कविता, नाटक, निबन्ध, समालोचना, गीत, गजल, हाइकू, समीक्षा, अन्तर्वार्ताजस्ता विधाहरू प्रकाशन गरी नेपाली साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सफल भएको छ ।